नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट

सन्दर्भमा सुझावहरु

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

The Institute of Chartered Accountants of Nepal

(Established under the Nepal Chartered Accountants Act, 1997)

विषय सूची

खण्ड क : पृष्ठभूमि १

खण्ड खः सुझावहरुको कार्यकारी सारांश ३

खण्ड गः विस्तृत अध्ययन प्रतिवेदन ९

नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था तथा लेखा व्यवसायसँग सम्बन्धित विषयहरु ९

१. नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थालाई आयकर ९

२. लेखाव्यवसायको विकास ११

३. ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल (GAIN) परियोजना १३

४. सार्वजनिक वित्त व्यवस्थापन १५

उद्योग व्यवसाय तथा आर्थिक क्षेत्रसँग सम्बन्धित २०

५. व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग २०

६. सहकारी क्षेत्र २२

७. वित्त तथा पूँजी बजार २५

८. उत्पादनमुलक उद्योग र व्यापार २७

९. लगानी प्रवर्द्धन २९

१०. पर्यटन ३१

११. खनिज, वन पैदावार तथा जडिबुटी ३३

१२. करको दायरा वृद्धि ३५

१३. राजश्व वृद्धिको नयाँ श्रोत ३६

आर्थिक विधेयक, २०८३ को तर्जुमाको लागि सुझावहरु ३८

अनुसूची ६८

१. भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन ६८

२. व्यवसायिक कृषिमा कर छुटको लागि आयकर ऐन, २०५८ मा संशोधन ६८

खण्ड क : पृष्ठभूमि

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको परिचय :

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत स्थापित एक स्वायत्त र नियमनकारी निकाय हो। संस्थाले नेपालभित्र लेखा व्यवसायको प्रवर्द्धन, लेखा सम्बन्धी जनशक्ति उत्पादन, लेखापरीक्षणको लागि पेशागत प्रमाणपत्र प्रदान गर्ने र लेखा व्यवसायको नियमन गर्ने निकायको रुपमा कार्य गरिरहेको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११ (ण) मा उद्योग, वाणिज्य, अर्थ, राजश्व तथा लेखा व्यवसायसँग सम्बन्धित विषयका विभिन्न प्रचलित कानूनहरुको सुधारको निमित्त नेपाल सरकारलाई राय सुझाव दिने कर्तव्य संस्थाको परिषदको हुने भनेर उल्लेख भएको छ। उक्त व्यवस्था अर्न्तगत रही संस्थाले उद्योग, वाणिज्य, अर्थ, राजश्व तथा लेखा व्यवसायसँग सम्बन्धित विषयका विभिन्न प्रचलित कानूनहरुको सुधारको सम्बन्धमा नेपाल सरकारलाई समयसमयमा राय सुझाव दिने कार्य गर्दै आइरहेको छ।

नेपालमा चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदान गर्ने एकमात्र संस्थाको रुपमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले कार्य गर्दै आइरहेको छ र हाल करिब १५,००० विद्यार्थीहरु चार्टर्ड एकाउन्टेन्सी शिक्षाका विभिन्न तहहरुमा अध्ययनरत छन्। त्यसै गरी संस्थाले ९,५०० भन्दा बढी चार्टर्ड एकाउन्टेन्ट तथा दर्तावाला लेखापरीक्षकहरुलाई सदस्यता प्रदान गरी उनीहरुको दक्षता अभिवृद्धि गर्नुको साथै नियमनको कार्य समेत गर्दै आइरहेको छ।

संस्थाबाट पेशागत प्रमाणपत्र लिएका सदस्यहरुले कम्पनी ऐन, आयकर ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन लगायत विभिन्न ऐनमा उल्लेख भएबमोजिमका निकायहरुको लेखापरीक्षण, आय विवरण प्रमाणीकरण लगायत तोकिएका सेवा प्रदान गर्दै आइरहेका छन्। नेपालमा नीजि क्षेत्रमा वित्तीय अनुशासन कायम गर्ने कार्यमा संस्था तथा संस्थाका सदस्यहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन्। कुनै पनि निकायले नेपाल सरकार तथा नेपाल सरकार अर्न्तगतका निकायहरुमा पेश गर्नुपर्ने अधिकांश वित्तीय विवरणहरुका साथै सम्बन्धित आर्थिक विवरणहरु संस्थाका सदस्यहरुबाट लेखापरीक्षण/प्रमाणीकरण हुन अनिवार्य भएकोले नेपाल सरकारको कर सङ्कलन लगायत विभिन्न नियमन सम्बन्धी कार्यमा संस्थाले महत्वपूर्ण साझेदारको रुपमा रहँदै आइरहेको छ।

वित्त तथा कर प्रणालीको सुधारको लागि प्रतिवेदनको तयारी :

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(ण) को व्यवस्थालाई कार्यान्वयन गर्दै राष्ट्रको वित्त तथा कर प्रणाली सुधारको लागि माननीय अर्थमन्त्रीज्यू मार्फत नेपाल सरकारलाई सुझाव प्रदान गर्ने विषयमा अध्ययन गरी प्रतिवेदन तयार गर्नको लागि संस्थाको परिषदको ३६२ औं बैठकले निम्न बमोजिम कार्यदल गठन गरेको थियो।

सिए आनन्द राज शर्मा वाग्ले, उपाध्यक्ष	- संयोजक
सिए उमेश राज पाण्डेय, पार्षद	- सदस्य
सिए हेम कुमार काफ्ले, पार्षद	- सदस्य
आरए झलक मणि लम्साल, पार्षद	- सदस्य
सिए सन्तोष विष्ट, उप-निर्देशक	- सचिव

नेपाल सरकारको आ.व. २०८३/८४ को बजेट तर्जुमाको सन्दर्भमा उद्योग, व्यवसाय तथा समग्र आर्थिक क्षेत्रको विकास तथा विद्यमान आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, भन्सार महसुल ऐन र अन्तःशुल्क ऐनको क्षेत्रमा सुधार गर्दै समग्र अर्थतन्त्रमा सुधार गर्ने सम्बन्धमा सुझाव प्रदान गर्ने उद्देश्यले संस्थाले निम्न स्थानहरुमा नेपाल सरकार अर्न्तगतका विभिन्न कार्यालयका प्रतिनिधिहरु, उद्योग, व्यवसायका प्रतिनिधिहरु र संस्थाका सदस्यहरुसँग अन्तर्क्रिया कार्यक्रमहरु आयोजना गरेको थियो ।

क्र.सं.	स्थान	मिति	विषय
१.	विराटनगर	२०८२/१२/२७	उत्पादनमुलक उद्योग, सिमापार व्यापार र व्यावसायिक कृषि
२.	विरगंज	२०८२/१२/२७	उत्पादनमुलक उद्योग, सिमापार व्यापार र शिक्षा
३.	पोखरा	२०८२/१२/२६	पर्यटन, साना तथा मझौला उद्यम र उद्यमशीलता विकास
४.	चितवन	२०८२/१२/२८	व्यवसायिक कृषि र कृषिमा आधारित उद्योगहरू
५.	बुटवल	२०८२/१२/२७	उत्पादनमुलक उद्योग तथा सेवा क्षेत्र
६.	नेपालगंज	२०८२/१२/२४	उत्पादनमुलक उद्योग, साना तथा मझौला उद्यम
७.	धनगढी	२०८२/१२/२७	पर्यटन तथा व्यवसायिक कृषि
८.	काठमाण्डौं	२०८३/०१/०४	वित्तीय क्षेत्र तथा लगानी श्रृङ्खला
९.	काठमाण्डौं	२०८३/०१/०५	लेखा व्यवसाय र सोसँग सम्बन्धित विषयहरु
१०	काठमाण्डौं	२०८३/०१/०६	उत्पादन, सेवा तथा पूर्वाधार क्षेत्र

संस्थाले विभिन्न क्षेत्रमा सञ्चालन गरेको अर्न्तक्रिया कार्यक्रम, सदस्यहरुबाट प्राप्त सुझावहरु तथा अन्तराष्ट्रिय असल अभ्यासको अध्ययन समेतको आधारमा यस कार्यदलले वित्त तथा कर प्रणालीमा सुधार गर्नुपर्ने विषयहरु समेटेर प्रतिवेदन तयार गरेको छ ।

खण्ड खः सुझावहरुको कार्यकारी सारांश

नेपाल सरकारको आ.व. २०८३/८४ को बजेट तर्जुमाको सन्दर्भमा उद्योग, व्यवसाय तथा समग्र आर्थिक क्षेत्रको विकास तथा विद्यमान आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, भन्सार महसुल ऐन र अन्तःशुल्क ऐनको क्षेत्रमा सुधार गर्दै समग्र अर्थतन्त्रमा सुधार गर्ने सम्बन्धमा संस्थाले तयार गरेको अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्न बमोजिम रहेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा लेखा व्यवसायसँग सम्बन्धित सुझावहरु

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई आयकर

१. आयकर ऐन, २०५८ को दफा १० मा संशोधन गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत छुट्टै ऐनद्वारा कुनै पेशा वा व्यवसायको नियमन गर्ने गरी स्थापना भएका नियमनकारी निकायहरुको वचतमा आयकर नलाग्ने व्यवस्था गर्ने ।

२. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ६ मा संशोधन गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत छुट्टै ऐनद्वारा कुनै पेशा वा व्यवसायको नियमन गर्ने र चार्टर्ड एकाउन्टेन्सी शिक्षाको लागि संस्थाले प्रदान गर्ने शिक्षा तथा तालिममा मूल्य अभिवृद्धि कर छुट प्रदान गर्ने ।

लेखा व्यवसायको विकास :

१. नेपाली पहिले नीति अनुसार रु. ५ करोड सम्म सेवा शुल्क हुने पेशागत लेखा सेवाको करार नेपाली पेशागत व्यवसायिक फर्मबाट मात्र खरिद गर्ने व्यवस्था गर्ने । रु. ५ करोड रकम भन्दा माथिको सेवाको हकमा नेपाली पेशागत व्यवसायिक फर्मसँगको साझेदारी वा संयुक्त साझेदारी (ज्वाइन्ट भेन्चर) सम्झौताका आधारमा विदेशी फर्मले सेवा प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

२. लाभांश विदेश फिर्ता पठाउने सुविधा तथा वैदेशिक मुद्रा भुक्तानी सुविधाका लागि कर सम्बन्धित विषयमा ऐन सम्मत एकरुपता र प्रकृयागत अनुपालना यकिन गरी करदातालाई द्रुत सेवा प्रवाह गर्नका लागि अन्तराष्ट्रिय अभ्यास अनुरुप नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पेशागत सदस्यहरुबाट कर अनुपालन प्रमाण पत्रका आधारमा सुविधा प्रदान गर्ने व्यवस्था गर्ने । साथै नीतिगत रुपमा कर सम्बन्धित विवाद र कानूनी अस्पस्टता हुने परिस्थितिका लागि कर प्रशाशनका तर्फबाट जारी गरिने परिपत्र र लेखा व्यवसायिको अभ्यासलाई एकरुपता गराउन आन्तरिक राजस्व विभाग र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था बिच पारस्पारिक समन्वय समिति बनाई कार्य गर्ने ।

३. अन्तराष्ट्रिय अभ्यासअनुसार कर कानूनको विशेषज्ञको रुपमा मान्यता प्राप्त चार्टर्ड एकाउन्टेन्टहरुलाई राजश्व न्यायाधिकरणसम्म कर सम्बन्धी मुद्दामा प्रतिनिधित्व तथा बहस गर्न अनुमति दिनु उपयुक्त हुने । यस्तो व्यवस्था गरिएमा न्यायिक प्रणालीको क्षमता अभिवृद्धि हुने र करदाताहरुका मुद्दाहरुलाई झन् स्पष्ट र प्रभावकारीरुपमा प्रस्तुत तथा बुझ्न सहयोग पुग्ने । कर कानूनको अभिन्न अङ्गको रुपमा न्यायिक प्रक्रिया रहने भएको हुँदा अभ्यासरत चार्टर्ड एकाउन्टेन्टहरुलाई राजश्व न्यायाधिकरणमा वकालत गर्ने अधिकार प्रदान गर्ने व्यवस्था गर्ने ।

४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल परियोजना :

१. अकाउन्टिङ्ग आउटसोर्सिङ्ग सेवालाई उद्योगको रुपमा विकास गरी अकाउन्टिङ्ग आउटसोर्सिङ्ग उद्योगलाई देशको प्रमुख सेवा निर्यात उद्योग बनाउने नीति सरकारले लिने ।

२. लेखा, लेखापरीक्षण, कानून लगायतका ज्ञान बाह्य श्रोत व्यवस्थापनसँग सम्बन्धी व्यवसायहरूलाई सूचना प्रविधि सेवा सरह आयकर छुट सुविधा प्रदान गर्ने ।

३. अकाउन्टिङ्ग आउटसोर्सिङ्गलाई प्रोत्साहन गर्नका लागि परामर्श क्षेत्रमा विदेशी लगानी खुल्ला गर्ने । नेपालीको स्वामित्व कम्तीमा २० प्रतिशत भएको अवस्थामा लेखांकन बाह्य श्रोत सेवा उद्योगमा विदेशी लगानीको लागि अनुमति प्रदान गर्ने व्यवस्था गर्ने ।

४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

सार्वजनिक वित्त व्यवस्थापन

१. राजनीतिक दलले निर्वाचनको क्रममा आयोजनाहरु वाचाको रुपमा घोषणा गर्ने र ती वाचाहरुलाई राजनीतिक इच्छा शक्तिको आधारमा पर्याप्त विश्लेषण नभई छनौट भई कार्यान्वयनमा जाँदा परियोजनाहरु असफल भएको दृष्टान्तलाई मध्यनजर गर्दै योजना छनौट गर्नु पूर्व निर्णय सहयोग प्रणाली (Decision Support System), कार्यक्रम मूल्याङ्कन तथा समीक्षा विधि (Program Evaluation and Review Technique), निर्णायक मार्ग विधि (Critical Path Method) आदि उपकरणको प्रयोग गर्ने ।

२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका लेखापरीक्षण फर्मद्वारा प्रत्येक पालिकाको प्रत्येक आ.व.को अनिवार्य रुपमा स्वतन्त्र आन्तरिक लेखापरीक्षण गर्न कानूनी व्यवस्था गर्ने ।

३. रू. ५० करोडभन्दा माथिका सबै सार्वजनिक निजी साझेदार परियोजनामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका लेखा व्यवसायी फर्मद्वारा लागत लाभ मूल्यांकन गर्ने ।

<u>उद्योग व्यवसाय तथा आर्थिक क्षेत्रसँग सम्बन्धित सुझावहरु</u>

व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग :

१. कृषि र उद्योग सम्बन्धी फर्मलाई जग्गा हदबन्दी लागू नहुने कानूनी व्यवस्था गरी वृहत्तर व्यवसायिक कृषि र कृषिजन्य उद्योग प्रवर्द्धन गर्ने भूमि सम्बन्धी ऐन, २०२१ मा यसै प्रतिवेदनको **अनुसूची १** मा उल्लेख भए अनुसारको संशोधन गर्ने ।

२. सार्वजनिक वा निजी जमिनवाट बालीनाली उत्पादनमा मात्र नभई सम्पूर्ण किसिमका कृषि व्यवसाय (बालिनालि, पशुपालन, मत्स्यपालन लगायत अन्य सबै) लाई आयकर छुट/सहुलियत प्रदान गर्ने । व्यवसायिक कृषि व्यवसायलाई आयकर छुट दिनको लागि आयकर ऐन, २०५८ मा गर्नुपर्ने संशोधनका सम्बन्धमा यसै प्रतिवेदनको **अनुसूची २** मा उल्लेख गरिएअनुसार आवश्यक संशोधन गर्ने ।

३. करार खेतीलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कानूनी एव संस्थागत संरचना विकास गरी उद्योग वा प्रशोधनकर्तालाई आवश्यक पर्ने कृषि उत्पादन (कच्चा पदार्थ) निरन्तर, निश्चित मात्रामा र उच्च गुणस्तरमा उपलब्ध गराउने प्रणाली स्थापना गर्ने ।

४. व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग सम्बन्धी अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

सहकारी क्षेत्र :

१. सहकारी संस्थाहरुको सुपरिवेक्षण, अनुगमन लगायत नियमनलाई प्रभावकारी बनाउनको लागि कुनै एक निकायलाई मात्र जिम्मेवारी दिने ।
२. रु. ३० करोड भन्दा बढी बचत वा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था अनिवार्य गर्ने ।
३. सहकारीहरुमा प्राप्त भएको गैर बैङ्किग सम्पत्ति व्यवस्थापनको लागि सम्पत्ति व्यवस्थापन कम्पनी जस्ता विशेष प्रयोजनको संयन्त्र (Special Purpose Vehicle) स्थापनाको लागि नीतिगत व्यवस्था गर्ने ।
४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

वित्त तथा पूँजी बजार :

१. सार्वजनिक सम्पत्ति मौद्रिकीकरणमार्फत पुँजी परिचालन, राजस्व वृद्धि, पूर्वाधार विकास, ऋण निर्भरता घटाउने र आर्थिक वृद्धि तथा रोजगारी सुदृढ गर्ने ।
२. प्रवासी कोष स्थापना गरी विभिन्न परियोजनाहरुले उत्पादनमूलक क्षेत्रमा उययोग गर्ने ।
३. बैंकिङ्ग क्षेत्रमा खराब कर्जा बढेकोले आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न पाउने सिमा हाल ५ प्रतिशत रहेकोमा कट्टी गर्न पाउने सिमा वृद्धि गर्ने ।
४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

उत्पादनमुलक उद्योग र व्यापार :

१. औद्योगिक व्यवसाय ऐन, २०७६ र नेपाल राष्ट्र बैंकका निर्देशनबीच साना तथा मझौला उद्यमहरू, सूक्ष्म, साना तथा मझौला उद्यमहरू परिभाषा एकीकृत गरी स्थिर पुँजी, कारोबार, रोजगारी र वित्तीय जोखिमका आधारमा कानूनी रूपमा स्पष्ट गर्ने । साथै प्राथमिकता कर्जा नीति, कर्जा सुरक्षण कोष र बिना धितो कर्जा बिस्तार गर्दै साना तथा मझौला उद्यम एकद्वार प्रणालीमार्फत दर्ता, कर्जा र कर सुविधा एकीकृत रूपमा सञ्चालन गर्ने ।
२. धितोमा आधारित कर्जालाई परियोजनामा आधारित कर्जामा रूपान्तरण गर्दै व्यावसायिक लेखा प्रतिवेदनको आधारमा नगद प्रवाह, जोखिम मूल्याङ्कन, पारदर्शिता आदिमा आधारित उद्योगहरुलाई ऋण प्रवाह गर्ने व्यवस्था गर्ने ।
३. उधारो कारोबार असुली सम्बन्धी कानून निर्माण गरी तत्काल कार्यान्वयनमा ल्याउने ।
४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

लगानी प्रवर्द्धन :

१. सूचना तथा सञ्चार प्रविधि मन्त्रालय अन्तर्गत स्टार्टअप प्रवर्द्धनका लागि छुट्टै स्टार्ट अप तथा प्रवर्द्धन इकाई स्थापना गरी स्टार्ट अपलाई प्राथमिकतामा राख्ने नीति लागू गर्ने । साथै कृत्रिम बौद्धिकता (आर्टिफिसिएल इन्टिलिजेन्स), क्रिप्टो, ब्लक चेन लगायत उदाउँदा प्रविधिको अध्ययन र नीति निर्माणका लागि विशेषज्ञ सहित स्टार्टअप र प्रविधि नीति केन्द्रित एकाई गठन गरी समयमै नियमन, नवप्रवर्तन र लगानी वातावरण सुनिश्चित गर्ने ।

२. मूल्य हस्तान्तरण, विद्युतीय सेवा कर लगायत अन्तराष्ट्रिय करसँग सम्बन्धित कर प्रशासन व्यवस्थापन गर्नको लागि आन्तरिक राजश्व विभाग अर्न्तगत छुट्टै प्रशासनिक इकाईको स्थापना गर्ने । प्रत्यक्ष वैदेशिक लगानीकर्ताको लागि प्राथमिकता प्राप्त न्याय प्रणालीको व्यवस्था गर्ने ।

३. स्टार्ट अप व्यवसायमा रु. १० लाखसम्मको बीउ पुँजी लगानी गरेमा करयोग्य आय गणना गर्दा पाँच वर्ष भित्र मूल्य ह्रासको सिधा विधि (Straight Line Depreciation Method) मा खर्चकट्टी गर्न पाउने व्यवस्था गर्ने ।

४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

पर्यटन :

१. नेपाल सरकारले डिजिटल अर्थतन्त्र र पर्यटन बिस्तारलाई लक्षित गर्दै डिजिटल नोम्याड भिषा जारी गरी नेपाललाई रिमोट वर्कको लागि उपयुक्त गन्तव्यका रूपमा स्थापित गर्ने रणनीति अवलम्बन गर्ने । आयकर ऐन, २०५८ अन्तर्गत यस्ता व्यक्तिलाई गैर-बासिन्दा वर्गमा राखी विदेशी श्रोतको आयमा कर छुट प्रदान गर्ने व्यवस्था गर्ने ।

२. नेपाल सरकारले डेस्टिनेसन वेडिङ्गलाई गुणस्तरीय पर्यटनको रूपमा विकास गर्ने नीति अवलम्बन गर्ने ।

करको दायरा वृद्धि :

१. मूल्य अभिवृद्धि कर, भन्सार दर र आयकरलाई Laffer Curve ले सुझाव गरे अनुसार पुनरावलोकन गर्ने ।

२. करको अनुपालना गर्ने करदातालाई प्रोत्साहन स्वरुप कर परीक्षणको आवृत्तिलाई घटाउने ।

३. नीति स्थिरता सुनिश्चित गरी करदातामा विश्वास अभिवृद्धि गर्ने ।

४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

राजश्व वृद्धिको नयाँ श्रोत :

१. ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल परियोजना जस्ता सेवा निर्यात व्यवसायको प्रवर्द्धन गरी अर्थतन्त्रमा योगदान गर्ने,

२. पर्यटनमा आधारित नोम्याड भिषा तथा गेमिङ अर्थतन्त्रको प्रवर्द्धन गर्ने ,

३. कार्बन बजार तथा हरित वित्तमा आधाित अर्थतन्त्रको विकास गर्ने,

४. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

<u>आर्थिक विधेयक, २०८३ को तर्जुमाको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष करसँग सम्बन्धित सुझावहरु</u>

१. आयकर ऐन, २०५८ मा आयका चार शीर्षकहरु (व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभ) उल्लेख भएकोमा आयको पाँचौ शीर्षक 'पुँजीगत लाभ' थप गरी पुँजीगत सम्पत्तिको व्याख्या गर्दै पुँजीगत लाभको गणना, सोमा लाग्ने कर आदि सम्बन्धी विस्तृत व्यवस्थाहरु थप गर्ने एवं पुँजीगत लाभकर सम्बन्धी विद्यमान व्यवस्थाहरुमा आवश्यक समायोजन गर्ने ।

२. कुनै बासिन्दा निकायको पचास प्रतिशतभन्दा बढी शेयर स्वामित्व परिवर्तन हुँदा दफा ५७ बमोजिम निकायको सम्पत्ति तथा दायित्व निःसर्ग नहुने व्यवस्था गर्ने । यसका लागि निम्न बमोजिमको व्यवस्था गर्न आवश्यक छ :

क) दफा ४० को उपदफा (१) को खण्ड (ङ) लाई हटाउने ।

ख) बासिन्दा निकायको पचास प्रतिशत भन्दा बढी शेयर स्वामित्व परिवर्तन हुँदा विद्यमान दफा ५७ को उपदफा (२) बमोजिमको व्यवस्था मात्र लागु हुने व्यवस्था गर्ने ।

ग) कुनै बासिन्दा निकायको पचास प्रतिशत भन्दा बढी शेयर विदेशी निकायसँग रहेको र सो विदेशी निकायको नेपालमा अवस्थित बासिन्दा निकायमा रहेको लगानी त्यस विदेशी निकायको जम्मा सम्पत्तिको पचास प्रतिशत भन्दा बढी भएमा र सो विदेशी निकायको पचास प्रतिशत वा सो भन्दा बढी निहीत स्वामित्व परिवर्तन भएमा सो निकायको नेपाल अवस्थित कम्पनीको स्वामित्वको सम्पत्ति तथा दायित्वको निःसर्ग भएको मानिने व्यवस्था गर्ने ।

३. विदेशी लगानीलाई प्रोत्साहन गर्नको लागि गैर बासिन्दा व्यक्ति/निकायले नेपालमा रहेको निकायमा रहेको हितको निःसर्ग गर्दा लाग्ने लाभकरलाई घटाउने ।

४. निकायहरुले मुनाफालाई पुँजीकरण गरी बोनस शेयर जारी गर्दा आयकर नलाग्ने व्यवस्था गर्ने । त्यस्तो बोनस शेयर निःसर्गका बखत कुल निःसर्ग मूल्यलाई नै आय मानी आयकर लाग्ने व्यवस्था गर्ने । शेयर प्रिमियम रकमबाट बोनस शेयर वितरण गर्दा सम्बन्धित निकायलाई आयकर तिर्नुपर्ने व्याख्या भएकाले सो व्याख्याको कारण पुँजीमा समेत कर लाग्ने अवस्था सिर्जना भएकोमा सो व्यवस्था हटाउने ।

५. निकायहरूको मर्जर तथा प्राप्ति कार्यलाई कर तटस्थ बनाउने । निकायहरुको मर्जर तथा प्राप्तिमा कर नलाग्ने स्पष्ट कानूनी व्यवस्था गर्ने ।

६. नेपालले आफ्नो हितलाई मध्यनजर गरी अन्तरदेशीय र क्षेत्रीय व्यापार सम्झौताका प्रावधानहरु पुनरावलोकन गरी नेपाल आत्मनिर्भर र सामर्थ्य रहेका नेपाली कृषि उत्पादन तथा उद्योगहरुको संरक्षण र बजार सुनिश्चित हुने वातावरण निर्माणका लागि विभिन्न कृषि उत्पादनहरुको भन्सार महसुल पुनरावलोकन गर्नुपर्ने ।

७. भेन्चर क्यापिटल र प्राइभेट इक्विटीलाई आयकरमा लगानी कोष (म्युचुअल फण्ड) सरह छुट प्रदान गर्ने ।

८. स्वेट इक्विटी प्राप्त गर्ने व्यक्तिलाई स्वेट इक्विटी प्राप्त गर्दाको अवस्थामा आयकर नलगाई स्वेट इक्विटी निःसर्ग गर्दाको अवस्थामा आयकर लगाउने ।

९. प्रशासकीय पुनरावलोकनको निवेदन दिनको लागि विवादित रकमको पच्चीस प्रतिशत रकम धरौटी बुझाउनुपर्ने व्यवस्था रहेकोमा बैंक जमानतको आधारमा समेत निवेदन दिन सकिने व्यवस्था गर्न उपयुक्त हुने । यसरी धरौटी स्वरुप बुझाउनु पर्ने रकम घटाउने ।

१०. आयकर ऐन, २०५८ मा कर लेखापरीक्षण सम्बन्धी व्यवस्था गर्ने ।

११. वित्तीय विवरणको लेखापरीक्षण गरेको तथा कुनै परामर्श दिएकै आधारमा लेखापरीक्षकलाई मतियार मान्ने सम्बन्धी आयकर ऐन, २०५८ को दफा १२७ को व्यवस्थालाई हटाउने ।

१२. आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ र २ मा उल्लेखित प्राकृतिक व्यक्तिको करयोग्य आयको सिमा हरेका तीन वर्षमा मुद्रास्फितिको आधारमा परिवर्तन गर्ने नीति अवलम्बन गर्ने ।

१३. अर्थ मन्त्रालयबाट विभिन्न निकायहरुलाई प्रदान गरिने भन्सार, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर छुट सम्बन्धी नीतिमा परिमार्जन गर्नुपर्ने । अर्थ मन्त्रालयको निर्णय बमोजिम कर छुट प्रदान गर्ने भन्दा पनि सम्बन्धित ऐनमा नै कर छुट सम्बन्धी मापदण्डहरु उल्लेख गरी सो मापदण्डको अधिनमा रही कर छुट दिने कार्य शुरु गर्ने ।

१४. मूल्य अभिवृद्धि कर ऐनको वस्तु र सेवाको कारोबार गर्ने व्यक्तिलाई छुट्टाछुट्टै सीमा राख्ने व्यवस्था हटाई एकीकृत सीमा लागू गर्ने र हालको सीमालाई परिमार्जन गरी मूल्य अभिवृद्धि करमा दर्ता हुनको लागि आवश्यक सीमा रु. १ करोड कायम गर्ने ।

१५. मूल्य अभिवृद्धि कर प्रणाली अन्तर्गत प्रदान गरिने विभिन्न प्रकारका छुट, सुविधा तथा कर फिर्ताको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पूर्वाधार तथा प्रणाली विकास गर्ने ।

१६. हाल मूल्य अभिवृद्धि कर राजस्वको वितरण संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बिच हुने भए पनि मूल्य अभिवृद्धि कर फिर्ता गर्दा हाल संघीय सरकारले मात्र प्रक्रिया सञ्चालन गर्नुपर्ने व्यवस्था भएकाले एकीकृत कोष स्थापना गर्नु पर्ने ।

१७. मूल्य अभिवृद्धि कर ऐनको अनुसूची १ मा रहेका वस्तु तथा सेवाहरुमध्ये मूल्य अभिवृद्धि गणना गर्न नमिल्ने तथा प्राकृतिक व्यक्तिको आधारभूत आवश्यकतासँग सम्बन्धित बाहेक अन्य वस्तु तथा सेवाहरुलाई अनुसूचीबाट हटाउनु पर्ने ।

१८. मूल्य अभिवृद्धि करको अनुसूची-२ लगायतमा भएका सबै व्यवस्थाहरुको दुईअर्थी व्याख्या हुन सक्ने प्रावधानहरुलाई सरल बनाउनु पर्ने । उदाहरणको लागि नेपालबाट बाहिरको व्यक्तिलाई आपुर्ति हुने सेवा सम्बन्धी व्यवस्था ।

१९. विलासिताका वस्तु तथा सेवा र जन स्वास्थ्यमा प्रतिकुल असर गर्ने वस्तु तथा सेवामा बाहेक अन्यमा अन्तः शुल्क लाग्ने गरी भएका व्यवस्थाहरु संशोधन गर्ने ।

२०. अन्य सुझावहरु विस्तृत प्रतिवेदनमा खण्डमा उल्लेख गरिएको छ ।

खण्ड गः विस्तृत अध्ययन प्रतिवेदन

नेपाल सरकारको आ.व. २०८३/८४ को बजेट तर्जुमाको सन्दर्भमा उद्योग, व्यवसाय तथा समग्र आर्थिक क्षेत्रको विकास तथा विद्यमान आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, भन्सार महसुल ऐन र अन्तःशुल्क ऐनको क्षेत्रमा सुधार गर्दै समग्र अर्थतन्त्रमा सुधार गर्ने सम्बन्धमा तयार गरेको अध्ययन प्रतिवेदनको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा लेखा व्यवसायसँग सम्बन्धित विषयहरु

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई आयकर

पृष्ठभूमि :

नेपालमा बैंक तथा वित्तीय क्षेत्रको नियमन गर्नको लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ अर्न्तगत नेपाल राष्ट्र बैंक, बीमा क्षेत्रको नियमन गर्नको लागि बीमा ऐन, २०७९ अर्न्तगत नेपाल बीमा प्राधिकरण, पुँजी बजारको नियमन गर्नको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ अर्न्तगत नेपाल धितोपत्र बोर्ड, लेखा व्यवसायको नियमन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन अर्न्तगत नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको स्थापना भएको छ । यी निकायहरु सम्बन्धित ऐन अर्न्तगत स्वायत्त हिसाबले सञ्चालन हुने गर्दछन् । तत निकायहरुले के कस्तो कार्य गर्ने भनेर ऐनमा नै तोकिएको छ । ती कार्यहरु गर्नको लागि श्रोत जुटाउने व्यवस्था समेत ऐनमा नै गरिएको हुन्छ । संस्थाले यसरी सङ्कलन गर्ने श्रोत ऐनमा तोकिएबमोजिम कार्य गर्न र आफ्नो संस्थागत क्षमता अभिवृद्धि गर्न प्रयोग गर्ने गर्दछन् । संस्थाहरुले आफुलाई आवश्यक वित्तीय श्रोत सङ्कलन गर्न नसकेको अवस्थामा नेपाल सरकारले समेत आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने हुन्छ । यस्ता संस्थाहरु स्वायत्त नियमनकारी निकायहरु भएको कारण आफ्नो लागि आवश्यक वित्तीय श्रोत आफैं सङ्कलन गरी वित्तीय रुपमा सबल भएमा आफ्नो नियमनकारी भुमिका स्वायत्त हिसाबले पूरा गर्न सहयोग पुग्दछ । तसर्थ नेपाल राष्ट्र बैंक ऐनमा नेपाल राष्ट्र बैंकलाई कुनै पनि किसिमको कर नलाग्ने व्यवस्था गरिएको छ । आयकर ऐन, २०५८ को दफा १० मा समेत नेपाल राष्ट्र बैंकको आयमा आयकर नलाग्ने उल्लेख गरिएको छ तर आन्तरिक राजस्व विभागले बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था जस्ता नियमनकारी निकायहरुबाट केही वर्ष देखि आयकर सङ्कलन गरिरहेको छ ।

आयकर ऐन, २०५८ को दफा २ (ध) अनुसार नाफा नकमाउने उद्देश्यले स्थापना भएका विभिन्न संस्थाहरुलाई आयकरमा छुट प्रदान हुने गरेको छ तर राज्यको निश्चित उद्देश्य परिपूर्तिको लागि ऐनबाट स्थापित संस्थाको वचतमा भने आयकर लाग्ने व्यवस्था सिर्जना भएको छ ।

भारतमा आयकर ऐन, १९६१ को दफा १०(२३ए) मा कानून, चिकित्सा, लेखा, इन्जिनियरिङ, वास्तुकला आदि पेशाको नियमन, सुपरिवेक्षण गर्नको लागि स्थापित संस्थाको आम्दानीमा आयकर छुट हुने व्यवस्था गरेको छ ।

त्यसैगरी पाकिस्तानले आयकर ऐन, २००१ मार्फत नियमनकारी निकायहरुलाई आयकर छुट प्रदान गरेको छ ।

तसर्थ नियमनकारी निकायहरुलाई वित्तीय रुपमा सबल बनाई नियामकीय भूमिकालाई अझ सबल बनाउनको लागि यस्ता निकायहरुको वचतमा आयकर सङ्कलन गर्नु हुदैन । आयकर ऐन, २०५८ को दफा १० मा आवश्यक संशोधन गरी नियमनकारी निकायहरुको आयमा कर छुट प्रदान गर्ने व्यवस्था गर्न आवश्यक छ ।

अवस्था तथा समस्याको पहिचान :

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था राष्ट्रको आर्थिक विकास गर्नका निमित्त लेखाको महत्व तथा लेखा व्यवसायको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्न र लेखा व्यवसाय एवं लेखाको महत्वप्रति लेखा व्यवसायिको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धन गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन अन्तर्गत स्थापित संस्था हो । संस्थाले नेपालमा लेखा व्यवसायको नियमनकारी निकायको भूमिका निर्वाह गर्दै आइरहेको छ ।

आन्तरिक राजश्व विभागले निश्चित रकमभन्दा माथिको कारोबार गर्ने कुनै पनि व्यक्तिले पेश गर्ने आय विवरण नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखापरीक्षण गर्ने अनुमति प्राप्त लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्दछ भन्ने व्यवस्था गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर छुट प्राप्त निकायको रुपमा आन्तरिक राजश्व विभागमा दर्ता भई कारोबार गर्दै आईरहेकोमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट उक्त कर छुट प्राप्त प्रमाणपत्र आ.व. २०७४/७५ बाट नवीकरण नभएको कारणले संस्थाले आफ्नो वचतमा आयकर तिर्नुपर्ने भएको छ ।

सुझाव :

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा लेखा व्यवसायको विकासको लागि स्थापित भएको र संस्थाले नाफा कमाउने उद्देश्यले कुनै पनि कार्य नगर्ने तथा सम्पूर्ण आम्दानी दक्ष लेखा व्यवसायी उत्पादन गर्न र लेखा व्यवसायको नियमनमा खर्च गर्ने भएकोले उक्त कार्यका लागि पर्याप्त आर्थिक श्रोत सुनिश्चित गर्नका लागि संस्थाको वचतमा आयकर छुट दिन आवश्यक देखिन्छ ।

नेपला सरकारले एम.वि.वि.एस, इन्जिनियरिङ लगायत विभिन्न क्षेत्रमा प्राविधिक जनशक्ति उत्पादन गर्नको लागि हरेका वर्ष अर्बौ रुपैंया खर्च गरिरहेको परिप्रेक्ष्यमा नेपाल सरकारको कुनै पनि लगानी बिना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले हरेक वर्ष सयौं चार्टर्ड एकाउन्टेन्टहरु उत्पादन गरिरहेको छ । नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिका राख्ने लेखासम्बन्धी जनशक्तिको उत्पादन र लेखा व्यवसायको नियमनलाई थप सशक्त बनाउनको लागि संस्थाको वित्तीय अवस्थालाई मजबुत बनाउनको लागि संस्थाको वचतमा आयकर सङ्कलन गर्न उचित देखिदैन ।

आयकर ऐन, २०५८ को दफा २ (ध) अनुसार नाफा नकमाउने उद्देश्यले स्थापना भएका विभिन्न संस्थाहरुलाई आयकरमा छुट प्रदान हुने तर राज्यको निश्चित उद्देश्यको लागि ऐनबाट स्थापित संस्थाको वचतमा भने आयकर लाग्ने व्यवस्था उचित नदेखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई आयकर छुट प्रदान गर्ने गरी आयकर ऐनको दफा १० मा निम्न बमोजिम व्यवस्था गर्न आवश्यक देखिन्छ :

हालको दफा	**प्रचलित व्यवस्था**	**प्रस्तावित संशोधन**
आयकर ऐनको दफा १०	नभएको	(ढ) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको आय ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ६ मा निम्न बमोजिम व्यवस्था थप गर्ने ।

ङ) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत छुट्टै ऐनद्वारा कुनै पेशा/व्यवसायको नियमन गर्न स्थापित संस्था/निकायले प्रदान गर्ने चार्टर्ड एकाउन्टेन्सी शिक्षा लगायत अन्य शिक्षा तथा तालिम शुल्क ।

२. लेखाव्यवसायको विकास

पृष्ठभूमि :

नेपालमा लेखा व्यवसायको विकास आर्थिक पारदर्शिता, सुशासन तथा सार्वजनिक-निजी क्षेत्रको वित्तीय विश्वसनीयता सुदृढ गर्ने महत्वपूर्ण संस्थागत आधारका रूपमा विस्तार हुँदै गएको छ । हाल नेपालमा चार्टर्ड एकाउन्टेन्ट, दर्तावाल लेखापरीक्षक, लेखा प्राविधिक तथा अन्य लेखा सम्बन्धी पेशागत जनशक्ति मार्फत वित्तीय प्रतिवेदन, लेखापरीक्षण, कर परामर्श तथा व्यवस्थापकीय लेखा सेवाहरू प्रदान भइरहेका छन् । विशेषत: नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको स्थापनापछि लेखा व्यवसायको नियमन, योग्यता निर्धारण तथा पेशागत आचारसंहिता लागू गर्ने संस्थागत संरचना विकास भएको छ जसले वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तराष्ट्रिय मापदण्डसँग क्रमश: समन्वय गर्न सहयोग पुऱ्याएको छ ।

लेखा व्यवसायले सार्वजनिक वित्तीय व्यवस्थापन, कर प्रशासन, बैंक तथा वित्तीय संस्था, सहकारी, बीमा तथा निजी क्षेत्रको लेखाजोखा प्रणालीलाई व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । यसले वित्तीय सूचना पारदर्शिता, उत्तरदायित्व तथा निर्णय प्रक्रियामा विश्वसनीयता अभिवृद्धि गरेको छ । कर अनुपालनामा सुधार तथा सुदृढीकरणमा लेखा व्यवसायको योगदान उल्लेखनीय रहँदै आएको छ । वित्तीय प्रणालीको आधुनिकीकरणसँगै लेखा पेशाको दायरा विस्तार हुँदै गएको छ ।

हाल नेपालमा लेखा व्यवसायको विकासमा अझै पनि संरचनात्मक तथा गुणस्तरसम्बन्धी मुहत्वपूर्ण चुनौतीहरु विद्यमान छन् । ग्रामीण तथा निजी क्षेत्रमा योग्य पेशागत जनशक्तिको अभाव, पेशागत सदस्यहरुको स्तरोन्नति तथा क्षमताको अभिवृद्धिको आवश्यकता जस्ता विषयहरु समेत देखिएका छन् । डिजिटल लेखा प्रणालीको सीमित प्रयोग, निरन्तर व्यवसायिक शिक्षाको प्रभावकारी कार्यान्वयनमा कमी, लेखा तथा करसम्बन्धी साक्षरताको अभाव, र दक्ष लेखापालको कमीका कारण अनौपचारिक लेखा अभ्यासहरु बढ्न सक्ने देखिन्छ । यसले लेखापरीक्षणको स्वतन्त्रता र विश्वसनीयतामा जोखिम सिर्जना गरेका छन् । साथै नियामकहरु बिचको समन्वय तथा संस्थागत कार्यान्वयन संयन्त्रको विकास अपेक्षित स्तरमा हुन नसकेकोले समग्र पेशागत वातावरण अझ चुनौतीपूर्ण बनेको छ ।

यस सन्दर्भमा लेखाव्यवसाय नेपालको वित्तीय अनुशासन, कर प्रणालीको प्रभावकारिता तथा समग्र आर्थिक सुशासनका लागि अत्यन्त महत्वपूर्ण आधार हो । त्यसैले संघीय बजेट २०८३/८४ मा पेशागत क्षमता विकास, वित्तीय प्रतिवेदन प्रणालीको प्रभावकारी कार्यान्वयन, डिजिटल लेखापरीक्षण प्रणाली विस्तार, विधि विज्ञान लेखापरीक्षण (Forensic Audit) तथा जोखिममा आधारित लेखापरीक्षण प्रवर्द्धन तथा लेखा पेशाको गुणस्तर सुदृढीकरणमा केन्द्रित नीतिगत हस्तक्षेपहरू आवश्यक देखिन्छ । यसले वित्तीय प्रणालीमा पारदर्शिता वृद्धि, राजस्व चुहावट न्यूनीकरण तथा समग्र आर्थिक प्रणालीको विश्वसनीयता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

अवस्था तथा समस्याको पहिचान :

नेपालमा लेखा व्यवसायको विकास अपेक्षित रूपमा हुन नसक्नु आधुनिक पेशागत संरचनात्मक व्यवस्था अभाव हुनु पनि हो । लेखा, सूचना प्रविधि, कानून, इन्जिनियरिङ लगायतका पेशागत क्षेत्र बिच सहकार्य गर्न सकिने विषयहरु परामर्श सीमित दायित्व साझेदारी फर्म (Multi Disciplinary Limited Liability Partnership) (MD–LLP) को कानूनी आधार नहुँदा बहु पेशागत परामर्श फर्महरू विकास हुन सकेका छैनन् जसले विश्वस्तरीय परामर्श तथा समग्र व्यवसायिक सेवा विस्तारलाई सीमित बनाएको छ । साथै सरकारी तथा निजी क्षेत्रका ठूलो मूल्यका सेवा खरिदहरूमा नेपाली पेशागत व्यवसायीहरूको प्राथमिकता सुनिश्चित गर्ने स्पष्ट नीति नहुँदा ठूला परामर्श सेवाहरु विदेशी फर्मबाट प्रदान भइरहेको छ ।

लेखा व्यवसायलाई न्यायिक तथा नियामकीय प्रणालीसँग जोड्ने स्पष्ट संरचना नहुँदा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका दक्ष सदस्यहरूको विशेषज्ञता राजस्व न्यायाधिकरण जस्ता महत्वपूर्ण संस्थागत प्रक्रियामा उपयोग हुन सकेको छैन । बैंक तथा वित्तीय संस्था तथा बीमा कम्पनीहरूको शाखा स्तरमा अनिवार्य लेखापरीक्षण नहुनु र साना कारोबारमा लेखापरीक्षण अनिवार्यताको कठोर व्यवस्था कायम रहनुले पेशागत दक्षता र संसाधन उपयोगमा असन्तुलन सिर्जना गरेको छ । यसले लेखा व्यवसायलाई अनुपालनाकेन्द्रित संरचनामा सीमित राखी यसको जोखिम मूल्यांकन, सुशासन सुधार र आर्थिक निर्णय-सहयोग भूमिकालाई पूर्ण रूपमा विकास हुन नदिएको अवस्था देखिन्छ ।

सुझाव :

- लेखा, सूचना प्रविधि, कानून, इन्जिनियरिङ लगायतका पेशागत जनशक्ति समेटेर बहु-विषय परामर्श सीमित दायित्व साझेदारी फर्म (MD–LLP) ऐन निर्माण गरी एकीकृत परामर्शदाता कम्पनीहरू सञ्चालन गर्न कानूनी आधार तयार गर्ने ।
- नेपाली पहिला नीति अनुसार रु. ५ करोड सम्म सेवा शुल्क हुने पेशागत सेवा करार नेपाली पेशागत व्यवसायीहरुबाट खरिद गर्न अनिवार्य गर्ने । उक्त रकम भन्दा माथिको सेवाको हकमा नेपाली पेशागत व्यवसायीको कम्तीमा २० प्रतिशत हिस्सा रहने गरी संयुक्त उपक्रम मार्फत विदेशी फर्मले सेवा प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
- अन्तराष्ट्रिय अभ्यासअनुसार कर कानूनको विशेषज्ञको रुपमा मान्यता प्राप्त चार्टर्ड एकाउन्टेन्टहरुलाई राजश्व न्यायाधिकरणसम्म कर सम्बन्धी मुद्दामा प्रतिनिधित्व तथा बहस गर्न अनुमति दिनु उपयुक्त हुने । यस्तो व्यवस्था गरिएमा न्यायिक प्रणालीको क्षमता अभिवृद्धि हुने र करदाताहरुका मुद्दाहरुलाई झन् स्पष्ट र प्रभावकारी रुपमा प्रस्तुत तथा बुझ्न सहयोग पुग्ने । कर कानूनको अभिन्न अङ्गको रुपमा न्यायिक प्रक्रिया रहने भएको हुँदा अभ्यासरत चार्टर्ड एकाउन्टेन्टहरुलाई राजश्व न्यायाधिकरणसम्म वकालत गर्ने अधिकार प्रदान गर्ने व्यवस्था गर्ने ।
- राजश्व न्यायाधिरणको लेखा सदस्य नियुक्तिमा संस्थाको सदस्य नियुक्तिलाई प्राथमिकता दिने ।
- बैंक तथा वित्तीय संस्था एवम् बीमा कम्पनीका शाखा कार्यालयको लेखापरीक्षण अनिवार्य बनाउनु पर्ने ।
- निश्चित रकमभन्दा कम रकमको कारोबार भएका निकायहरुमा आय विवरण पेश गर्न अनिवार्य गरी लेखापरीक्षणलाई ऐच्छिक बनाउने ।
- लाभांश विदेश फिर्ता पठाउने सुविधा तथा वैदेशिक मुद्रा भुक्तानी सुविधाका लागि कर सम्बन्धित विषयमा ऐनसम्मत एकरुपता र प्रकृयागत अनुपालन यकिन गरी करदातालाई द्रुत सेवा प्रवाह गर्नका लागि अन्तराष्ट्रिय अभ्यास अनुरुप

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पेशागत सदस्यहरुबाट कर अनुपालन प्रमाणपत्रका आधारमा सुविधा प्रदान गर्ने व्यवस्था गर्ने । साथै नीतिगत रुपमा कर सम्बन्धित विवाद र कानूनी अस्पस्टता हुने परिस्थितिका लागि कर प्रशासनका तर्फबाट जारी गरिने परिपत्र र लेखा व्यवसायीका अभ्यासलाई एकरुपता गराउन आन्तरिक राजस्व विभाग र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था बिच पारस्परिक समन्वय समिति बनाई कार्य गर्ने ।

३. ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल (GAIN) परियोजना

पृष्ठभूमि :

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले "ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल" परियोजना मार्फत नेपाललाई लेखा, लेखापरीक्षण, कर आदिको परामर्श सेवा निर्यात गर्ने महत्वपूर्ण केन्द्र वा मूख्य स्थानका रूपमा विकास गर्ने रणनीतिक अघि सारेको छ । यस परियोजनाले पालमा चार्टर्ड एकाउन्टेन्ट, दर्तावाल लेखापरीक्षक, लेखा प्राविधिक, नेपालमा लेखामा स्नातक, अर्ध दक्ष व्यावसायिक लेखापाल आदिलाई समेट्दै ज्ञानमा आधारित सेवा निर्यात मार्फत वैदेशिक मुद्रा आर्जन गर्ने लक्ष्य राखेको छ । हाल नेपालको अर्थतन्त्र विप्रेषणमा अत्याधिक निर्भर रहेको र उत्पादनशील तथा सेवा निर्यात क्षेत्रमा अपेक्षित विस्तार हुन नसकेको सन्दर्भमा ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल परियोजना एक रूपान्तरणकारी पहलका रूपमा प्रस्ताव गरिएको हो ।

संस्थाले हाल लेखा व्यवसायको नियमन, गुणस्तर सुनिश्चितता, पेशागत क्षमता विकास तथा नेपाल वित्तीय प्रतिवेदन मान लगायत अन्तराष्ट्रिय लेखा तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड कार्यान्वयन गर्दै आइरहेको छ । नेपालको लेखा तथा वित्तीय सेवा क्षेत्र मुख्यत: स्थानीय निकायहरुको लेखा तथा लेखापरीक्षणमा सीमित रहेको छ । संस्थाले यस अवस्थालाई रूपान्तरण गरी नेपाललाई विश्वव्यापी बाह्य श्रोत परिचालन केन्द्र बनाउने, बहु-विषय परामर्श फर्महरू सीमित दायित्व साझेदारी फर्म विकास गर्ने तथा सूचना प्रविधि सरह सेवा निर्यातलाई संस्थागत मान्यता दिलाउने उद्देश्य लिएको छ । यसको लागि ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल परियोजना अघि सारिएको हो ।

अवस्था तथा समस्याको पहिचान :

आयकर ऐन, २०५८ को दफा ११(३ङ) मा व्यावसायिक प्रक्रिया आउटसोर्सिङ, इन्टरनेट मार्फत कम्प्युटिङ सेवा प्रदान गर्ने प्रविधि लगायतका सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०८४/८५ सम्म विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म लाग्ने करमा पचास प्रतिशत कर छुट हुने व्यवस्था रहेको छ । तर व्यावसायिक प्रक्रिया आउटसोर्सिङ, इन्टरनेट मार्फत कम्प्युटिङ सेवा प्रदान गर्ने प्रविधि, सूचना प्रविधिमा आधारित सेवाको व्याख्या ऐनमा गरिएको छैन । उक्त परिभाषामा लेखा तथा कानूनी सेवा आउटसोर्सिङलाई नसमेटिएकोले लेखा तथा कानूनी सेवा आउटसोर्सिङ व्यवसायले यस सुविधा पाउन सकेका छैनन् ।

नीतिगत सुधार तथा सरकारी संरक्षण हुन नसकेको अवस्थामा समेत अहिले नेपालमा रहेका लेखा आउटसोर्सिङ्ग सेवा प्रदायकहरुले वार्षिक ३० मिलियन अमेरिकन डलर भन्दा बढीको सेवा निर्यात गर्दै आइरहेका छन् जसले यस क्षेत्रको व्यापक सम्भावना देखाउदछ । पर्याप्त अर्ध दक्ष जनशक्ति, अंग्रेजी भाषामा दक्ष तथा लेखामा स्नातक गरेको जनसंख्याको वृद्धि, समान दर्जाका अन्य देशहरुको तुलनामा कम लागतमा सेवा प्रवाह गर्न सकिने भएकाले सम्बन्धित नीतिगत संरक्षण तथा प्रभावकारी

पूर्वाधार लगानीबाट यो क्षेत्रले देशको आर्थिक वृद्धिको मुख्य स्तम्भ बन्न सक्नेछ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल परियोजना स्थापित गराई नेतृत्व गरेको छ । नेपाल सरकारले यसलाई अपनत्व लिएमा मात्र अपेक्षित लक्ष्य हासिल गर्न सकिनेछ ।

नेपालमा सहायक तथा शाखा कम्पनी कार्यालय खोली विभिन्न अन्तराष्ट्रिय फर्महरुले लेखा तथा लेखापरीक्षण क्षेत्रमा बाह्य श्रोत सेवा प्रदान गर्न थाले पनि ठुलो लगानी सहित लेखा क्षेत्रमा बाह्य श्रोत सेवा अभ्यासको विकास हुनसकेको छैन ।

लेखा व्यवसाय क्षेत्रको विकासको लागि अत्यावश्यक मानिने पूर्वाधारको रुपमा उच्च गुणस्तरको इन्टरनेट तथा बिजुली रहेकोमा उच्च गतिको इन्टरनेट सेवा र अविछिन्न विद्युत आपुर्तिको सुनिश्चिता हुन सकेको छैन ।

विदेशमा शाखा कार्यालय खोल्ने व्यवस्था नहुनु, अन्तराष्ट्रिय भुक्तानीहरू प्राप्त गर्न कठिनाइ हुनु, पेशागत क्षतिपुर्ति विमा सहज नहुनु आदि यस क्षेत्रका अन्य समस्या हुन् ।

सुझाव :

- लेखा, लेखापरीक्षण, कानून लगायत व्यापार प्रक्रिया आउटसोर्सिङसँग सम्बन्धी व्यवसायहरूलाई सूचना प्रविधि सरह सेवा निर्यात क्षेत्रको रूपमा स्पष्ट कानूनी मान्यता प्रदान गरी आयकर छुट सुविधा प्रदान गर्नको लागि आयकर ऐनमा निम्नब बमोजिम संशोधन गर्ने ।

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
दफा ११(३ङ)	नेपलको श्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा देहाय अनुसारको छुट हुनेछ : ग) बिजनेस प्रोसेस आउटसोर्सिङ्ग, सफ्टवेयर प्रोगामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायत सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०८४/८५ सम्म विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म लाग्ने करमा पचास प्रतिशत ।	नेपलको श्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा देहाय अनुसारको छुट हुनेछ : ग) बिजनेस प्रोसेस आउटसोर्सिङ्ग, लेखा, लेखापरीक्षण, कानून लगायत नलेज प्रोसेस आउटसोर्सिङ्गसँग सम्बन्धित व्यवसाय, सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायत सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०९३/९४ सम्म विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म लाग्ने करमा पचास प्रतिशत ।

- उच्च गतिको इन्टरनेट, तथ्याङ्क सुरक्षा, प्लग एण्ड प्ले कार्य क्षेत्र तथा अविछिन्न विद्युत आपुर्ति सहित विशेष लेखा आउटसोर्सिङ क्षेत्र विकास गरी आउटसोर्सिङ प्रणाली निर्माण गर्ने ।
- उपभोक्ताको तथ्याङ्कको सुरक्षा गर्ने र "डिजिटल सम्पत्ति" अधिकारलाई परिभाषित गर्ने आधुनिक कानूनी रूपरेखा लागू गर्ने ।
- लेखा व्यवसाय फर्मले विदेशमा शाखा कार्यालय खोल्न तथा सो प्रयोजनको लागि विदेशी मुद्रा लैजान पाउने गरी कानूनी व्यवस्था गर्ने ।
- विश्वव्यापी भुक्तानी गेटवे, बहु-मुद्रा/विदेशी मुद्रा खाताका तथा सरल विदेशी भुक्तानी प्रणाली लागू गरी सेवा निर्यात कारोबारलाई सहज बनाउन नेपाल राष्ट्र बैंक मार्फत संरचनागत सुधार गर्ने ।
- अन्तराष्ट्रिय गेटवेहरू (जस्तै PayPal, Stripe) को कानूनी प्रवेश र एकीकरणलाई सहज बनाउने ।
- लेखा आउटसोर्सिङ प्रोत्साहन गर्नका लागि परामर्श क्षेत्रमा विदेशी लगानी खुल्ला गर्ने । नेपालीको स्वामित्व कम्तीमा २० प्रतिशत भएको अवस्थामा लेखा आउटसोर्सिङ सेवा उद्योगमा विदेशी लगानीको लागि अनुमति प्रदान गर्ने व्यवस्था गर्ने ।

४. सार्वजनिक वित्त व्यवस्थापन

पृष्ठभूमि :

नेपालमा सार्वजनिक वित्त व्यवस्थापन प्रणाली विगत केही वर्षदेखि संरचनात्मक सुधारको चरणमा रहेको छ । संघ, प्रदेश र स्थानीय तहमा बजेट विनियोजन, खर्च व्यवस्थापन, लेखा तथा लेखापरीक्षण सम्बन्धी अभ्यासहरू क्रमशः विस्तार हुँदै आएका छन् । सार्वजनिक खर्चको आकार बढ्दै गएको र संघीय संरचनामा ७५३ स्थानीय तहसम्म वित्तीय अधिकार विस्तार भएको तथा ठूला पूर्वाधार परियोजनाहरू सार्वजनिक निजी साझेदारी, प्रत्यक्ष विदेशी लगानी, बाह्य ऋण आदि मार्फत कार्यान्वयन हुने अवस्था विकसित हुँदै जाँदा वित्तीय पारदर्शिता, उत्तरदायित्व र जोखिम व्यवस्थापनको महत्व अझ बढेको छ ।

यस परिप्रेक्ष्यमा, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई अन्तराष्ट्रिय मापदण्ड अनुरूप सुदृढ गर्ने, लेखा तथा लेखापरीक्षण प्रणालीलाई एकरूपता र तुलनायोग्य बनाउने, तथा व्यावसायिक दक्ष जनशक्तिको प्रयोगमार्फत सुशासन अभिवृद्धि गर्ने उद्देश्य राखेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरूको प्राविधिक दक्षता, अन्तराष्ट्रिय लेखा मापदण्ड सम्बन्धी ज्ञान, तथा लेखापरीक्षण अनुभवलाई सार्वजनिक क्षेत्रमा संस्थागत रूपमा उपयोग गर्ने आवश्यकता महसुस गरिएको छ । यसै सन्दर्भमा, सार्वजनिक सम्पत्ति व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, कार्यसम्पादन लेखापरीक्षण, सार्वजनिक ऋण व्यवस्थापन, सार्वजनिक निजी साझेदारी अनुगमन, तथा राष्ट्रिय वित्तीय पारदर्शिता प्रणाली जस्ता क्षेत्रमा नीतिगत तथा संरचनात्मक सुधार आवश्यक देखिएको छ, जसलाई आगामी बजेट मार्फत कार्यान्वयन गर्न सकिने ठोस आधार तयार भएको छ ।

अवस्था तथा समस्याको पहिचान :

हालको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा देखिएका संरचनात्मक कमजोरीहरूले एकातर्फ वित्तीय अनुशासन, श्रोतको दक्ष उपयोग तथा परिणाममुखी खर्च व्यवस्थापनमा गम्भीर चुनौती सिर्जना गरेका छन् भने अर्को तर्फ आयोजनाका आवश्यकता र मागको विश्लेषण नहुने, वैकल्पिक समाधानका आयोजनाको उत्कृष्ट परीक्षण नगर्ने केवल राजनीतिक दलले

निर्वाचनको क्रममा गरेका वाचालाई दलको कार्य कुशलताका सूचक बनाइ आयोजनाहरु परियोजना बैंक प्रवेश गर्नाले ठूला तथा राष्ट्रिय गौरवका आयोजनाहरु असफल हुने गरेक छन् जसले सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमै खाडल रहेको संकेत गर्दछ । पुँजीगत बजेट उच्च दरमा विनियोजन भएपनि कार्यान्वयन चरणमा समयमै खर्च हुन नसक्नु, परियोजना तयारी तथा छनौट प्रक्रियामा प्रमाणमा आधारित मूल्याङ्कनको अभाव रहनु तथा राजनीतिक प्राथमिकताका आधारमा आयोजनाहरू समावेश हुनुका कारण सार्वजनिक लगानीको प्रतिफल न्यून रहिरहेको छ । साथै, बजेट प्रणाली अझै पनि तथ्याङ्क प्रविष्टिमा आधारित ढाँचामा सीमित रहँदा वास्तविक सेवा वितरण, गुणस्तर सुधार तथा आर्थिक प्रभाव मापन गर्न कठिनाई भइरहेको छ । सार्वजनिक ऋण व्यवस्थापनमा विनिमय दर जोखिम, महँगो वैदेशिक ऋण तथा ऋण उपयोगको दक्षतामा कमीले दीर्घकालीन वित्तीय स्थायित्वमा दबाब बढाइरहेको छ ।

यसका अतिरिक्त सार्वजनिक सम्पत्तिको जीवन चक्र व्यवस्थापन प्रणाली कमजोर रहँदा निर्माणपछि सञ्चालन तथा मर्मतमा पर्याप्त ध्यान नदिइएको परिणाम स्वरूप सम्पत्तिहरू समयपूर्व जीर्ण हुनु र पुनः लगानीको आवश्यकता पर्नुजस्ता समस्याहरू देखिएका छन् । अधिकांश स्थानीय तहमा स्वतन्त्र आन्तरिक लेखापरीक्षणको अभाव, कार्यसम्पादन लेखापरीक्षणको सीमित अभ्यास तथा बेरुजु व्यवस्थापनमा प्रभावकारी थप अनुगमन नहुनुले सुशासन र उत्तरदायित्वमा कमी ल्याएको छ । सार्वजनिक खरिद प्रणालीमा पारदर्शिता र डिजिटल प्रविधिको प्रयोगमा कमी, एकीकृत वित्तीय सूचना प्लेटफर्मको अभाव तथा विभिन्न निकायहरूबीच समन्वय कमजोर हुँदा निर्णय प्रक्रियामा ढिलाइ र सेवा प्रवाहमा प्रभावकारिता न्यून देखिन्छ । यी सबै समस्याहरूले समग्रमा सार्वजनिक खर्चको प्रभावकारिता घटाउँदै नागरिक विश्वासमा नकारात्मक असर पारिरहेकोले दीर्घकालीन आर्थिक रूपान्तरणका लक्ष्यहरू हासिल गर्न अवरोध सिर्जना गरिरहेको छ ।

सुझाव :

क) योजना माग तथा आवश्यकताको पर्याप्त विश्लेषण विना परियोजना छनौट

राजनीतिक दलले निर्वाचनको क्रममा आयोजनाहरु वाचाको रुपमा घोषणा गर्ने र ती वाचाहरुलाई राजनीतिक इच्छा शक्तिको आधारमा बिना विश्लेषण छनौट भई कार्यान्वयनमा जाँदा परियोजनाहरु असफल भएको दृष्टान्तलाई मध्यनजर गर्दै योजना छनौट पूर्व निर्णय सहयोग प्रणाली (Decision Support System), कार्यक्रम मूल्याङ्कन र समीक्षा प्रविधि (Program Evaluation and Review Technique), निर्णायक मार्ग विधि (Critical Path Method) आदि उपकरणको प्रयोग गर्न आवश्यक छ । यी उपकरणको प्रयोगको लागि नेपाल सरकारले परियोजना बनाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँगको सहकार्यमा कार्यान्वयन गर्न सक्ने ।

ख) संचालन तथा मर्मत बजेट र सार्वजनिक सम्पत्ति दर्ताको व्यवस्था

अवस्था तथा समस्या

नेपालमा भौतिक संरचना बनाउने प्रणाली छ तर मर्मत तथा संभार गर्ने प्रणाली छैन । स्वास्थ्य, शिक्षा, खानेपानी, सडक सबैमा संचालन तथा मर्मत संभार बजेट नहुँदा सार्वजनिक सम्पत्ति समयभन्दा छिटो जीर्ण हुने र पुनः निर्माणमा दोहोरो खर्च पर्न जाने अवस्था रहेको छ ।

सुझावः

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को धारा ३६ मा संशोधन गरी सबै नयाँ पुँजीगत परियोजनाका लागि निर्माण लागतको न्यूनतम दरमा संचालन तथा मर्मत बजेट अनिवार्य गर्ने । जस्तै स्वास्थ्य ३%, खानेपानी ५%, सडक ३%, विद्यालय २%, सिँचाइ ४% आदि ।
- संचालन तथा मर्मत बजेट अलग कोड तथा अलग खातामा राख्ने र अन्य शीर्षकमा स्थानन्तरण गर्न नपाइने ।
- महालेखा नियन्त्रक कार्यालय मार्फत सबै तहको सार्वजनिक सम्पत्ति दर्ताको लागि बजेट विनियोजन गर्ने ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका लेखा व्यवसायी फर्महरूद्वारा वार्षिक सम्पत्ति भौतिक परीक्षण गर्ने व्यवस्था गर्ने ।
- संचालन तथा मर्मत संभार प्रतिवेदन पेश नगर्ने निकायलाई पुँजीगत अनुदान रोक्ने ।

ग) सबै स्थानीय तहहरुको अनिवार्य आन्तरिक लेखापरीक्षण

अवस्था तथा समस्या

७५३ स्थानीय तहहरूले वार्षिक अर्बौं रुपैयाँ व्यवस्थापन गर्छन् तर अधिकांशमा स्वतन्त्र आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था छैन । सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व २०२४ ले यसलाई प्रणालीगत जोखिमको रूपमा पहिचान गरेको छ ।

सुझावः

- आ.व. २०८३/८४ बजेटमार्फत प्रत्येक पालिकाका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका लेखापरीक्षण फर्मद्वारा वार्षिकरुपमा स्वतन्त्र आन्तरिक लेखापरीक्षण गर्न अनिवार्य गर्ने कानूनी व्यवस्था गर्ने ।
- विशेष वित्तीय हस्तान्तरणबापत अलग बजेट कोडमा प्रति पालिका रू. ५-१० लाखको बजेट विनियोजन गर्ने ।
- जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नभएमा अर्को वित्तीय हस्तान्तरण किस्ता रोक्ने ।

घ) सार्वजनिक लेखा समिति सुधार तथा लेखापरीक्षण टिप्पणीको प्रभावकारी अनुगमन

सुझावः

- सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेश भएको १८० दिनभित्र समीक्षा र विश्लेषण गरी आवश्यक निर्देशन जारी गर्नुपर्ने वैधानिक समय सीमा कायम गर्ने ।
- सार्वजनिक लेखा समिति सचिवालयका लागि छुट्टै दक्ष पेशागत मानव संसाधन, कानूनी सल्लाहकार र लेखापरीक्षण अनुगमन सफ्टवेयरको व्यवस्था गर्ने । महालेखा नियन्त्रक कार्यालय मार्फत सार्वजनिक अनलाइन लेखापरीक्षण समाधान पोर्टल भौतिक बेरुजु, जिम्मेवार निकाय, कारवाही र समाधान स्थितिको विवरण त्रैमासिकरुपमा अद्यावधिक गर्ने र नागरिकलाई पहुँच हुने किसिमको कायम गर्ने ।
- सार्वजनिक लेखा समितिको प्राविधिक क्षमता विकासमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सहयोग गर्ने ।

ङ) सार्वजनिक वित्तीय नियन्त्रक सेवा समूहको स्थापना

सुझावः

- वार्षिक रू. ५० करोडभन्दा बढी बजेट भएका सबै सार्वजनिक निकाय, नगरपालिका, सार्वजनिक उद्यम, स्वायत्त एजेन्सी, प्रादेशिक निकाय, संघीय मन्त्रालयमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यलाई वित्तीय नियन्त्रकको रुपमा नियुक्ति गर्ने व्यवस्था गर्ने ।
- नेपाल निजामति सेवाभित्र छुट्टै 'सार्वजनिक क्षेत्र लेखा समुह' स्थापना गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यलाई नियुक्त, पेशागत वृत्तिको अवसर र उचित पारिश्रमिकको व्यवस्था गर्ने ।

च) सार्वजनिक वित्त व्यवस्थापन र खरिद प्रमाणीकरण प्लेटफर्मको स्थापना

सुझावः

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सार्वजनिक वित्त व्यवस्थापन प्रमाणीकरण पाठ्यक्रमलाई राष्ट्रियरुपमा विकास गर्न बजेट विनियोजन गर्ने । बजेट कार्यान्वयन, आन्तरिक नियन्त्रण, संघीय वित्त, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) प्रतिवेदन र कार्यसम्पादन जवाफदेहितामा सार्वजनिक विशेष क्षेत्रको लागि तयार वित्तीय नेतृत्वको विकास गर्ने ।
- सार्वजनिक वित्त व्यवस्थापन प्रमाणीकरण पाठ्यक्रम मार्फत सार्वजनिक खरिद योजना, बोलपत्र मूल्याङ्कन, करार प्रशासन आदिमा दक्षता अभिवृद्धि गर्ने ।

छ) सार्वजनिक-निजी साझेदारी (PPP), वातावरणीय सामाजिक तथा सुशासन (ESG) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (PDMO) मा आवश्यक सुधारस

सुझावः

- रू. ५० करोडभन्दा माथिका सबै सार्वजनिक-निजी साझेदारी परियोजनामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका लेखा व्यवसायी फर्मद्वारा अनिवार्य लागत प्रतिफल मूल्याङ्कन गर्ने ।
- सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन संशोधन मार्फत लागत औचित्यता, आकस्मिक खर्चको व्यवस्थापन र लेखापरीक्षण सुनिश्चित गर्ने ।
- अन्तराष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान बोर्डको Sustainability Reporting Standard 1 (IPSASB SRS १) (जनवरी २०२८ देखि प्रभावकारी) अवलम्बन गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सार्वजनिक वित्त व्यवस्थापन समितिलाई अध्ययन अनुदानको लागि बजेट विनियोजन गर्ने ।

ज) सार्वजनिक ऋण व्यवस्थापन

सुझावः

- नेपाल अति कम विकसित देशबाट विकासोन्मुख देशको रुपमा स्तरोन्तरिपछि विभिन्न वैदेशिक ऋण बढ्न सक्ने भएकोले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई स्वतन्त्र, दक्ष र पारदर्शी बनाउँदै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुको विशेषज्ञतालाई सार्वजनिक ऋण व्यवस्थापनमा प्रयोग गर्ने ।

- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वार्षिक ऋण व्यवस्थापन प्रतिवेदन संघीय संसदमा अनिवार्य पेश गर्नुपर्ने व्यवस्था गर्ने । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका लेखा व्यवसायी फर्मद्वारा प्रतिवेदनको समीक्षा गर्ने व्यवस्था गर्ने ।

झ) राष्ट्रिय वित्तीय पारदर्शिता पोर्टल

सुझावः

- वित्तीय व्यवस्थापन सूचना प्रणाली विस्तार गरी नागरिक पहुँचयोग्य राष्ट्रिय वित्तीय पारदर्शिता पोर्टल निर्माण गरी वास्तविक समयमा स्थानीय तहहरुको खर्च, परियोजना प्रगति, राजस्व लक्ष्य आदिको जानकारीमा सार्वजनिक पहुँच बनाउने ।
- वित्तीय जोखिम रजिस्टर तयार गरी सार्वजनिक उद्यम, आकस्मिक दायित्व, सार्वजनिक-निजी साझेदारी ग्यारेन्टी, उप राष्ट्रिय (Sub National) उधारो, निवृत्तभरण दायित्व आदिको विवरण वार्षिक रुपमा सार्वजनिक गर्ने ।
- रू. ५० लाखभन्दा माथिको सबै खरिदको बजेट स्वीकृति, करार, भुक्तानी र सम्पन्न प्रमाणीकरणसम्मको एकीकृत डिजिटल सूचना आवद्धता अनिवार्य गर्ने ।

ञ) नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनिवार्य अवलम्बन

सुझावः

- संघीय सरकार, प्रदेश र स्थानीय तहहरूले फरक फरक ढंगले लेखा हिसाब राख्ने गरेका छन् । उनीहरुले पूर्णरुपमा नेपाल सार्वजनिक क्षेत्र लेखामानको अवलम्बन गरेका छैनन् । तुलनायोग्य लेखा बिना एकीकृत वित्त असम्भव भएको र बेरुजु न्यूनीकरण असम्भव रहेकोले प्रस्तुत बजेट मार्फत तीन वर्षे नेपाल सार्वजनिक क्षेत्र लेखा मापमान रुपान्तरण अनुदानको व्यवस्था गर्ने प्रादेशिक तथा स्थानीय तहहरुलाई प्रणाली स्तरोन्नति, कर्मचारी तालिम र प्राविधिक सल्लाहकार सहयोग प्रदान गर्ने ।
- महालेखा नियन्त्रक कार्यालयले आ.व. २०८५/८६ देखि वित्तीय समानीकरण अनुदान पाउन नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुपका वित्तीय विवरण अनिवार्य गर्ने परिपत्र जारी गर्ने ।

उद्योग व्यवसाय तथा आर्थिक क्षेत्रसँग सम्बन्धित

५. व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग

पृष्ठभूमि :

नेपालमा व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग क्षेत्र देशको अर्थतन्त्रको प्रमुख आधारमध्ये एक हो जसले कुल गार्हस्थ उत्पादनमा करिब २४-२५ प्रतिशत योगदान पुऱ्याउँदै आएको छ । करिब ६० प्रतिशतभन्दा बढी जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि क्षेत्रमा आश्रित रहेको छ । कृषि क्षेत्रले खाद्यान्न उत्पादन, कच्चा पदार्थ आपूर्ति तथा ग्रामीण रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेलेको छ भने कृषिजन्य उद्योगहरूले (दुग्ध, खाद्य प्रशोधन, चिया, कफी, जडिबुटी, अन्न प्रशोधन आदि) आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याएका छन् । यद्यपि कृषि क्षेत्रमा औपचारिक वित्तीय पहुँच सीमित रहेको र बैंक तथा वित्तीय संस्थाहरूको कुल कर्जा प्रवाहमा कृषिको हिस्सा तुलनात्मक रूपमा न्यून रहेकाले यस क्षेत्रको आधुनिकीकरण र विस्तारमा अवरोध सिर्जना गरेको छ ।

व्यवसायिक कृषि तथा कृषिजन्य उद्योगहरूले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन, रोजगारी सिर्जना गर्न तथा गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विशेषतः करार खेती, कृषि प्रशोधन उद्योग र कृषि आपूर्ति श्रृंखला विकास मार्फत किसानको आम्दानी वृद्धि, बजार पहुँच विस्तार तथा उत्पादनको व्यवसायीकरण सम्भव भएको छ । सरकारी पहलहरू अन्तर्गत कृषि यान्त्रिकीकरण, बीउ-बिजन सुधार, सिँचाइ विस्तार, सहुलियतपूर्ण कृषि कर्जा तथा अनुदान कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएका छन् । साथै, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जस्ता कार्यक्रमहरूले विशिष्ट बाली/उत्पादन क्षेत्रको विकासमा सहयोग पुऱ्याएका छन् । यस क्षेत्रले खाद्य सुरक्षा सुनिश्चित गर्न, आयात निर्भरता घटाउन तथा निर्यात योग्य उत्पादन प्रवर्द्धन गर्न रणनीतिक महत्व राख्दछ ।

पछिल्लो समय व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग क्षेत्रले संरचनात्मक तथा नीतिगत चुनौतीहरू सामना गरिरहेको छ । सानो र खण्डीकृत जमिन, बजार संरचनाको कमजोरी, भण्डारण तथा प्रशोधन पूर्वाधारको अभाव, मूल्य अस्थिरता तथा आपूर्ति श्रृंखलाको कमजोरी प्रमुख समस्याका रूपमा रहेका छन् । वित्तीय पहुँचको अभाव, जोखिम व्यवस्थापन प्रणाली (जस्तै कृषि बीमा) को सीमित प्रभावकारिता तथा उत्पादन-बजार समन्वयको अभावले किसान र उद्योगबीचको सम्बन्धलाई कमजोर बनाएको छ । साथै नीति कार्यान्वयनमा समन्वयको कमी तथा अनुदान वितरणमा असमानताले अपेक्षित परिणाम हासिल हुन सकेको छैन ।

यस सन्दर्भमा व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग क्षेत्र नेपालको दिगो आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा आयात प्रतिस्थापनका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र रहँदै आएको छ । त्यसैले संघीय बजेट २०८३/८४ मा यस क्षेत्रलाई उच्च प्राथमिकता दिँदै कृषि-उद्योग एकीकरण, मूल्य श्रृंखला विकास, वित्तीय पहुँच विस्तार, पूर्वाधार विकास तथा जोखिम व्यवस्थापन सुदृढीकरणतर्फ केन्द्रित नीतिगत हस्तक्षेपहरूले उत्पादनशीलता वृद्धि, किसानको आय अभिवृद्धि तथा समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ ।

अवसर तथा समस्याको पहिचान :

नेपालमा व्यवसायिक कृषिको विकास गर्ने सम्बन्धमा विद्यमान अवसर तथा समस्याहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

नेपालमा व्यवसायिक कृषि विकासका सन्दर्भमा भूमि व्यवस्थापन, संरचनागत बाधा तथा नीतिगत स्पष्टताको अभाव प्रमुख समस्याका रूपमा देखा परेका छन् । भूमि सम्बन्धी ऐन, २०२१ अन्तर्गतको हदबन्दी व्यवस्थाका कारण ठूलो परिमाणमा कृषियोग्य जग्गा एकीकृत गरी व्यवसायिक कृषि सञ्चालन गर्न कठिन भएको छ भने विभिन्न व्यक्तिको स्वामित्वमा स-साना कित्तामा विभाजित जग्गाले ठूलो परिमाणको व्यवसायिक कृषिलाई अवरोध गरेको छ । त्यसैगरी, देशबाट युवा शक्ति बाहिरिने क्रममा ठूलो परिमाणमा जमिन बाँझो रहँदा कुन क्षेत्रमा कति जमिन उपयोगविहीन छ भन्ने यथार्थ विवरण स्थानीय तहसँग उपलब्ध छैन । दीर्घकालीन लिज प्रणाली सहज नभएकाले निजी क्षेत्रको कृषि लगानी प्रभावित भएको छ भने ठूला कृषि फर्महरूलाई पुँजी बजारमार्फत वित्त परिचालन गर्ने स्पष्ट नीतिको अभावले क्षेत्रगत वृद्धि सीमित भएको छ । उत्पादनपछि न्यूनतम समर्थन मूल्य सुनिश्चितताको अभाव, किसानदेखि उपभोक्तासम्मको लामो आपूर्ति श्रृंखला तथा बिचौलिया संरचनाले किसानले उचित मूल्य नपाउने अवस्था विद्यमान छ ।

यसका अतिरिक्त कृषि क्षेत्रमा प्रविधि, अनुसन्धान तथा जोखिम व्यवस्थापनसँग सम्बन्धित संरचनागत कमजोरीहरू पनि उत्तिकै गम्भीर छन् । कृषिमूलक अनुसन्धान, आधुनिक प्रविधि प्रयोग तथा अन्तराष्ट्रिय स्तरको कृषि एक्सिलेन्स केन्द्रको अभावले उत्पादकत्व वृद्धि र व्यवसायीकरणमा बाधा पुऱ्याएको छ । गुणस्तर नियन्त्रणको कमीका कारण निम्नस्तरका बीउ आयात भई उत्पादनमा नकारात्मक असर परेको छ भने रसायनयुक्त मलखादमा अत्यधिक निर्भरता बढ्दा दीर्घकालीन रूपमा भूमि क्षयीकरण तथा वातावरणीय असर देखिन थालेको छ । साथै साना तथा मझौला कृषकका लागि सिँचाइ र विद्युत लागत उच्च हुनु, कृषकले उत्पादन बिक्रीपश्चात भुक्तानी जोखिम व्यहोर्नु तथा उत्पादन सम्भावना भएका क्षेत्रहरूको अध्ययन भए तापनि व्यावसायिक कार्यान्वयन नहुनु जस्ता समस्याहरूले कृषि क्षेत्रको समग्र विकासलाई अवरुद्ध गरिरहेका छन् ।

नेपालमा कृषिजन्य उद्योग विकासका सन्दर्भमा महत्वपूर्ण अवसर हुँदाहुँदै पनि संरचनागत र प्रक्रियागत अवरोधहरूका कारण अपेक्षित प्रगति हुन सकेको छैन । देशका विभिन्न क्षेत्रमा धान, गहुँ, मकै, उखु लगायतका कृषि उत्पादन ठूलो परिमाणमा हुने भए पनि पर्याप्त प्रशोधन उद्योगको अभावमा किसानहरू कच्चा उत्पादन कम मूल्यमा बेच्न बाध्य छन् जसले मूल्य अभिवृद्धि र आम्दानी वृद्धि दुबैमा नकारात्मक प्रभाव पारिरहेको छ । साथै विभिन्न सरकारी निकायहरुमा सीमित जनशक्तिका कारण कृषि तथा पशुजन्य उत्पादनहरूको प्रशोधन तथा उत्पादन अनुमति लगायत उद्योग दर्ता तथा अनुमति प्रक्रियामा अत्याधिक ढिलाइ हुने गरेकोले नयाँ उद्योग स्थापनामा अवरोध सिर्जना भई उद्यमशीलता र लगानी प्रवाहलाई निरुत्साहित गरेको छ ।

सुझाव :

- नेपाल सरकारले आधुनिक कृषिलाई प्रोत्साहन गर्नका निम्ति नक्सा सुधार गर्ने नीति बनाउन आवश्यक देखिन्छ । अहिले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भएका अधिकांश जग्गाको नक्साहरु व्यवसायिक कृषिलाई सुहाँउदो

नभएकोले नमिलेका जग्गाका नक्साहरुलाई मिलाई व्यवसायिक प्रयोजनको लागि उपयुक्त हुने किसिमका जग्गा तयार गर्नको लागि सरकारले नीति तर्जुमा गर्न आवश्यक रहेको छ ।

- कृषि फर्मले जग्गा आर्जन गर्नका लागि हदबन्दीको सीमा नलाग्ने व्यवस्था गर्नको लागि भूमि सम्बन्धी ऐन, २०२१ मा अनुसूची १ मा उल्लेख भएअनुसारको संशोधन गर्ने ।
- सार्वजनिक वा निजी जमिनवाट बालीनाली उत्पादनमा मात्र नभई सम्पूर्ण किसिमका कृषि व्यवसाय (बालिनालि, पशुपालन, मत्स्यपालन लगायत अन्य सबै) लाई आयकर छुट/सहुलिएत प्रदान गर्ने । व्यवसायिक कृषि व्यवसायलाई आयकर छुट दिनको लागि आयकर ऐन, २०५८ मा गर्नुपर्ने संशोधनलाई अनुसूची २ मा प्रस्तुत गरिएको छ ।
- किसानहरूको लागि बजार र उद्योगहरूको लागि कच्चा पदार्थको ग्यारेन्टी गर्न करार खेतीको अवधारणा विकास गर्ने ।
- व्यवसायिक कृषिको लागि श्रोत जुटाउन सहज गर्ने उद्देश्यले व्यवसायिक कृषि फर्महरुले हरित बन्ड जारी गर्न पाउने व्यवस्था गर्ने । यसरी व्यवसायिक कृषि फर्महरुले जारी गर्ने हरित बन्ड खरिद गर्ने व्यक्ति/निकायलाई उक्त बन्डबाट प्राप्त आयमा कर छुट प्रदान गर्नको लागि आयकर ऐन, २०५८ मा संशोधन गर्ने ।
- कृषि उद्योगमा पुँजीगत खर्चको लागि आवश्यक पुँजी जुटाउनको लागि परियोजना संचालन गर्नुपूर्व नै सार्वजनिक शेयर निष्कासन गर्न सहज वातावरण बनाउने ।
- नेपालभित्र अन्तराष्ट्रियस्तरको खाद्य प्रयोगशाला निर्माण गर्ने र उत्पादित बिउ, खाद्य पदार्थ एवं अन्य जडिबुटीहरूलाई अन्तराष्ट्रियस्तरको प्राङ्गारिक र गुणस्तर प्रमाणपत्र प्रदान गर्न निर्मित प्रयोगशालाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- कृषि अनुदानको पारदर्शिता कायम गर्नको लागि खरिद पश्चात किसानहरूको बैंक खातामा सिधै भुक्तानी गर्ने बायोमेट्रिक लिङ्क गरिएको डिजिटल अनुदान प्रणाली लागू गर्ने ।
- ड्रोन नीतिमा उदारीकरण गरी व्यवसायिक कृषिको लागि ३० के.जी. सम्मको ड्रोनको प्रयोगको लागि सरलीकृत इजाजतपत्रको व्यवस्था गर्ने ।
- कृषि क्षेत्रमा तीनै तहका सरकारले प्रदान गरेको विभिन्न किसिमका अनुदानहरुको प्रभावकारिता, दक्षता र मितव्ययिताको सम्बन्धमा कार्यसम्पादन लेखपरीक्षण गर्ने व्यवस्था गर्ने ।
- कृषि उद्यमीहरूको क्षमता, अनुभव र सञ्चालन इतिहासको आधारमा वित्तमा सहज पहुँच सुनिश्चित गर्न योग्यता (मेरिट) मूल्याङ्कन प्रणाली लागू गर्ने ।

६. सहकारी क्षेत्र

पृष्ठभूमि :

नेपालमा सहकारी क्षेत्र हाल व्यापकरूपमा विस्तार भएको आर्थिक संरचना हो, जसअन्तर्गत करिब ३५,००० भन्दा बढी सहकारी संस्था र करिब ७० लाखभन्दा बढी सदस्य आबद्ध रहेका छन् । सहकारीहरू बचत तथा ऋण, कृषि, दुग्ध, उपभोक्ता, उत्पादन तथा बहुउद्देश्यीय क्षेत्रमा सक्रिय छन् । विशेषत: बचत तथा ऋणले वित्तीय समावेशीकरणमा महत्वपूर्ण योगदान गर्दै बैंकिङ्ग पहुँच नपुगेका वर्गमा बचत परिचालन र ऋण प्रवाहको प्रमुख माध्यमका रूपमा काम गरेका छन् । विभिन्न अध्ययन अनुसार सहकारी क्षेत्रले नेपालको कुल गार्हस्थ उत्पादनमा करिब ३-५ प्रतिशत योगदान

पुऱ्याउने तथा कुल घरेलु बचत र ऋण प्रवाहमा उल्लेखनीय हिस्सा ओगट्ने देखिन्छ । कृषि क्षेत्रमा सहकारीमार्फत कच्चा पदार्थ आपूर्ति, उत्पादन संकलन र बजार पहुँच विस्तार भई ग्रामीण अर्थतन्त्रमा गुणक प्रभाव सिर्जना भएको छ ।

सहकारी क्षेत्रले घर परिवारको आय स्थायित्व, आकस्मिक वित्तीय आवश्यकताको व्यवस्थापन तथा साना उद्यम प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ । विशेषतः महिला तथा विपन्न वर्गको आर्थिक सशक्तीकरणमा सहकारीहरू प्रभावकारी माध्यम बनेका छन् । सहकारीलाई "तीन खम्बे अर्थतन्त्र" को एक स्तम्भका रूपमा मान्यता दिएपछि यसको रणनीतिक महत्व अझ बढेको छ । यसले स्थानीय स्तरमा रोजगारी सिर्जना, वित्तीय पहुँच विस्तार तथा सामाजिक पुँजी निर्माणमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएको छ ।

पछिल्लो समय विशेषतः बचत तथा ऋण सहकारीहरूको तीव्र विस्तारसँगै संरचनात्मक तथा नियामकीय चुनौतीहरू बढ्दै गएका छन् । सहकारीहरूले बैंकिङ प्रकृतिका वित्तीय कारोबार गर्दै आएका भएपनि सोअनुसारको एकीकृत नियामक ढाँचा, प्रुडेन्सियल मापदण्ड तथा प्रभावकारी सुपरिवेक्षण प्रणाली पूर्ण रूपमा विकास हुन सकेको छैन । नेपाल राष्ट्र बैंक, सहकारी विभाग, स्थानीय तह लगायतका निकायहरूबीच नियमनको दोहोरोपनले नियाककीय अस्पष्टता सिर्जना गरेकोले शासकीय कमजोरी, वित्तीय दुरुपयोग तथा तरलता संकटका घटनाहरूलाई बढावा दिएको छ ।

यस सन्दर्भमा सहकारी क्षेत्र नेपालको वित्तीय समावेशीकरण तथा स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधार भएतापनि यसको विश्वसनियता, पारदर्शिता र दिगोपन सुनिश्चित गर्न नीतिगत सुधार अपरिहार्य भएको छ । त्यसैले आ.व. २०८३/८४ को बजेटमा सहकारी क्षेत्रलाई व्यवस्थित, जोखिम-नियन्त्रित तथा प्रभावकारी वित्तीय प्रणालीको रूपमा रूपान्तरण गर्न एकीकृत नियमन, जोखिम-आधारित सुपरिवेक्षण तथा बचतकर्ता संरक्षण सम्बन्धी ठोस नीतिगत हस्तक्षेपहरू प्राथमिकतामा राख्न आवश्यक देखिन्छ ।

अवसर तथा समस्याको पहिचान :

नेपालमा सहकारी क्षेत्र वित्तीय समावेशीकरण, ग्रामीण अर्थतन्त्र सुदृढीकरण तथा साना उद्यम प्रवर्द्धनका लागि महत्वपूर्ण अवसर बोकेको क्षेत्र हो । विशेषतः बैंकिङ पहुँच नपुगेका समुदायमा बचत परिचालन र सुलभ ऋण प्रवाह मार्फत सहकारीहरूले स्थानीय स्तरमा आर्थिक गतिविधि विस्तार गर्ने क्षमता राख्दछन् । कृषि, साना व्यापार तथा सेवा क्षेत्रमा सहकारीमार्फत वित्तीय पहुँच विस्तार हुँदा उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा आय वितरणमा सकारात्मक प्रभाव पार्न सकिन्छ । साथै, सहकारीलाई कृषि वित्त, मूल्य श्रृंखला विकास तथा सामूहिक उद्यमशीलता प्रवर्द्धनसँग प्रभावकारी रूपमा जोड्न सकिएमा यसले आर्थिक विकासको समावेशी मोडेल निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

विद्यमान अवस्थामा सहकारी क्षेत्र गम्भीर नीतिगत, संरचनागत तथा नियामकीय समस्याहरूबाट प्रभावित छ । सहकारीहरूको मूल उद्देश्यअनुसार सञ्चालन नहुनु, विभिन्न सरकारी निकायहरूबीच नियमनसम्बन्धी अस्पष्टता तथा एकीकृत नीतिको अभाव प्रमुख समस्या हुन् । विशेषतः बचत तथा ऋण सहकारीहरूको सम्बन्धमा नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, सहकारी मन्त्रालय, स्थानीय तह लगायतका निकायहरूबीच फरक-फरक नीति तथा नियमन अभ्यासले नियामकीय विखण्डन सिर्जना गरेको छ । सबै प्रकारका सहकारीहरूलाई एउटै मापदण्डमा नियमन गर्दा साना र ठूला संस्थाहरूबीच जोखिमको फरक स्वरूपलाई सम्बोधन गर्न सकिएको छैन । साथै सहकारीको वित्तीय प्रणालीमा भूमिका

स्पष्ट नहुनु, बैंकबाट ऋण लिँदा उपलब्ध हुने अनुदान सहकारीमार्फत नपाइने अवस्था तथा जोखिम व्यवस्थापन र सुपरिवेक्षण संयन्त्रको कमजोरीले सहकारी क्षेत्रको विश्वसनीयता र दिगोपनमा चुनौती उत्पन्न गरेको छ ।

सुझाव :

- ३० करोड भन्द बढी बचत वा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको आन्तरिक लेखापरीक्षण गर्न अनिवार्य गर्ने ।
- बचत तथा ऋण सहकारी संस्थाको सम्बन्धमा विभिन्न नियामकीय निकाय भएको र हरेक नियामक निकायको फरक फरक नियमन सम्बन्धी नीति निर्देशन भएको कारणले सहकारी संस्थाहरुको नियमन प्रभावकारी हुन सकेको छैन । तसर्थ सहकारी संस्थाहरुको सुपरिवेक्षण, अनुगमन लगायत नियमनलाई प्रभावकारी बनाउनको लागि कुनै एक निकायलाई मात्र जिम्मेवारी दिन उपयुक्त हुने देखिन्छ । जसले दर्ता, गाभ्ने तथा गाभिने, खारेजी गर्ने, प्रुडेन्सियल लेखापरीक्षण गर्ने लगायत सम्पूर्ण सुपरिवेक्षण, अनुगमन र नियमन सम्बन्धी कार्य गर्ने जिम्मेवारी प्रदान गर्नेछ । साथै अन्य विभिन्न किसिम र क्षमताका सहकारीहरुलाई फरक फरक नियामकीय मापदण्ड तर्जुमा गर्ने ।
- प्राथमिकता प्राप्त क्षेत्रमा सहकारीले प्रदान गर्ने ऋणमा पनि ऋणीले बैंक तथा वित्तीय संस्था सरह अनुदान पाउने व्यवस्था गर्ने ।
- हाल एकीकरणमा जान चाहने सहकारी संस्थालाई एकिकरण पश्चात सम्पत्तिको स्वामित्व हस्तान्तरणमा आयकर लाग्ने अवस्था भएकोले सहकारी संस्थाहरुको गाभ्ने गाभिने प्रक्रियालाई कर तटस्थ (Tax Neutral) बनाउनको लागि आयकर ऐन, २०५८ को दफा ४७क मा संशोधन गर्ने ।
- सहकारीहरुमा प्राप्त भएका गैरबैङ्किग सम्पत्ति व्यवस्थापनको लागि विशेष प्रयोजनको संयन्त्र (स्पेशल पर्पोज भेइकल) स्थापनाको लागि नीतिगत व्यवस्था गर्ने ।
- व्यक्तिगत दिवालियापन सम्बन्धी कानून तर्जुमा गर्ने । उक्त कानूनले सम्पूर्ण सम्पत्ति बेचेर पनि ऋण चुक्ता गर्न नसक्ने व्यक्तिलाई ऋणको दवावबाट कानूनी रुपमा संरक्षण गरी व्यवस्थित समाधान गर्ने अवसर प्रदान गर्दछ ।
- सम्पूर्ण सहकारी संस्थाहरुको कारोबरको एकीकृत तथ्यांक संकलन गरी नियमन गर्ने प्रणालीको विकास गर्ने ।
- रु. ५ लाख सम्मको बचतको सन्दर्भमा निक्षेप ग्यारेन्टी कोषलाई प्रभावकारी बनाउने । निक्षेप ग्यारेन्टी कोषमा सरकारले बिउ पुँजी थप गरी कार्यान्वयनलाई प्रभावकारी बनाउने ।
- समस्याग्रस्त सहकारीका बचतकर्ताहरुलाई वचतको आकारको आधारमा वर्गिकरण गरी क्रमिकरुपमा बचत फिर्ता गर्ने रणनीति तयार गर्ने । सहकारी संस्थाको सम्पत्ति तथा ऋणीहरुको धितो बिक्रीबाट प्राप्त रकमबाट उक्त फिर्ता रकम सोधभर्ना गर्ने ।
- समस्याग्रस्त सहकारी संस्थाहरूमा जम्मा गर्ने बचतकर्ताहरूको रकम फिर्ता गर्ने सहज उपायका रूपमा सबै बचत तथा ऋण सहकारी संस्थाहरूबाट जुनसुकै पालिकामा दर्ता भएका भए पनि समान रूपमा आयकर असुल गर्ने । यसबाट गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूबाट समेत सरकारी राजस्वमा उल्लेखनीय वृद्धि हुने । यसरी संकलित राजस्वलाई सहकारी सम्बन्धी जिम्मेवारी बोकेको मन्त्रालयमार्फत व्यवस्थापन गरी सोही श्रोतबाट समस्याग्रस्त सहकारीका बचतकर्ताहरूलाई रकम फिर्ता गरिने व्यवस्था मिलाउन सकिने ।

७. वित्त तथा पूँजी बजार

पृष्ठभूमि :

नेपालको वित्त तथा पुँजी बजार क्षेत्र अर्थतन्त्रको केन्द्रीय संरचना भएकोले वित्तीय श्रोत परिचालन, लगानी प्रवाह तथा आर्थिक वृद्धिलाई दिशा दिने कार्य गर्दछ । बैंक तथा वित्तीय संस्थाहरूले कुल वित्तीय प्रणालीमा प्रमुख हिस्सा ओगटेका छन्, जहाँ निजी क्षेत्रतर्फ प्रवाहित कर्जा कुल गार्हस्थ उत्पादनको महत्वपूर्ण अनुपातमा पुगेको छ (नेपाल राष्ट्र बैंकका तथ्यांकअनुसार कुल कर्जा- कुल गार्हस्थ उत्पादन अनुपात करिब ९० प्रतिशत रहेको छ) । पुँजी बजारतर्फ नेपाल स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीहरूको बजार पुँजीकरण कुल गार्हस्थ उत्पादनको उल्लेखनीय अंशमा पुगेको छ । बीमा, लगानी कोष तथा अन्य वित्तीय मध्यस्थहरू समेत समावेश भई वित्तीय प्रणालीले बचतलाई लगानीमा रूपान्तरण गर्ने प्रमुख माध्यमका रूपमा काम गरिरहेको छ ।

यस क्षेत्रले पूर्वाधार, उद्योग, सेवा तथा साना तथा मझौला उद्यममा लगानी विस्तार गर्दै आर्थिक गतिविधिलाई गति दिएको छ । पुँजी बजारले दीर्घकालीन पुँजी जुटाउने विकल्प प्रदान गर्दै निजी क्षेत्रको विस्तारमा सहयोग पुऱ्याएको छ भने लगानीकर्ताहरूलाई वैकल्पिक लगानी माध्यम उपलब्ध गराएको छ । हालैका वर्षहरूमा अनलाइन कारोबार प्रणाली, डिम्याट सेवा तथा लगानीकर्ताको सहभागिता विस्तारले बजारलाई प्रविधिमैत्री बनाएको छ । साथै नियामक निकायहरूद्वारा कर्पोरेट सुशासन, खुलासा तथा पारदर्शिता सम्बन्धी मापदण्डहरू क्रमशः सुदृढ गरिँदै आएकोले बजारमा विश्वास अभिवृद्धि गर्ने आधार तयार गरेको छ ।

वित्त तथा पुँजी बजार क्षेत्रले अझै संरचनात्मक तथा नीतिगत चुनौतीहरू सामना गरिरहेको छ । कर्जा प्रवाहको उच्च केन्द्रीकरण, क्षेत्रगत असन्तुलन, निष्क्रिय कर्जाको जोखिम तथा तरलता चक्रका उतारचढावले वित्तीय स्थायित्वमा चुनौती सिर्जना गरिरहेका छन् । पुँजी बजारतर्फ, सीमित वित्तीय साधन, कम संस्थागत लगानीकर्ता, उच्च बजार अस्थिरता तथा सट्टा व्यापार प्रवृत्तिले बजारको गहिराइ र स्थायित्वमा प्रभाव पारेको छ । साथै बैंकिङ प्रणाली र पुँजी बजारबीचको समन्वय कमजोर रहँदा दीर्घकालीन वित्त परिचालन अपेक्षित रूपमा विस्तार हुन सकेको छैन ।

यस सन्दर्भमा वित्त तथा पुँजी बजार क्षेत्र नेपालको दिगो आर्थिक वृद्धि, लगानी विस्तार तथा वित्तीय स्थायित्वका लागि अत्यन्त महत्वपूर्ण आधार हो । संघीय बजेट २०८३/८४ मा वित्तीय क्षेत्र सुधार, पुँजी बजारको गहिराइ विस्तार, वैकल्पिक वित्तीय साधन विकास, संस्थागत लगानीकर्ता प्रवर्द्धन तथा प्रभावकारी नियमन सुदृढीकरणमा केन्द्रित नीतिगत हस्तक्षेपहरू आवश्यक देखिन्छ । यसले वित्तीय श्रोतको कुशल परिचालन, लगानी वातावरण सुधार तथा समग्र अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक प्रभाव सुनिश्चित गर्नेछ ।

अवसर तथा समस्याको पहिचान :

नेपालको वित्तीय क्षेत्र तथा पुँजी बजारमा प्रमुख अवसर विप्रेषण तथा गैरआवासीय नेपाली श्रोतको प्रभावकारी परिचालनमा निहित रहेको छ । हाल नेपालको कुल गार्हस्थ उत्पादनमा विप्रेषणको योगदान करिब २५-३० प्रतिशत रहेको छ र वार्षिक रूपमा करिब अमेरिकी डलर ९-१० अर्ब बराबरको रकम भित्रिने गरेको छ । साथै, विश्वका करिब ९० देशमा बसोबास गर्ने ७०-८० लाख गैरआवासीय नेपालीहरूको आम्दानी नेपालको कुल गार्हस्थ उत्पादन भन्दा

उच्चस्तरमा रहेकोले दीर्घकालीन लगानीका लागि ठूलो वित्तीय श्रोत उपलब्ध गराने क्षमता राख्दछ । यसका अतिरिक्त, बैंकिङ प्रणाली तथा सरकारी कोषहरूमा करिब रु. ५० खर्ब बराबरको तरलता उपलब्ध रहेको अवस्थामा उक्त श्रोतलाई पूर्वाधार, ऊर्जा, उत्पादनमूलक उद्योग तथा पुँजी बजारमार्फत प्राथमिकताप्राप्त क्षेत्रमा परिचालन गर्न सकिएमा आर्थिक वृद्धिमा गुणात्मक सुधार ल्याउने स्पष्ट सम्भावना रहेको छ ।

यी अवसरहरू प्रभावकारी रूपमा उपयोग हुन नसक्नु वित्तीय क्षेत्रको प्रमुख समस्या हो । विप्रेषणको अधिकांश हिस्सा उपभोग, घरजग्गा तथा अनौपचारिक क्षेत्रमा प्रयोग भइरहेको छ भने उत्पादनशील क्षेत्रमा करिब १-२ प्रतिशत मात्र लगानी भइरहेको अवस्था छ। साथै, क्षेत्रीय तथा अन्तराष्ट्रिय द्वन्द्वका कारण विप्रेषण प्रवाहमा जोखिम उत्पन्न हुने सम्भावना पनि विद्यमान छ। गैरआवासीय नेपालीहरूले ठूलो परिमाणमा अनौपचारिक रूपमा लगानी गरिरहेका भए तापनि उनीहरूलाई स्पष्ट आर्थिक अधिकार नदिइनु, बैंक खाता खोल्न आवश्यक पहिचानसम्बन्धी कानूनी जटिलता तथा लगानी स्वीकृति प्रक्रियामा अस्पष्टता जस्ता कारणहरूले औपचारिक वित्तीय प्रणालीमा उनीहरूको सहभागिता सीमित भएको छ । त्यस्तै, एक द्वार नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु तथा विदेशी लगानी, विदेशी विनिमय, करारमा आधारीत उत्पादन र प्रविधि हस्तान्तरण सम्बन्धी कानूनहरू समयानुकूल परिमार्जन हुन नसक्नुले लगानी वातावरण कमजोर बनाएको छ ।

यसका अतिरिक्त नीतिगत तथा संस्थागत पक्षमा पनि गम्भीर चुनौतीहरू रहेका छन् । नवप्रवर्तनमुखी वित्तीय उपकरण तथा सुधारहरू कार्यान्वयन गर्न नीतिगत संरक्षणको अभाव, नियामक निकायहरूको कारवाहीप्रतिको डर तथा निर्णय प्रक्रियामा जोखिम लिन नचाहने प्रवृत्तिले सुधारको गति सुस्त बनाएको छ । बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जाको वृद्धि, क्रेडिट मूल्याङ्कन प्रणालीप्रति व्यवसायको नकारात्मक धारणा तथा आवश्यक विवरण उपलब्ध गराउन अनिच्छा साथै आम जनतामा साख अनुशासनको महत्वबारे न्यून सचेतनाले वित्तीय स्थायित्वमा थप जोखिम सिर्जना गरेको छ । यसरी पर्याप्त वित्तीय श्रोत हुँदाहुँदै पनि तिनको प्रभावकारी परिचालन, संस्थागत सुधार तथा लगानीमैत्री वातावरण अभावका कारण वित्तीय क्षेत्र तथा पुँजी बजारले अर्थतन्त्रमा अपेक्षित योगदान दिन सकेको छैन ।

सुझाव :

- नेपाल सरकारले निष्क्रिय तथा कम उपयोग भएका सार्वजनिक सम्पत्तिहरू (राजमार्ग, हवाईअड्डा, ऊर्जा प्रसारण, भवन आदि)लाई सार्वजनिक निजी साझेदारी, दीर्घकालीन लिज तथा पूर्वाधार लगानी ट्रष्ट (स्थिर नगद प्रवाहलाई एकीकृत गरी लगानीयोग्य ट्रस्ट इकाइमार्फत पुँजी संकलन गर्ने संरचना) मार्फत मौद्रिकीकरण गर्ने नीति अपनाउने । यसका लागि सार्वजनिक सम्पत्तिको पहिचान, मूल्याङ्कन, संरचना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने इकाई स्थापना गर्ने । प्राप्त आम्दानी राष्ट्रिय पूर्वाधार कोषमा राखी पूर्वाधार विकासमा प्रयोग गर्ने । यसले राजस्व वृद्धि, ऋण निर्भरता घटाउने, वित्तीय संभाव्यता विस्तार गर्ने, निजी पुँजी परिचालन, सेवा दक्षता सुधार तथा आर्थिक वृद्धि र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।
- प्रवासी कोष स्थापना गरी लगानी संकलन गरी विभिन्न परियोजनाहरुले उत्पादक क्षेत्रमा लगाउने ।
- बैंङ्गिक क्षेत्रमा निष्क्रिय कर्जा बढेकोले आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न पाउने सिमालाई ५ प्रतिशतबाट वृद्धि गर्ने ।

- कर्पोरेट सामाजिक उत्तरदायित्व खर्च गर्न प्रोत्साहन गर्न खर्च कट्टी गर्न पाउने व्यवस्था गर्ने । कर्पोरेट सामाजिक उत्तरदायित्व रकमको परिचालनको सम्बन्धमा कर्पोरेट सामाजिक उत्तरदायित्व संरचना तयार गरी लागु गर्ने । उक्त संरचना मार्फत सरकारले प्राथमिकता तोकेको क्षेत्रमा कर्पोरेट सामाजिक उत्तरदायित्व खर्च हुने व्यवस्था भई सरकारले तोकेको क्षेत्रको एकीकृत रुपमा समुचित पुँजी परिचालन हुने ।

८. उत्पादनमुलक उद्योग र व्यापार

पृष्ठभूमि :

नेपालको उत्पादनमूलक उद्योग र व्यापार क्षेत्र आर्थिक संरचनाको महत्वपूर्ण आधार भएकोले औद्योगिक उत्पादन, रोजगारी सिर्जना, निर्यात प्रवर्द्धन तथा राजस्व संकलनमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएको छ । उद्योग क्षेत्रले कुल गार्हस्थ उत्पादनमा करिब १३-१५ प्रतिशत योगदान दिने गरेको छ, जसमा उत्पादनमूलक उद्योगहरूको हिस्सा उल्लेखनीय रहेको छ । व्यापार क्षेत्रतर्फ, आयात-निर्यात गतिविधि अर्थतन्त्रको प्रमुख चालकका रूपमा रहेको छ यद्यपि नेपालमा आयातको हिस्सा अत्याधिक उच्च (कुल व्यापारको करिब ९० प्रतिशतसम्म) रहेकोले व्यापार घाटा दीर्घकालीन चुनौतीका रूपमा देखिएको छ । उत्पादनमूलक उद्योगहरूले खाद्य प्रशोधन, सिमेन्ट, फलाम-स्टिल, वस्त्र तथा उपभोक्ता सामग्री क्षेत्रमा कच्चा पदार्थको प्रशोधन र मूल्य अभिवृद्धि गर्दै घरेलु उत्पादन विस्तारमा योगदान पुऱ्याएका छन् ।

यस क्षेत्रले रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा निर्यात अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । साना, मझौला तथा ठूला उद्योगहरूको विकासमार्फत औद्योगिक आधार विस्तार हुँदै आएको छ भने विशेष आर्थिक क्षेत्र, औद्योगिक कोरिडोर तथा व्यापार सहजीकरण नीतिहरूले उत्पादन र व्यापारलाई प्रवर्द्धन गर्ने प्रयास गरिएको छ । साथै, व्यापार क्षेत्रले बजार पहुँच विस्तार, आपूर्ति श्रृंखला सुदृढीकरण तथा उपभोक्तालाई वस्तु तथा सेवा उपलब्ध गराउने कार्यमा केन्द्रीय भूमिका खेलेको छ । यसले निजी क्षेत्रको लगानी आकर्षण, उद्यमशीलता विकास तथा आर्थिक गतिविधिको विविधीकरणमा योगदान पुऱ्याएको छ ।

उत्पादनमूलक उद्योग र व्यापार क्षेत्रले संरचनात्मक तथा नीतिगत चुनौतीहरू सामना गरिरहेको छ । उच्च उत्पादन लागत (विशेषतः ऊर्जा, ढुवानी तथा वित्त लागत), कच्चा पदार्थमा आयात निर्भरता, प्रविधि तथा दक्ष जनशक्तिको अभाव, तथा पूर्वाधार सीमितताले उद्योगको प्रतिस्पर्धात्मकता कमजोर बनाएको छ । व्यापारतर्फ, उच्च आयात निर्भरता, निर्यातको सीमित विविधीकरण, गैर-भन्सार अवरोधहरु तथा लजिस्टिक असक्षमताले व्यापार घाटा बढाएको छ । साथै नीति अस्थिरता, नियामकीय जटिलता तथा उद्योग-व्यापारसँग सम्बन्धित निकायहरूबीच समन्वयको कमीले लगानी वातावरणमा अनिश्चितता सिर्जना गरेको छ ।

यस सन्दर्भमा उत्पादनमूलक उद्योग र व्यापार क्षेत्र नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना तथा व्यापार सन्तुलन सुधारका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र हो । त्यसैले संघीय बजेट २०८३/८४ मा औद्योगिक उत्पादन विस्तार, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, लागत न्यूनीकरण, पूर्वाधार विकास तथा व्यापार सहजीकरणतर्फ केन्द्रित नीतिगत हस्तक्षेपहरू आवश्यक देखिन्छ । यसले औद्योगिक प्रतिस्पर्धात्मकता अभिवृद्धि, व्यापार घाटा न्यूनीकरण तथा समग्र अर्थतन्त्रमा दिगो वृद्धि सुनिश्चित गर्न सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

अवसर तथा समस्याको पहिचान :

नेपालमा औद्योगिक तथा उत्पादन क्षेत्रले संरचनात्मक असमानता र नीतिगत कमजोरीका कारण प्रतिस्पर्धात्मकता गुमाउँदै गएको देखिन्छ । विशेषगरी, ठूला पूर्वाधार आयोजनाहरूमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने स्पष्ट नीति नहुँदा तथा कच्चा पदार्थमा कर लाग्ने तर आयातित सामग्रीमा छुट दिइने व्यवस्थाले नेपाली उत्पादनको लागत करिब ३०% बढी पर्ने अवस्था सिर्जना भएको छ । साथै उद्योग स्थापनाका लागि आवश्यक ऊर्जा, यातायात, पूर्वाधार तथा प्रशासनिक सहजीकरण कमजोर हुँदा अपेक्षीत लगानी आकर्षित हुन सकेको छैन । उत्पादन लागत उच्च हुनु, सडक, भण्डारण र ढुवानी संरचनाको कमीले उत्पादन र निर्यात क्षमतामा प्रत्यक्ष असर पारेको छ ।

त्यसैगरी प्रशासनिक जटिलता, कमजोर अनुगमन र नियमन प्रणालीका कारण अवैध आयात निर्यात तथा राजस्व चुहावट बढ्दै गएकोले वैधानिक व्यवसायलाई प्रत्यक्ष रूपमा प्रभावित गरेको छ । भन्सार, चेकपोस्ट तथा सम्बन्धित संरचनाहरूको आधुनिकीकरण नहुँदा ढिलाइ र लागत वृद्धि भएको छ भने लाइसेन्स, दर्ता तथा स्वीकृति प्रक्रियाहरू जटिल हुँदा व्यवसाय सञ्चालनमा अवरोध सिर्जना भएको छ । यससँगै आयकर ऐन, २०५८ को दफा ५७ जस्ता प्रावधानहरूले रुग्ण उद्योगको पुनर्संरचना र लगानी प्रवाहमा बाधा पुऱ्याएको छ । विद्युत आपूर्ति प्रणालीमा समस्या, चोरी तथा अवरोधले पनि औद्योगिक उत्पादनमा अनिश्चितता बढाएको छ ।

अर्कोतर्फ कृषि तथा व्यापार क्षेत्र पनि नीतिगत र संरचनात्मक कमजोरीका कारण अपेक्षित रूपमा विकास हुन सकेको छैन । कृषि उत्पादनहरू कच्चा रूपमा कम मूल्यमा निर्यात हुनु, ब्रान्डिङ र प्रशोधनको अभाव हुनु तथा अनुदान प्रणालीमा पारदर्शिता नहुँदा वास्तविक उत्पादकले लाभ पाउन नसकेको अवस्था छ । बैंकिङ प्रणाली धितोमा आधारित ऋणमा केन्द्रित रहँदा उत्पादनमूलक तथा जोखिमयुक्त तर सम्भावनायुक्त व्यवसायहरूले वित्तीय पहुँच पाउन सकेका छैनन् । साथै स्टार्टअप तथा साना व्यवसायको स्पष्ट परिभाषा र सहुलियतको अभाव, जटिल कर अनुपालन प्रणाली तथा प्रारम्भिक चरणमै कर दायित्व सिर्जना हुने अवस्थाले उद्यमशीलता विकासमा बाधा पुऱ्याइरहेको छ ।

सुझाव :

- नेपाल सरकारलाई प्रचलित साना तथा मझौला उद्यमहरू, सूक्ष्म, साना तथा मझौला उद्यम सम्बन्धी ऐन, नियमावली तथा सम्बन्धित नीतिगत दस्तावेजहरू (विशेषतः औद्योगिक व्यवसाय ऐन, २०७६ र नेपाल राष्ट्र बैंकका निर्देशनहरू) बीच विद्यमान परिभाषागत असंगतता हटाई स्थिर पुँजी, कारोबार, रोजगारी, वित्त व्यवस्थापन जस्ता मानकहरूमा आधारित एकीकृत र एकरूप साना तथा मझौला उद्यमहरू तथा सूक्ष्म, साना तथा मझौला उद्यम परिभाषा कानूनी रूपमा स्थापित गर्ने । यसले सरकारी सुविधा, अनुदान तथा सहुलियत लक्षित वर्गसम्म प्रभावकारी रूपमा प्रवाह सुनिश्चित गर्नेछ । साथै नेपाल राष्ट्र बैंकमार्फत प्राथमिकता क्षेत्र कर्जा नीति लागू गरी बैंकहरूलाई साना तथा मझौला उद्यम क्षेत्रमा न्यूनतम कर्जा प्रवाह अनिवार्य गर्ने तथा कर्जा ग्यारेन्टी कोष विस्तार गरी बिना धितो कर्जा पहुँच सुनिश्चित गर्न आवश्यक छ । उद्योग दर्ता, कर्जा, कर सुविधा र अनुदानलाई एकीकृत साना तथा मझौला उद्यम एकद्वार प्रणाली मार्फत सञ्चालन गरी प्रक्रिया सरल बनाउनुपर्ने तथा प्रारम्भिक वर्षहरूमा कर छुट र सरलीकृत अनुपालन व्यवस्था लागू गर्ने ।

- रुग्ण उद्योगको पुनर्संरचना, मर्जर वा स्वामित्व परिवर्तनलाई कर स्थगन वा छुटयोग्य बनाइ वास्तविक लाभ नभएसम्म कर नलाग्ने स्पष्ट व्यवस्था गर्नुपर्छ । यसले रुग्ण उद्योगमा लगानी वृद्धि, पुनर्जीवन सहजता तथा समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्नेछ । स्वामित्व परिवर्तन अर्न्तगतको कर छुट र नोक्सान सार्ने सहुलियत दिई रुग्ण उद्योगलाई पूनः संचालन गर्न प्रोत्साहन हुने गरी आयकर ऐन, २०५८ को दफा ५७ मा आवश्यक संशोधन गर्ने ।
- छिमेकी मुलुकसँग प्रतिस्पर्धात्मक बनाउन कच्चा पदार्थमा न्यून भन्सार दर तथा कर संरचना सुधार गर्नुपर्ने ।
- नेपाल भित्र अन्तराष्ट्रिय स्तरको औद्योगिक प्रयोगशाला निर्माण गर्ने निर्मित प्रयोगशालाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- नेपालमा धितो (जग्गा/सम्पत्ति) आधारित ऋण प्रणालीलाई परियोजनाको आम्दानी र सम्भाव्यतामा आधारित ऋण प्रणालीमा रूपान्तरण गर्न बैंक तथा वित्तीय संस्थाहरुले कर्जा मूल्याङ्कन गर्दा परियोजनाको व्यवहारिकता, भविष्यको नगद प्रवाह, ऋण तिर्न सक्ने क्षमता र व्यवसायीको अनुभवलाई मुख्य आधार बनाउने व्यवस्था गर्ने । यसमा परियोजनाको प्राविधिक, वित्तीय र बजार पक्षको स्वतन्त्र मूल्याङ्कन गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था अन्तर्गतका विज्ञ एकाउन्टेन्टहरूलाई "प्रोजेक्ट अडिटर/फाइनान्सियल एनालिस्ट" को रूपमा अनिवार्य संलग्न गरिने व्यवस्था गर्ने । साथै सरकारद्वारा कर्जा सुरक्षण कोष, जोखिम बाँडफाँड व्यवस्था कार्यक्रम सञ्चालन गर्नुपर्छ । कर्जा रकम चरणबद्ध रूपमा परियोजनाको प्रगति अनुसार दिने, आम्दानी बैंकमै सुरक्षित राख्ने र डिजिटल प्रणालीमार्फत निरन्तर अनुगमन गर्ने व्यवस्था गर्नुपर्छ ।
- उधारो कारेबार असुली सम्बन्धी कानून तर्जुमा गर्ने ।

९. लगानी प्रवर्द्धन

पृष्ठभूमि :

नेपालमा लगानी प्रवर्द्धन आर्थिक वृद्धिको प्रमुख घटकको रूपमा स्थापित हुँदै गएको छ । सार्वजनिक, निजी तथा वैदेशिक लगानी मार्फत उत्पादन, पूर्वाधार तथा सेवा क्षेत्रको विस्तारलाई गति दिन प्रयास भइरहेको छ । पछिल्ला वर्षहरूमा सरकारद्वारा लगानीमैत्री वातावरण सिर्जना गर्न विभिन्न नीतिगत सुधारहरू जस्तै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी व्यवस्था, एकद्वार सेवा केन्द्रको स्थापना तथा लगानी सम्मेलनहरूको आयोजना कार्यान्वयनमा ल्याइएका छन् । यद्यपि कुल लगानी दर अझै पनि आर्थिक रूपान्तरणका लागि आवश्यक स्तरमा पुग्न सकेको छैन भने वैदेशिक लगानी प्रवाह क्षेत्रीय तथा अन्य विश्वको तुलनामा न्यून रहेको देखिन्छ ।

लगानी प्रवर्द्धनले उत्पादन क्षमता विस्तार, रोजगारी सिर्जना, प्रविधि हस्तान्तरण तथा निर्यात अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना राख्दछ । विशेषतः ऊर्जा, पूर्वाधार, पर्यटन, सूचना प्रविधि तथा उत्पादनमूलक उद्योग क्षेत्रमा लगानी आकर्षणले दीर्घकालीन आर्थिक वृद्धि र आयात प्रतिस्थापनमा सहयोग गर्न सक्छ । आन्तरिक लगानीको सुदृढीकरणसँगै वैदेशिक लगानीलाई लक्षित गरी नीतिगत प्रोत्साहन, कर सहुलियत तथा पूर्वाधार विकासका पहलहरू गरिएकोले निजी क्षेत्रको सहभागिता विस्तार गर्ने आधार तयार गरेको छ ।

लगानी प्रवर्द्धन क्षेत्रमा अझै संरचनात्मक तथा नीतिगत चुनौतीहरू विद्यमान छन् । नीतिगत अस्थिरता, नियामक जटिलता, अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियामा ढिलाइ, भूमि उपलब्धता समस्या तथा सम्झौता कार्यान्वयन कमजोर हुनु प्रमुख अवरोधका रूपमा रहेका छन् । परियोजना कार्यान्वयनमा ढिलाइ, अन्तर-निकाय समन्वयको कमी तथा लगानी सुरक्षासम्बन्धी स्पष्टता अभावले लगानीकर्ताको विश्वासमा असर पारिरहेको छ । वैदेशिक लगानीतर्फ फिर्ता लैजाने प्रक्रिया, विनिमय दर जोखिम तथा प्रशासनिक झन्झटहरू पनि चुनौतीका रूपमा देखिएका छन् ।

यस सन्दर्भमा लगानी प्रवर्द्धन नेपालको उच्च, दिगो तथा समावेशी आर्थिक वृद्धिका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र हो । त्यसैले संघीय बजेट २०८३/८४ मा लगानी वातावरण सुधार, नीतिगत स्थिरता सुनिश्चितता, परियोजना कार्यान्वयन क्षमता अभिवृद्धि तथा निजी तथा वैदेशिक लगानीलाई आकर्षित गर्ने स्पष्ट र पूर्वानुमानयोग्य नीतिगत ढाँचा विकासमा केन्द्रित हस्तक्षेपहरू आवश्यक देखिन्छ । यसले पुँजी परिचालन विस्तार, प्रविधि हस्तान्तरण तथा रोजगारी सिर्जनामार्फत समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ ।

अवसर तथा समस्याको पहिचान :

नेपालमा स्टार्टअप इकोसिस्टम विश्वव्यापी प्रवृत्तिको तुलनात्मकरुपमा पछाडि रहेकोले नवप्रवर्तन, रोजगारी सिर्जना तथा उच्च मूल्यका व्यवसाय विकासमा असर पारिरहेको छ । हाल स्टार्टअपलाई प्रदान गरिएको ५ वर्षसम्मको कर छुट व्यवहारमा प्रभावकारी हुन सकेको छैन किनकि अधिकांश स्टार्टअपहरूले प्रारम्भिक वर्षहरूमा नाफा कमाउन सक्दैनन् । यसका साथै नोक्सानी सार्ने अवधि अन्य व्यवसायसरह सीमित हुँदा धेरै स्टार्टअपहरूले भविष्यमा कर समायोजनको लाभ लिन नपाई प्रारम्भिक चरणमै उच्च कर दायित्व बहन गर्नुपर्ने जोखिम देखिन्छ । परिणामस्वरूप वर्तमान कर संरचनाले स्टार्टअपको वृद्धि चरणसँग मेल नखाने अवस्था सिर्जना गरेको छ ।

स्टार्टअपहरू विस्तार हुने क्रममा नयाँ लगानीकर्ता प्रवेश गर्ने, स्वामित्व संरचना परिवर्तन हुने तथा लगानी आवागमन भइरहने स्वाभाविक प्रक्रिया हो । यस्तो अवस्थामा आयकर ऐन, २०५८ को दफा ५७ लागू हुँदा शेयर हस्तान्तरण वा स्वामित्व परिवर्तनलाई करयोग्य घटना मानिने भएकाले लगानी आकर्षणमा अवरोध सिर्जना हुने गरेको छ । साथै प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटल मार्फत नेपाल धितोपत्र बोर्डबाट स्वीकृत करिब रु. ४६ अर्ब बराबरको लगानी प्रतिबद्धता हुँदाहुँदै पनि नीतिगत अस्पष्टता र कर जोखिमका कारण उक्त लगानी पूर्ण रूपमा परिचालन हुन नसकेको अवस्था देखिन्छ । यसले स्टार्टअप क्षेत्रको सम्भावनालाई सीमित बनाएको छ ।

सुझाव :

- नेपाल सरकार र प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटलले संयुक्त रूपमा समपूरक कोष स्थापना गरी सरकारले विज पुँजी उपलब्ध गराउने र उक्त समपूरक कोषले योग्य प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटल फन्डहरूमा लगानी गर्ने व्यवस्था गर्ने । नेपाल धितोपत्र बोर्ड तथा नेपाल राष्ट्र बैंकको समन्वयमा स्पष्ट कानूनी संरचना बनाई फन्ड दर्ता, संचालन व्यवस्था र अनुगमन प्रणाली लागू गर्ने । निजी फन्डलाई सह-लगानी वा समपूरक लगानी मोडेलमा सहभागी गराई स्टार्टअप क्षेत्रमा क्षेत्रगत प्राथमिकताका आधारमा पुँजी प्रवाह सुनिश्चित गर्दै बहिरगमन विकल्पसहित कर सहुलियत र लगानीमैत्री नीति लागू गर्ने ।

- सूचना तथा सञ्चार प्रविधि मन्त्रालय अन्तर्गत स्टार्टअप प्रवर्द्धनका लागि छुट्टै नवप्रवर्तन र स्टार्टअप सेल स्थापना गरी स्टार्टअपलाई प्राथमिकतामा राख्ने नीति लागू गर्ने । साथै आर्टिफिसिएल इन्टिलिजेन्स, क्रिप्टो, ब्लकचेन लगायत उदाउँदा प्रविधिको अध्ययन र नीति निर्माणका लागि विशेषज्ञ सहित स्टार्ट अप र प्रविधिमा केन्द्रित इकाई गठन गरी समयमै नियमन, नवप्रवर्तन र लगानी वातावरण सुनिश्चित गर्ने ।
- सम्पन्न भएका दोहोरो कर मुक्ति सम्झौताहरूको प्रभावकारी कार्यान्वयनका लागि आन्तरिक राजस्व विभागमा सम्बन्धित कार्यान्वयन संयन्त्र र छुट्टै दोहोरो कर मुक्ति सम्झौता इकाई स्थापना गरी कर प्रणालीमा तत्काल लागू गर्ने व्यवस्था गर्ने । दोहोरो कर मुक्ति सम्झौताको आवश्यक अनुमोदन र संशोधनका लागि डिजिटल सूचना आदान-प्रदान प्रणाली सुदृढ गर्ने ।
- हस्तान्तरण मूल्य, डिजिटल सेवा करलगायत अन्तराष्ट्रिय करसँग सम्बन्धित कर प्रशासन व्यवस्थापन गर्नको लागि आन्तरिक राजश्व विभाग अर्न्तगत छुट्टै प्रशासकिय इकाइको स्थापना गर्ने । प्रत्यक्ष वैदेशिक लगानीकर्ताको लागि प्राथमिकता प्राप्त न्यायिक प्रणालीको व्यवस्था गर्ने ।
- सरकारले पूर्वाधार बण्ड जारी गर्ने । बण्डमा गरेको लगानी तथा उक्त बण्डबाट प्राप्त भएको व्याजमा कर छुट प्रदान गर्ने ।
- नेपालमा क्राउड फन्डिंग, भेन्चर क्यापिटल र एन्जल इनभेस्टरको मान्यता तथा नियमन नेपाल धितोपत्र बोर्ड नेतृत्वमा वैकल्पिक लगानी संरचना अन्तर्गत लागू गर्ने । सूचना तथा सञ्चार प्रविधि मन्त्रालय मार्फत नियमन सहितको क्राउड फन्डिंग प्लेटफर्म र स्टार्टअप मान्यता प्रदान गर्ने प्रणाली स्थापना गरी योग्य स्टार्टअपमा मात्र लगानी सुनिश्चित गर्ने । एन्जल इनभेस्टरमा आयकर छुट/ पुँजीगत लाभ कर छुट प्रदान गर्न आयकर ऐन, २०५८ को दफा १२ग मा संशोधन गर्ने । स्टार्टअपमा रु. १० लाख सम्मको बीउ पुँजी लगानी गरेमा करयोग्य आय गणना गर्दा पाँच वर्ष भित्र SLM Basis मा ह्रासकट्टी विधिमा खर्च कट्टी गर्न पाउने व्यवस्था गर्ने ।
- स्वेट इक्विटी प्राप्त गर्ने व्यक्तिले शेयर निःसर्ग गर्दाको अवस्थामा मात्र कर लाग्ने व्यवस्था गर्ने ।
- स्टार्टअप नवप्रवर्तनकारी, ज्ञान, सोच, सिप आदिको प्रयोग गर्ने गरी स्थापना भएका स्टार्टअपले व्यापारिक कारोबार सुरु गरेपछि मात्र कर छुट प्राप्त गर्ने गरी आयकर ऐन, २०५८ को दफा ११(३न) मा संशोधन गर्ने ।
- स्टार्टअपले विभिन्न चरणमा प्राइभेट इक्विटी, भेन्चर क्यापिटल, एन्जल इनभेस्टर आदिबाट रकम संकलन गरेकोमा विभिन्न चरणमा लगानी उठाउने कार्य सम्पन्न भएपछि लगानी उठाउने क्रममा प्राप्त गरेको शेयर प्रिमियमको रकमलाई बोनस शेयरको रुपमा वितरण गर्नुपर्ने हुनसक्छ । हाल बैंक तथा वित्तीय संस्थाको जस्तै उक्त रकममा कर लाग्ने अवस्था यस क्षेत्रमा हुन नदिन आयकर ऐन, २०५८ मा आवश्यक व्यवस्था गर्न आवश्यक रहेको छ ।

१०. पर्यटन

पृष्ठभूमि :

नेपालको पर्यटन क्षेत्र देशको प्रमुख सेवा निर्यात तथा वैदेशिक मुद्रा आर्जनको महत्वपूर्ण श्रोतका रूपमा स्थापित छ । प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता तथा धार्मिक तथा आध्यात्मिक गन्तव्यका कारण नेपाल अन्तराष्ट्रिय पर्यटन बजारमा विशिष्ट पहिचान राख्दछ । पछिल्ला वर्षहरूमा पर्यटक आगमनमा पुनरुत्थान देखिएको छ र पर्यटन क्षेत्रले होटल, ट्राभल, यातायात तथा मनोरञ्जन उद्योगमार्फत अर्थतन्त्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान पुऱ्याउँदै आएको छ । विभिन्न

अध्ययन तथा आर्थिक सर्वेक्षणका आधारमा पर्यटन क्षेत्रले कुल गार्हस्थ उत्पादनमा उल्लेखनीय हिस्सा ओगट्दै रोजगारी सिर्जनामा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

पर्यटन क्षेत्रले विशेषत: ग्रामीण तथा दुर्गम क्षेत्रको आर्थिक गतिविधि विस्तारमा गुणक प्रभाव सिर्जना गर्ने क्षमता राख्दछ । ट्रेकिंग, साहसिक पर्यटन, धार्मिक पर्यटन तथा सांस्कृतिक पर्यटनमार्फत स्थानीय समुदायको आय वृद्धि, साना उद्यम प्रवर्द्धन तथा हस्तकला, कृषि तथा सेवा क्षेत्रसँगको अन्तरसम्बन्ध सुदृढ भएको छ । सरकारद्वारा "भिजिट नेपाल" अभियान, पर्यटन पूर्वाधार विकास, हवाई सेवा विस्तार तथा निजी क्षेत्रसँग सहकार्यका पहलहरू गरिएकोले दीर्घकालीन रूपमा पर्यटनको सम्भावना विस्तार गर्ने आधार तयार गरेको छ ।

पर्यटन क्षेत्रले अझै पनि संरचनात्मक तथा व्यवस्थापकीय चुनौतीहरू सामना गरिरहेको छ । पूर्वाधार सीमितता (विशेषत: हवाई कनेक्टिभिटी, सडक पहुँच), सेवा गुणस्तरमा असमानता, दक्ष जनशक्ति अभाव तथा पर्यटन उत्पादनको सीमित विविधीकरण प्रमुख समस्या हुन् । साथै, अन्तराष्ट्रिय प्रतिस्पर्धा, विपद् जोखिम (जस्तै प्राकृतिक प्रकोप) तथा नीतिगत समन्वयको कमीले क्षेत्रको दिगोपनमा प्रभाव पारिरहेको छ । पर्यटन प्रवर्द्धन, ब्रान्डिङ तथा बजार विस्तारका प्रयासहरू भएतापनि तिनीहरूको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ ।

यस परिप्रेक्ष्यमा पर्यटन क्षेत्र नेपालको वैदेशिक मुद्रा आर्जन, रोजगारी सिर्जना तथा क्षेत्रीय सन्तुलित विकासका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र हो । त्यसैले संघीय बजेट २०८३/८४ मा पर्यटन पूर्वाधार सुदृढीकरण, सेवा गुणस्तर सुधार, उत्पादन विविधीकरण, अन्तराष्ट्रिय बजार प्रवर्द्धन तथा निजी क्षेत्रसँग सहकार्य विस्तारमा केन्द्रित नीतिगत हस्तक्षेपहरू आवश्यक देखिन्छ । यसले पर्यटन क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्दै समग्र अर्थतन्त्रमा दिगो सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ ।

अवसर तथा समस्याको पहिचान :

नेपालको पर्यटन तथा समग्र आर्थिक विकासका सन्दर्भमा आधारभूत पूर्वाधार (सडक, विमानस्थल, इन्टरनेट), वित्तीय पहुँच, दक्ष जनशक्ति तथा नीतिगत स्पष्टताको अभाव मुख्य चुनौतीका रूपमा देखिन्छ । अनौपचारिक व्यवसायको प्रवृत्ति, खाद्य सुरक्षा तथा सेवा गुणस्तरमा कमजोरी, उच्च पुँजीगत लागत, ब्याजदरको अस्थिरता र बहु-दर्ता प्रक्रिया जस्ता कारणले निजी क्षेत्रको लगानी निरुत्साहित भएको छ । साथै अन्तराष्ट्रिय पहुँच सीमित हुनु, डिजिटल भुक्तानीमा सीमा तथा आन्तरिक समन्वयको अभावले व्यवसाय विस्तार र प्रतिस्पर्धात्मकता कमजोर बनाएको छ ।

यद्यपि खप्तड, रामारोशन, बडिमालिका जस्ता उच्च सम्भावना भएका पर्यटकीय गन्तव्यहरू, जैविक विविधता, सांस्कृतिक सम्पदा र विशेष गतिविधि (जस्तै यार्सागुम्बा संकलन) लाई व्यवसायिक रूपमा विकास गर्न नसक्दा अवसरहरू उपयोग हुन सकेका छैनन् । पूर्वाधार, सेवा सुविधा, अन्तराष्ट्रिय उडान, पर्यटक सुरक्षा तथा बसाइ अवधि बढाउने रणनीतिक पहलको अभावले पर्यटन क्षेत्रको पूर्ण सम्भावना अवरुद्ध गरेको छ ।

सुझाव :

- नेपाल सरकारले डिजिटल अर्थतन्त्र र पर्यटन विस्तारलाई लक्षित गर्दै " डिजिटल नोम्याड भिषा" नामक छुट्टै भिषा श्रेणीका रूपमा लागू गर्ने । तोकिएको शर्तहरु पुरा गर्ने निश्चित देशका विदेशी नागरिकले विदेश स्थित

पेशा/व्यवसायका लागि नेपालमा बस्दै रिमोट कार्य गर्न पाउने व्यवस्था गर्ने । भिषा अवधि प्रारम्भमा १ वर्ष तोकी नवीकरण योग्य बनाउने तथा न्यूनतम विदेशी आय, वैध रोजगार/व्यवसायको प्रमाण र आपराधिक अभिलेख स्वच्छता भएको प्रमाण अनिवार्य शर्तका रूपमा राख्ने । यसको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी निकायको संयुक्त समन्वयमा एकीकृत डिजिटल आवेदन तथा अनुगमन प्रणाली विकास गर्ने । साथै आयकर ऐन, २०५८ अन्तर्गत यस्ता व्यक्तिलाई गैर-बासिन्दा वर्गमा राखी विदेशी श्रोतको आयमा कर छुट प्रदान गर्ने व्यवस्था गर्ने । यस नीति सफल बनाउन उच्च गतिको इन्टरनेट, सहकार्य पूर्वाधार, सुरक्षित आवास तथा डिजिटल सेवा सुविधा विस्तार गर्दै नेपाललाई रिमोट वर्क मैत्री गन्तव्यका रूपमा स्थापित गर्ने रणनीति अवलम्बन गर्ने, जसले विदेशी मुद्रा प्रवाह, पर्यटन र सेवा क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

- नेपाल सरकारले वैवाहिक गन्तव्य "डेस्टिनेसन वेडिङ्ग" लाई उच्च मूल्यको पर्यटन क्षेत्रको रूपमा विकास गर्ने नीति अवलम्बन गर्ने । नेपालको प्राकृतिक सौन्दर्ययता, धार्मिक-सांस्कृतिक सम्पदा (पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथ आदि) र अनुकूल जलवायुलाई अन्तराष्ट्रिय स्तरमा ब्रान्डिङ गरी " हिमालयन वेडिङ्ग डेस्टिनेसन)" का रूपमा नेपाललाई स्थापित गर्ने । यसको लागि नेपाल पर्यटन बोर्ड मार्फत लक्षित देशहरू (भारत, खाडी राष्ट्र, यूरोप तथा गैर आवसीय नेपाली समुदाय)मा अन्तराष्ट्रिय प्रचार-प्रसार, विवाह आयोजकहरु तथा लग्जरी ट्राभल एजेन्टहरुसँग सहकार्य र डिजिटल मार्केटिङ अभियान सञ्चालन गर्ने । साथै विवाहको लागि नेपाल आउन चाहने समूहका लागि विशेष वेडिङ्ग भिषा सहित सहज र छिटो प्रक्रिया मार्फत प्रवेश प्रदान गर्ने व्यवस्था गर्ने । यस नीतिको कार्यान्वयनको लागि होटल, रिसोर्ट, इभेन्ट म्यानेजमेन्ट कम्पनीमा लगानी प्रोत्साहन गर्नको लागि यस्ता उद्योगले आयत गर्ने सामानमा भन्सार सहुलियत प्रदान गर्ने तथा यी निकायले विदेशी मुद्रामा आर्जन गर्ने आम्दानीलाई वस्तु/सेवा निर्यात सरह मानि निर्यात व्यवसाय सरह आयकर छुट प्रदान गर्ने । विवाह प्रयोजनको लागि आयत/निर्यात हुने गरगहना वस्त्र आदिमा सहजीकरण गर्ने ।

११. खनिज, वन पैदावार तथा जडिबुटी

पृष्ठभूमि :

नेपालको खनिज, वन पैदावार तथा जडिबुटी क्षेत्र प्राकृतिक श्रोतमा आधारित आर्थिक सम्भावनाको महत्वपूर्ण आधार भएकोले दीर्घकालीन रूपमा औद्योगिक कच्चा पदार्थ आपूर्ति, निर्यात प्रवर्द्धन तथा ग्रामीण रोजगारी सिर्जनामा योगदान पुऱ्याउन सक्ने क्षमता राख्दछ । नेपालमा चुनढुंगा, डोलोमाइट, फलाम, तामा, स्लेट तथा निर्माणजन्य ढुंगा जस्ता खनिज श्रोतहरूको उल्लेखनीय सम्भावना रहेको छ, जसको उपयोग सिमेन्ट, निर्माण तथा अन्य औद्योगिक उत्पादनमा भइरहेको छ । वन पैदावारतर्फ काठ, दाउरा, गैर-काष्ठ वन पैदावार तथा जैविक श्रोतहरूले स्थानीय अर्थतन्त्रलाई समर्थन गर्दै आएको छ ।

जडिबुटी क्षेत्र नेपालका लागि तुलनात्मक लाभ भएको क्षेत्र हो । यार्सागुम्बा, जटामसी, सतुवा, टिमुर, लोक्तासहित विभिन्न औषधीय तथा सुगन्धित वनस्पतिहरू समावेश छन् । यी उत्पादनहरू घरेलु तथा अन्तराष्ट्रिय बजारमा उच्च मूल्य सिर्जना गर्ने क्षमता भएका छन् । जडिबुटी तथा वन पैदावारको संकलन, प्रशोधन र निर्यातमार्फत ग्रामीण समुदायको

आय वृद्धि, साना उद्यम विकास तथा विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण योगदान सम्भव छ । साथै वन क्षेत्रले कार्बन सिंकको रूपमा काम गर्दै जलवायु परिवर्तन न्यूनीकरणमा समेत योगदान पुऱ्याउँछ ।

यस क्षेत्रले अझै पनि संरचनात्मक तथा नीतिगत चुनौतीहरू सामना गरिरहेको छ । खनिज उत्खननमा लगानीको अभाव, प्रविधि सीमितता तथा पर्यावरणीय नियमन र औद्योगिक उपयोगबीच सन्तुलन कायम गर्न कठिनाइ देखिएको छ । वन पैदावारमा अवैध दोहन, मूल्य श्रृंखला कमजोर हुनु तथा प्रशोधन उद्योगको अभाव प्रमुख समस्या हुन् । जडिबुटी क्षेत्रमा असंगठित संकलन प्रणाली, गुणस्तर नियन्त्रणको कमी तथा अन्तराष्ट्रिय बजारसँगको कमजोर सम्बन्धले अपेक्षित लाभ प्राप्त हुन सकेको छैन । साथै, नीतिगत समन्वय अभाव तथा निजी क्षेत्रको न्यून सहभागिताले क्षेत्रको व्यवसायीकरण सीमित बनाएको छ ।

यस सन्दर्भमा खनिज, वन पैदावार तथा जडिबुटी क्षेत्र नेपालको प्राकृतिक श्रोतमा आधारित आर्थिक वृद्धिको महत्वपूर्ण आधार हो । त्यसैले संघीय बजेट २०८३/८४ मा अन्वेषण तथा उत्खननमा लगानी विस्तार, मूल्य अभिवृद्धि प्रवर्द्धन, प्रशोधन उद्योग विकास, दिगो वन व्यवस्थापन तथा जडिबुटीको व्यवस्थित उत्पादन-प्रशोधन-निर्यात श्रृंखला विकासमा केन्द्रित नीतिगत हस्तक्षेपहरू आवश्यक देखिन्छ । यसले ग्रामीण अर्थतन्त्र सुदृढीकरण, निर्यात क्षमता विस्तार तथा दिगो प्राकृतिक श्रोत व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

अवसर तथा समस्याको पहिचान :

नेपालमा यार्सागुम्बा, जटामसी, कुटकी, टिमुर, चिरायतो, धुपी लगायत उच्च मूल्यका जडिबुटी तथा वन पैदावार प्रशस्त उपलब्ध भएपनि ती अधिकांश कच्चा रूपमा निकासी हुने भएकाले देशभित्र प्रशोधन र मूल्य अभिवृद्धि न्यून रहेको छ । चिउरी घिउ, अल्लो धागो, लोक्ता कागज जस्ता परम्परागत तथा उच्च सम्भावना भएका उत्पादनहरूको व्यावसायिक विकास र बजारिकरण अपेक्षित रूपमा हुन सकेको छैन । दुर्गम पहाडी क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले उच्च जोखिमका कारण कर्जा प्रवाह गर्न हिच्किचाउने, धितोको मूल्यांकन कमजोर हुने तथा बीमा र बजार पहुँच सीमित हुने अवस्थाले लगानी विस्तार हुन सकेको छैन । साथै वन पैदावार संकलन र निकासीका लागि बहुस्तरीय अनुमति प्रक्रिया तथा प्रशासनिक झन्झटले उद्यम सञ्चालनमा ढिलाइ हुने गरेको छ । यार्सागुम्बा लगायत जडिबुटीमा कर प्रणाली अस्पष्ट, अस्थिर र अनौपचारिक भएकाले राजस्व चुहावट र अव्यवस्थित व्यापार प्रवृत्ति कायम रहेको छ ।

सुझाव :

- नेपालमा उत्पादन हुने यार्सागुम्बा, जटामसी, कुटकी, टिमुर, चिराइतो, धुपी लगायत विभिन्न मूल्यवान जडिबुटीहरू कच्चा अवस्थामै निकासी हुनबाट रोक्नको लागि देशका विभिन्न स्थानमा जडिबुटी प्रशोधन औद्योगिक क्षेत्र स्थापना गर्ने । जडिबुटी सँग सम्बन्धित सुकाउने, प्याकेजिङ, तेल निष्कर्षण, आयुर्वेदिक उत्पादन उद्योगमा लगानी गर्नेलाई व्यवसायिक उत्पादन भए पश्चातको १० वर्ष आयकर छुट दिने ।
- नेपालमा उत्पादन भई निर्यात हुने जडिबुटीहरुको लागि लागि भौगोलिक संकेत (GI Tag) प्रदान गर्ने व्यवस्था गर्ने ।

१२. करको दायरा वृद्धि

पृष्ठभूमि :

नेपालको कर प्रणाली पछिल्लो दशकमा डिजिटलाइजेशन (ई-फाइलिङ्ग, ASYCUDA, डिजिटल भुक्तानी) मार्फत उल्लेखनीय रूपमा आधुनिकीकरण भएको छ । तथापि कर दरहरू दीर्घकालदेखि स्थिर र तुलनात्मक रूपमा उच्च रहँदा अपेक्षित अनुपालन वृद्धि हुन सकेको छैन । अर्थतन्त्रमा पर्याप्त तरलता, व्यवसायिक विस्तारको सम्भावना तथा डिजिटल पूर्वाधारको सुधार हुँदाहुँदै पनि कर प्रणालीले आफ्नो पूर्ण राजस्व क्षमता हासिल गर्न सकेको देखिँदैन ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा गरिएको मूल कारण विश्लेषण अनुसार नेपालको कर संरचना व्यवहारिक दृष्टिकोणसँग पूर्ण रूपमा मेल नखाने अवस्थामा रहेको छ । अन्तराष्ट्रिय रूपमा मान्य Laffer Curve सिद्धान्तले देखाएअनुसार कर दर एक निश्चित सीमाभन्दा माथि पुगेपछि अनुपालन घट्ने र राजस्वमा प्रतिकूल प्रभाव पर्ने हुन्छ । नेपालको वर्तमान अवस्था सोही प्रकारको संकेत देखाउने चरणमा पुगेको देखिन्छ, जसले कर दर पुनर्संरचनाको आवश्यकता स्पष्ट गर्दछ ।

अवसर तथा समस्याको पहिचान :

नेपालको कर प्रणालीमा मुख्य समस्या कर दर, अनुपालन र डिजिटाइजेशनबीच असन्तुलन हुनु हो । पछिल्लो १० वर्षमा कर दरहरू लगभग स्थिर रहेपनि अनुपालन दर क्रमशः घट्दो अवस्थामा रहेकोले कर प्रणालीको प्रभावकारिता कमजोर बनाएको छ । डिजिटलाइजेशनमा उल्लेखनीय सुधार हुँदाहुँदै पनि अनुपालन वृद्धि हुन नसक्नुले कर दरहरू व्यवहारिक रूपमा उच्च रहेको र करदाताहरूलाई स्वैच्छिक रूपमा कर प्रणालीमा सहभागी हुन निरुत्साहित गरेको संकेत गर्दछ ।

यससँगै कर ग्याप फराकिलो हुनु, अनौपचारिक अर्थतन्त्रको विस्तार, न्यून बिजकीकरण तथा सरकारप्रति विश्वासको कमी जस्ता तत्वहरूले समस्या अझ गम्भीर बनाएका छन् । वर्तमान प्रणाली लागू र डिजिटलाइजेशनमा बढी केन्द्रित भएपनि प्रोत्साहन-आधारित कर संरचनाको अभावले अनुपालन सुधार हुन सकेको छैन । यसले नेपालको कर प्रणाली Laffer Curve को उच्च कर दर पक्षमा रहेको संकेत गर्दछ जसले कर दर बढ्दा राजस्व वृद्धि होइन बरु अनुपालन ह्रास हुने अवस्था देखिन्छ ।

सुझाव :

नेपाल सरकारलाई कर प्रणालीलाई दिगो, व्यवहारिक र राजस्व-उन्मुख बनाउन निम्न नीतिगत सुधारहरू कार्यान्वयन गर्न सिफारिस गरिन्छः

१. कर दर अनुकूलन :

- मूल्य अभिवृद्धि कर, भन्सार महसुल दर र आयकरलाई Laffer Curve ले सुझाव गरे अनुसार पुनरावलोकन गर्ने ।

२. डिजिटाइजेशनसँग प्रोत्साहनको संयोजन

- स्थायी लेखा नम्बरलाई बैंकिङ तथा डिजिटल भुक्तानी प्रणालीसँग पूर्ण रूपमा एकीकृत गर्ने,

- आर्टिफिसियल इन्टिलिजेन्स तथा डेटा विश्लेषणमा आधारित जोखिममा आधारित लेखापरीक्षण प्रणाली लागू गर्ने,
- अनुपालना गर्ने करदातालाई प्रोत्साहन स्वरुप कर परीक्षणको आवृत्ति लाई घटाउने ।

३. कर आधार विस्तार तथा विश्वास निर्माण

- अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा ल्याउन सरल कर संरचना लागू गर्ने ।
- कर प्रशासनमा पारदर्शिता, गुनासो व्यवस्थापन प्रणाली, तथा करदाता सहायता प्रणाली विकास गर्ने ।
- नीति स्थिरता सुनिश्चित गरी करदातामा विश्वास अभिवृद्धि गर्ने ।

१३. राजश्व वृद्धिको नयाँ श्रोत

पृष्ठभूमि :

नेपालको अर्थतन्त्र मुख्यतः रेमिट्यान्समा आधारित संरचनामा निर्भर रहेको छ जसले दीर्घकालीन रूपमा दिगो, उत्पादनशील र नवप्रवर्तनमुखी वृद्धि सुनिश्चित गर्न चुनौती सिर्जना गरेको छ । बैंकिङ प्रणालीमा पर्याप्त तरलता भएपनि त्यसको प्रभावकारी उपयोग उत्पादनशील क्षेत्रमा हुन नसक्दा कर्जा उपयोग कमजोर देखिन्छ । साथै, उच्च दक्ष जनशक्ति भएतापनि देशभित्र उनीहरूको क्षमताको पूर्ण उपयोग नहुँदा सेवा निर्यात, ज्ञान-आधारित उद्योग र उच्च मूल्य सिर्जना गर्ने क्षेत्रहरू अपेक्षित रूपमा विकसित हुन सकेका छैनन् ।

यसै सन्दर्भमा अकाउन्टिङ्ग आउटसोर्सिङ्ग, पर्यटनमा आधारित गेमिङ अर्थतन्त्र र कार्बन बजार तथा हरित वित्त नेपालको नयाँ राजस्व र आर्थिक रूपान्तरणका प्रमुख स्तम्भ हुन सक्दछ । विश्वव्यापी रूपमा सेवा निर्यात, डिजिटल मनोरञ्जन तथा जलवायु वित्त तीव्र गतिमा विस्तार भइरहेका बेला नेपालसँग पनि दक्ष जनशक्ति, प्राकृतिक सौन्दर्य, जैविक विविधता र कार्बन क्षमताजस्ता ठूला अवसरहरू उपलब्ध भएकाले संरचित नीतिमार्फत उपयोग गर्न सकिने स्पष्ट सम्भावना देखिन्छ ।

अवसर तथा समस्याको पहिचान :

नेपालसँग लेखा, लेखापरीक्षण, कर तथा परामर्श क्षेत्रमा दक्ष र प्रतिस्पर्धी मानव संसाधन उपलब्ध हुनुका साथै सूचना प्रविधिमा सक्षम युवा जनशक्ति र लागत प्रतिस्पर्धात्मकता ठूलो अवसरका रूपमा रहेको छ । विश्व बजारमा अकाउन्टिङ्ग आउटसोर्सिङ्ग, ESG रिपोर्टिङ्ग , डिजिटल गेमिङ पर्यटन र कार्बन क्रेडिट बजार तीव्र रूपमा विस्तार भइरहेको सन्दर्भमा नेपालले यी क्षेत्रबाट उच्च मूल्यको विदेशी मुद्रा आर्जन गर्न सक्ने स्पष्ट सम्भावना छ । साथै, प्राकृतिक पर्यटन श्रोत, धार्मिक-सांस्कृतिक सम्पदा र वन तथा जलवायु श्रोतले नेपाललाई पर्यटन र हरित वित्तको आकर्षक गन्तव्य बनाउने आधार तयार पारेका छन् । यी अवसरहरूको पूर्ण उपयोग गर्न आवश्यक संरचनात्मक तयारी अझै पर्याप्त छैन ।

अकाउन्टिङ्ग आउटसोर्सिङ्ग सेवा निर्यातलाई सूचना प्रविधि सरह मान्यता नहुनु, बहु अनुशासनात्मक सीमित दायित्व साझेदारी ऐन (MD LLP) जस्ता बहु-पेशागत सहकार्य संरचना विकास नहुनु, डिजिटल भुक्तानी र डेटा सुरक्षा प्रणाली कमजोर हुनु तथा अन्तराष्ट्रिय बजारमा पहुँच सीमित रहनु प्रमुख चुनौतीका रूपमा रहेका छन् । त्यस्तै गेमिङ क्षेत्रलाई पारदर्शी र व्यवस्थित कर संरचनामा ल्याउन नसक्नु, कार्बन बजारका लागि स्पष्ट नियामक संरचना र मूल्य ग्यारेन्टी

प्रणालीको अभाव हुनु तथा समग्र रूपमा नीतिगत समन्वय कमजोर रहनुले यी उच्च सम्भावनायुक्त क्षेत्रहरूको विकासलाई गति दिन सकेको छैन ।

सुझाव :

- ग्लोबल अकाउन्टिङ्ग इनिसिएटिभ इन नेपाल जस्ता सेवा निर्यात अर्थतन्त्र सम्बन्धी सुझावलाई प्रतिवेदनमा छुट्टै खण्डको रुपमा उल्लेख गरिएको छ ।

पर्यटन-आधारित गेमिङ अर्थतन्त्र

- नेपाल गेमिङ प्राधिकरण स्थापना गरी स्पष्ट कानूनी संरचनासहित इलेक्ट्रोनिक गेमिङ र बेटिंग नियमन ऐन लागू गर्ने ।
- खेल खेलाउने निकायलाई आयकरको सट्टा खुद खेल आयमा १५-२०% प्रतिशत कर लाग्ने गरी राजस्व सुनिश्चित गर्ने । खेलाडीलाई आकस्मिक लाभ कर छुट प्रदान गर्ने ।
- काठमाडौं, पोखरा र लुम्बिनी लगायत क्षेत्रमा विशेष खेल क्षेत्रहरु विकास गरी पर्यटन, होटल र मनोरञ्जन उद्योगसँग एकीकृत रूपमा अघि बढाउने । विदेशी लगानी आकर्षित गर्न लाइसेन्स प्रणाली, पारदर्शी नियमन र लगानीमैत्री वातावरण सुनिश्चित गर्ने ।

कार्बन बजार तथा हरित वित्त

- कार्बन बजार प्राधिकरण स्थापना गरी राष्ट्रिय कार्बन बजारलाई संस्थागत रूपमा सञ्चालन गर्ने ।
- न्यूनतम ग्यारेन्टी कार्बन मूल्य (अमेरिकी डलर ५-७ प्रति tCO_2e) लागू गरी बजार स्थिरता र लगानी सुरक्षाको सुनिश्चितता गर्ने ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सहकार्यमा कार्बन लेखामान, ESG रिपोर्टिङ्ग तथा अनुगमन, रिपोर्टिङ र प्रमाणीकरण प्रणाली विकास गरी विश्वसनीयता बढाउने ।
- कार्बन परियोजनामा कर सहुलियत, हरित प्रविधि आयातमा छुट तथा कार्बन राजस्व कोष स्थापना गरी हरित लगानी प्रवर्द्धन गर्ने ।

आर्थिक विधेयक, २०८३ को तर्जुमाको लागि सुझावहरु

आयकर ऐन, २०५८ मा गर्नुपर्ने संशोधन तथा सुधारहरु

१. **आयको शिर्षकहरुमा पुँजीगत लाभलाई फरक शिर्षकमा राख्नुपर्ने**

आयकर ऐन, २०५८ ले चारवटा आय शीर्षकहरुको परिकल्पना गरेको छ । ती चारवटा शीर्षकहरु निम्न बमोजिम रहेका छन् ।

१. व्यवसाय

२. रोजगारी

३. लगानी र

४. आकस्मिक लाभ

लगानीको आय हेर्दा पुँजीगत लाभ जस्तो देखिए तापनि लगानीको आयको शिर्षक निकै नै साँघुरो देखिन्छ । पुँजीगत लाभका विभिन्न अवस्थाहरु र ती अवस्थाहरुमा लाग्ने कर सम्बन्धी विस्तृत व्यवस्था आयकर ऐन, २०५८ मा उल्लेख भएको छैन । निकायको हकमा लगानीको आय व्यवसायको आय कै रुपमा रहने हुँदा लगानीमा आय शिर्षक विशेषत: प्राकृतिक व्यक्तिका लगि मात्र लागू हुने देखिन्छ । हाम्रो देशमा लगानीका वातावरण नहुनुको विभिन्न कारणहरुमध्ये एक प्रमुख कारण कर कानूनको अस्पष्टता तथा करमा सुनिश्चितता नहुनु पनि हो । त्यसमाथि पनि सबैभन्दा महत्वपूर्ण भनेको पुँजीगत लाभकरका प्रावधानहरु अस्पष्ट हुनु, यथेष्ट अवस्थाहरुको कर कानूनमा व्यवस्था नहुनु तथा भएका अस्पष्ट कानूनहरुको अपव्याख्या हुनु हो । अत: यस अवस्थामा सम्पूर्ण पुँजीगत लाभकर सम्बन्धी अवस्थाहरुको व्याख्या तथा सो अवस्थाहरुमा लाग्ने कर सम्बन्धी प्रावधानको व्यवस्था गर्दै लगानीमा आय भन्ने शिर्षकलाई लगानी तथा पुँजीगत लाभ वा पुँजीगत लाभ भनी आयकरको शिर्षक बनाउन आवश्यक छ । यसका लागि पुँजीगत सम्पत्तिको विस्तृत व्याख्या, कस्तो अवस्थामा पुँजीगत सम्पत्तीको नि:सर्ग हुने, कस्ता सम्पत्तिहरुलाई पुँजीगत सम्पत्ति नमानिने, व्यवसाय गाभ्ने गाभिने अवस्थामा सम्पत्तिको नि:सर्ग कस्तो हुने, सम्बद्ध व्यक्तिहरुको बिचको सम्पत्ति हस्तान्तरणमा करारोपणको अवस्था आदि जस्ता प्रावधानहरु समेत समेटेर कानून तर्जुमा गर्नुपर्ने भएको हुनाले आएकर ऐन, २०५८ मा संशोधन वा पुर्नलेखन गर्नुपर्ने देखिन्छ ।

२. **नियन्त्रणमा परिवर्तन सम्बन्धी व्यवस्थामा संशोधन**

लगानीकर्तालाई कर तिर्ने विषयसँग धेरै समस्या नभए पनि कर निश्चितता नभएमा लगानीको लागि सक्षम वातावरण निर्माण हुन सक्दैन । आयकर ऐन, २०५८ का कतिपय प्रावधानमा स्पष्टता नभएको र राज्यका निकायहरुले नै कर कानूनको फरक फरक व्याख्या गरी एकपटक एक निकायबाट टुङ्गिसकेको विषयलाई अर्को निकायले प्रश्न उठाउने गरी कर कानूनमा स्पष्टता नभएकोले कर निश्चितताको सिद्धान्तको प्रयोगमा चुनौती आएको छ जसले गर्दा लगानीको वातावरणमा समेत नकारात्मक प्रभाव पर्ने र व्यवसायिको पुँजीमा क्षय हुने स्थिति आएको छ ।

कर निश्चितताको सिद्धान्तलाई चुनौती दिने गरी निकायको नियन्त्रणमा हुने परिवर्तनको सम्बन्धमा देहायका दफाहरु विद्यमान रहेकाले ती दफाहरुमा संशोधन आवश्यक देखिन्छ :

२.१.नियन्त्रणमा परिवर्तनको आधारमा स्पष्टता नभएको

क) आयकर ऐन, २०५८ को दफा ५७ को उपदफा (१) बमोजिम कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्ना स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ ।

विभिन्न कम्पनीहरुको शेयर स्वामित्व विवादमा सर्वोच्च अदालतको फैसलामा स्वामित्व भित्र प्रत्यक्ष र निहीत स्वामित्व दुवै पर्ने व्याख्या गरिएको छ । यस्तो व्याख्याको प्रभावस्वरुप कुनै निकायलाई अर्को निकायले नियन्त्रण गरेकोमा नियन्त्रण गर्ने निकायको वा सोही निकायको स्वामित्व परिवर्तन हुँदाका बखत दफा ५७ आकर्षित हुने देखिन्छ ।

यस उपदफामा **विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्ना स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिने** व्यवस्था भए पनि सो निकायको स**म्पत्ति वा दायित्व** निःसर्ग हुने समय किटान गरिएको छैन । कानूनमा पर्याप्त व्यवस्था नभए पनि स्वामित्व परिवर्तनको दिनलाई आधार मानी निःसर्ग भएको मानिएको सम्पत्ति र दायित्वको लाभ गणना गर्ने गरिएको छ । माथि उल्लेख भए अनुसार यस उपदफाको प्रयोगमा समेत कर निश्चितताको सिद्धान्तको प्रयोगमा चुनौती आउने देखिन्छ ।

ख) आयकर ऐन, २०५८ को दफा ५७ को उपदफा (१) बमोजिम **कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्ना स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिने** व्यवस्था भए अनुसार एक पटक दफा ५७ आकर्षित भइसके पछि आगामी तीन वर्षसम्म स्वामित्व परिवर्तन नभएको वा ५० प्रतिशत भन्दा कम स्वामित्व परिवर्तन भएको अवस्थामा समेत हरेक दिन यस दफा आकर्षित हुन्छ । यस विषयमा फरक फरक अभ्यास गरिएको भए पनि ती कुनै पनि अभ्यास कानून सम्मत छन् भन्न सकिने अवस्था छैन ।

२.२. नियन्त्रणमा परिवर्तनको प्रभावस्वरुप पुँजी मासेर कर तिर्नुपर्ने अवस्था

कुनै पनि निकायको नियन्त्रणमा परिवर्तन भएमा सो निकायको सबै सम्पत्ति बजार मूल्यमा निःसर्ग भएको मानिन्छ । नेपालमा जग्गाको मूल्यमा अत्यधिक वृद्धि भएको कारणले कुनै निकायको स्वामित्वमा जग्गा छ । सो जग्गाको मूल्यमा वृद्धि भएको छ र निकायको स्वामित्व परिवर्तन भएको छ भने सो निकायका शेयरधनीले सो जग्गा बिक्री नगरे पनि पुँजी मानेर आयकर भुक्तानी गर्नुपर्ने अवस्था छ । त्यस्तै कुनै निकायको शेयरमा लगानी छ र बजारमा शेयरको मूल्य बढी छ भने सो अवस्थामा पनि पुँजी मासेर आयकर भुक्तानी गर्नुपर्ने अवस्था छ ।

राजनीतिक अर्थशास्त्रीहरुले नेपालमा लगानीको वातावरण नहुनु र उत्पादनमुखी उद्योगहरुको वृद्धि नहुनुमा जग्गाको अधिक मूल्यलाई समेत दोष दिने गरेका छन् । आयकर ऐनको यस प्रावधानलाई ध्यानमा राख्ने हो भने राज्यको नीति पनि औद्योगिक वातावरण निर्माण भन्दा कर असुलीलाई प्राथमिकतामा राख्ने देखिन्छ ।

२.३. नियन्त्रणमा परिवर्तनको प्रभाव स्वरुप एकै आयका सन्दर्भमा दोहोरो आयकर लगाउने अभ्यास

आयकर ऐन, २०५८ को दफा ५७ र दफा ९५क को प्रयोग भिन्दाभिन्दै रुपमा गरिएको, दफा ५७ आकर्षित हुँदा दफा ९५क कसरी प्रयोग गर्ने, दफा ५७ आकर्षित नभएको अवस्थामा दफा ९५क बमोजिम तिरिएको आयकरको समायोजन कसरी गर्ने भन्ने सम्बन्धमा आवश्यक कानूनी व्याख्या नभएको कारण लगानीकर्तालाई एकै आयका सम्बन्धमा दोहोरो कर लगाइएको छ । आयकर ऐन, २०५८ को दफा ५३, ५४, ५७, ५८ र ९५क को एकैसाथ व्याख्या गरी यस्तो दोहोरो करबाट उन्मुक्ति दिन मिल्ने अवस्थामा समेत त्यस्तो नगरिएको र कर प्रशासनले गरेको कानूनी व्याख्या माथि समेत विभिन्न निकायले फरक फरक प्रश्न उठाउने र कतिपय अवस्थामा त्यस्ता प्रश्नको बैठान कर कानूनको संशोधनमार्फत गर्ने अभ्यास भएकाले यस्तो दोहोरो कर लगाउने अभ्यासलाई बन्देज लगाउनु पर्ने देखिन्छ ।

अन्तराष्ट्रिय अभ्यास हेर्दा विश्वको केही अपवाद बाहेकका देशहरुमा नियन्त्रणको परिवर्तनमा कर लाग्ने अभ्यास रहेको देखिदैन । दक्षिण एसियाली मुलुकहरुमा पनी पाकिस्तान बाहेक अन्य देशहरुमा नियन्त्रणमा परिवर्तनमा कर लाग्ने व्यवस्था छैन । भारत लगायत केहि देशहरुमा नियन्त्रणमा परिवर्तनको व्यवस्था भएको भएता पनि त्यस्तो अवस्थामा कर नलाग्ने व्यवस्था रहेको छ । ती देशहरुमा निकायको सारिएका घाटा (Carry Forward Loss) लाई समायोजन गर्न नदिनका लागि मात्र यस्तो खालको दफा प्रयोग गरेको देखिन्छ । यद्यपि भारतमा भोडाफोनको चर्चित घटना पश्चात भारत बाहिर हुने नियन्त्रणमा परिवर्तनलाई केही अपवादमा भारतमा कर लगाउने व्यवस्था हालसालै गरिएको देखिन्छ ।

कानूनी सुधारको लागि सुझाव

दफा ५७ हाल नेपालको कर प्रणालीको पेचिलो विषय हो । वैदेशिक लगानीमात्र नभएर स्वदेशी लगानीमा समेत यो दफाको असर गम्भिरतापूर्वक लिनु पर्ने अवस्था आईसकेको छ । यद्यपि कर छलीको प्रयोजनका लागि हुने नेपाल बाहिरको नियन्त्रणमा परिवर्तनलाई नेपालमा कर तिर्नु पर्ने व्यवस्था भने आवश्यक देखिन्छ । अतः यस अवस्थामा नेपालभित्रको निकायको नियन्त्रणमा परिवर्तन हुँदा कर नलाग्ने र नेपाल बाहिर हुने नेपालमा निहीत स्वामित्व भएका निकायमा हुने नियन्त्रणमा परिवर्तनलाई भने कर लगाउने व्यवस्था गर्न आवश्यक देखिन्छ । यस्तो अवस्थामा निम्न बमोजिमको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

नेपाली कम्पनीमा निहीत स्वामित्व भएको विदेशमा दर्ता भएको निकायको नियन्त्रणमा परिवर्तनलाई नेपालमा कर लगाउनका लागि निम्न बमोजिमको प्रावधान थप्ने :

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
आयकर ऐनमा दफा ५७क थप गर्ने	नभएको	१) कुनै बासिन्दा निकायको पचास प्रतिशत भन्दा बढी शेयर विदेशी निकायसँग रहेको र सो विदेशी निकायको नेपालमा अवस्थित बासिन्दा निकायमा रहेको लगानी त्यस विदेशी निकायको जम्मा सम्पत्तिको पचास प्रतिशत भन्दा बढी भएमा र

		सो विदेशी निकायको निहीत स्वामित्वमा पचास प्रतिशत वा सो भन्दा बढी परिवर्तन भएमा परिवर्तनको तत्काल अघि सो निकायको नेपालमा अवस्थित निकायको स्वामित्वको सम्पत्ति तथा दायित्वको निःसर्ग भएको मानिनेछ । २) उपदफा (१) बमोजिमको अवस्थामा दफा ५७ को उपदफा (२) र (३) तथा दफा ४१ लागु हुनेछ ।

अन्य निकायको नियन्त्रणमा परिवर्तन हुँदा कर नलाग्ने व्यवस्था गर्नको लागि आयकर ऐन, २०५८ मा देहाय बमोजिम संशोधन गर्ने ।

हालको दफा	**हालको कानूनी व्यवस्था**	**हुनुपर्ने कानूनी व्यवस्था**
आयकर ऐनको दफा ४० को उपदफा ३ को (ङ)	कुनै निकायको सम्बन्धमा दफा ५७ बमोजिमका अवस्थाहरुमा	कुनै निकायको सम्बन्धमा दफा ५७क बमोजिमका अवस्थाहरुमा
आयकर ऐनको दफा ५७ को उपदफा १	कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले बहन गरको दायित्व निःसर्ग गरेको मानिनेछ ।	कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा उपदफा (२) तथा (३) बमोजिम हुनेछ ।

३. पुँजीगत लाभकरको दरमा परिमार्जन

नेपाल सरकारले वैदेशिक लगानी भित्र्याउन धेरै प्रयासहरु गरिरहेको देखिन्छ । विभिन्न लगानी सम्मेलनदेखि वैदेशिक लगानीका कम्पनीहरुको दर्ताको लागि एकद्वार प्रणाली लागू गर्ने लगानी बोर्डको गठन आदि यसका महत्वपूर्ण प्रयासहरु हुन् । विभिन्न प्रयासको बाबजुत पछिल्लो पाँच वर्षमा औसत वर्षेनी रु. ४ अर्ब हाराहारी मात्रै विदेशी लगानी नेपाल आएको छ । हामीजस्तै अल्पविकसित एसियाली राष्ट्र लाओस, कम्बोडिया म्यानमार आदिमा भन्दा नेपालमा वैदेशिक लगानी भित्रिने संख्या तथा रकम धेरै गुणा न्यून छ । अतः यसरी हाम्रो अथक प्रयासका बाबजुद पनि नेपालमा वैदेशिक लगानी नभित्रिनुका कारणहरु मध्ये मुख्य कारण विदेशी लगानीमैत्री कर प्रणाली नहुनु, विदेशी लगानीबाट आर्जित मुनाफा फिर्ता लैजाने तथा लगानीकर्ताले चाहेको बेलामा लगानीसमेत फिर्ता लाने प्रक्रिया झञ्झटिलो हुनु पनि हो ।

सन् २०२० को डुइङ्ग बिजनेश इन्डेक्समा नेपाल ९४औं स्थानमा रहेको पाइन्छ । नेपालको करको दर दक्षिण एसियाली मुलुकहरुको दाँजोमा धेरै फरक छैन तर दक्षिण पूर्वीय एसियाली राष्ट्रहरुको तुलनामा औसतमा दश प्रतिशत विन्दुले बढी छ । नेपालमा गरेको लगानीलाई बिक्री गर्दा लाग्ने पुँजीगत लाभकरको दर दक्षिण एसिया सबैभन्दा बढी छ ।

विदेशी लगानीकर्ताहरुले उनीहरुले लगानी गरेको संस्थाको लगानी नि:सर्ग गर्दा लाग्ने करलाई धेरै महत्वका साथ लिने गर्दछन् । विदेशी कम्पनी वा गैर बासिन्दा व्यक्तिले नेपालमा रहेको उसको लगानी बिक्री गर्दा २५ प्रतिशत लाभकर लाग्ने व्यवस्था नेपालको विद्यमान आयकर ऐनले गरेको छ। त्यसमाथि आयकर ऐनले लाभकर गणना गर्दा मुद्रास्फितिको समायोजन गर्ने व्यवस्था गरेको छैन । यसर्थ हाम्रो लाभकरको दर अन्य राष्ट्रहरुको तुलनामा धेरै रहेको छ। हामी जस्ता एसियाली मुलुकहरुको लाभकर यस प्रकार रहेको छ।

देश	**लाभकर दर**
भारत	दीर्घकालीन लगानीको लाभकर १० प्रतिशत, अल्पकालीन लगानीको लाभकर २० प्रतिशत
म्यानमार	१० प्रतिशत
मलेसिया	१० प्रतिशत
भियतनाम	२० प्रतिशत
बंगलादेश	१५ प्रतिशत
पाकिस्तान	६ वर्ष भन्दा बढीको लगानीमा लाभकर नलाग्ने सो भन्दा कम समयको लगानीमा लाभकर १५, १२.५,१०,७.५,५ वा २.५ प्रतिशत
चीन	२० प्रतिशत सूचीकृत संस्थाको लगानीमा लाभकर नलाग्ने
जापान	१५ प्रतिशत

यसको अतिरिक्त नेपालमा निकायको पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन हुँदा सम्बन्धित निकायलाई समेत दफा ५७ अर्न्तगत आयकर लाग्ने अवस्था रहेको छ।

बहराइन, सिंगापुर, जमैका, केम्यान आइल्याण्ड, न्युजिल्याण्ड जस्ता धेरै देशमा लाभकर लाग्दैन । यसर्थ हाम्रो देशमा लाभकर अन्तराष्ट्रिय अभ्यास भन्दा धेरै रहेको देखिन्छ। यो विदेशी लगानीको प्रमुख बाधक हो। अत: यसमा पुनरावलोकन आवश्यक रहेको देखिन्छ।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	**हालको कानूनी व्यवस्था**	**हुनुपर्ने कानूनी व्यवस्था**
आयकर ऐन २०५८ को दफा ९५क को उपदफा २(क)	नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको नि:सर्गबाट प्राप्त भएको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तिन सय पैंसठ्ठी दिन भन्दा बढी अवधि	नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको नि:सर्गबाट प्राप्त भएको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तिन सय पैंसठ्ठी दिन भन्दा बढी अवधि

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
	स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीन सय पैंसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकममा सात दशमलव पाँच प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले,	स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीन सय पैंसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकममा सात दशमलव पाँच प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पन्ध्र प्रतिशतका दरले,
आयकर ऐन २०५८ को दफा ९५क को उपदफा २ (ख)	नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको दश प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको पन्ध्र प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले ।	नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको दश प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको पन्ध्र प्रतिशत र अन्यको हकमा लाभ रकमको पन्ध्र प्रतिशतका दरले ।
आएकर ऐन २०५८ को अनुसूची १ को दफा २ मा उपदफा ९ थप्ने	हाल नभएको	प्रचलित कानून बमोजिम दर्ता भई धितोपत्रको खरिद बिक्रीको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै निकायलाई कुनै बासिन्दा निकायमा रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम कर लाग्नेछ : क) नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा तिन सय पैंसठ्ठी दिन भन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभको रकममा पन्ध्र प्रतिशत र तीन सय पैंसठ्ठी दिन भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभको रकममा बीस प्रतिशत । ख) नेपाल धितोपत्र बोर्डमा सूचीकृत नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा तिन सय पैंसठ्ठी दिन भन्दा बढी अवधि स्वामित्वमा रहेको

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
		हितको लाभको रकममा बिस प्रतिशत र तिन सय पैंसठ्ठी दिन भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभको रकममा पच्चीस प्रतिशत ।
आयकर ऐन, २०५८ को अनुसूची १ को उपदफा (८)	गैरबासिन्दा प्राकृतिक व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा पच्चीस प्रतिशतको दरले कर लाग्नेछ ।	गैरबासिन्दा प्राकृतिक व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा पच्चीस प्रतिशतको दरले कर लाग्नेछ । तर गैरबासिन्दा प्राकृतिक व्यक्तिको हकमा देहाय बमोजिम कर लाग्नेछ । क) नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा तिन सय पैंसठ्ठी दिन भन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभको रकममा पन्ध्र प्रतिशत र तीन सय पैंसठ्ठी दिन भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभको रकममा बीस प्रतिशत । ख) नेपाल धितोपत्र बोर्डमा सूचीकृत नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा तीन सय पैंसठ्ठी दिन भन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभको रकममा बिस प्रतिशत र तिन सय पैंसठ्ठी दिन भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभको रकममा पच्चीस प्रतिशत ।
दफा ६७ को स्पष्टीकरण (क)	नेपालमा रहेको सम्पत्ति भन्नाले नेपालमा रहेको जग्गा जमिन वा भवनहरु तथा बासिन्दा व्यक्तिको कुनै विदेशी राष्ट्रमा रहेका जग्गा जमिन वा भवन बाहेकका सम्पत्ति वा सो व्यक्ति दफा ६९ बमोजिम नियन्त्रित विदेशी निकायसँग सम्बद्ध रहेमा सो	नेपालमा रहेको सम्पत्ति भन्नाले नेपालमा रहेको जग्गा जमिन वा भवनहरु, गैर बासिन्दा व्यक्तिको बासिन्दा निकायमा रहेको हित तथा बासिन्दा व्यक्तिको कुनै विदेशी राष्ट्रमा रहेका जग्गा जमिन वा भवन बाहेकका सम्पत्ति वा सो व्यक्ति दफा ६९ बमोजिम नियन्त्रित विदेशी निकायसँग

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
	निकायमा रहेको निजको हित समेत सम्झनु पर्छ ।	सम्बद्ध रहेमा सो निकायमा रहेको निजको हित समेत सम्झनु पर्छ ।

४. **बोनस शेयरमा करारोपण**

संसारका प्राय देशहरुमा बोनस सेयर जारी गर्दाका बखत कर लाग्ने व्यवस्था छैन । तर आयकर ऐन, २०५८ को दफा ५३ उल्लिखित निकायबाट हुने वितरण (निकायबाट आफ्नो हिताधिकारीलाई कुनै पनि हैसियतले गरिएको भुक्तानी वा मुनाफाको पुँजीकरण)लाई दफा ५४ अनुरुप लाभांश मानि दफा ८८ को अधिनमा रही ५ प्रतिशत रकम अन्तिम रुपमा कर कट्टी हुने गरेको छ ।

कुनै पनि निकायको आयमा कर लगाई सकेपछि लाभांशमा पनि कर लगाउँदा एउटै आम्दानीमा दोहोरो कर लाग्ने अवस्था आउँछ जुन अन्तराष्ट्रिय कर कानूनको मान्यताको विरुद्धमा हुन्छ । यद्यपि संसारका धेरै मुलुकहरुले कम्पनीले नगद लाभांश बाड्ने कामलाई भन्दा शेयर लाभांश बाड्ने कामलाई प्राथमिकता दिनको लागि नगद लाभांशलाई कर लगाउने र शेयर लाभांशलाई लाभांश बाड्दा कर नलगाउने गरेको पाईन्छ ।

नगद लाभांशको कारण तत्काल नगद प्रवाह हुन्छ । तर नगद लाभांशको सट्टा बोनस शेयर जारी गरिएमा व्यवसायमा नगद परिचालित भई थप रोजगारी सिर्जना गर्न सक्ने, निकायको आम्दानीमा वृद्धि भई कर समेत बढी उठ्न सक्ने सम्भावना रहन्छ । तसर्थ बोनस शेयरको वितरणको रुपमा मुनाफाको वितरणलाई फरक करारोपण गर्नु उपयुक्त हुन्छ ।

सञ्चित मुनाफा पुँजीकरण गरी बोनस शेयर जारी गर्दाको अवस्थामा करारोपण नगरी सो शेयरको लागत मूल्य शून्य बनाइएमा सो शेयर बेचबिखन गर्दा हुने लाभ गणना गर्दा बिक्री रकम नै लाभ भै सो रकममा करारोपण हुन जान्छ, जुन अहिलेको व्यवस्था भन्दा राज्यका लागि फाइदाजनक छ ।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	प्रचलित व्यवस्था	प्रस्तावित संशोधन
दफा ५३ को उपदाफा १	निकायबाट हुने वितरणमा देहायका कुराहरु समावेश गर्नु पर्नेछ । ख) मुनाफाको पुँजीकरण ।	निकायबाट हुने वितरणमा देहायका कुराहरु समावेश गर्नु पर्नेछ । ~~ख) मुनाफाको पुँजीकरण ।~~
दफा ५३ को उपदाफा ४	देहायको कुनै अवस्थामा कुनै निकायको वतरणलाई दफा ५५ को अधीनमा रही मुनाफाको वितरण मानिनेछ । ख) मुनाफाको पुँजीकरण भएमा ।	देहायको कुनै अवस्थामा कुनै निकायको वतरणलाई दफा ५५ को अधिनमा रही मुनाफाको वितरण मानिनेछ । ~~ख) मुनाफाको पुँजीकरण भएमा ।~~

हालको दफा	प्रचलित व्यवस्था	प्रस्तावित संशोधन
दफा ५३ को स्पष्टीकरण	यस दफाको प्रयोजनको लागि "मुनाफाको पुँजीकरण " भन्नाले बोनस शेयर वा यस्तै कुनै हित जारी गरी पुँजीकृत गरेको वा सो निकायको हितको चुक्ता रकममा वृद्धि गरेको वा निकायको प्रिमियम तथा पुँजी खातामा नाफालाई आम्दानी बाँधेको समेतलाई जनाउँछ ।	~~यस दफाको प्रयोजनको लागि "मुनाफाको पुँजीकरण " भन्नाले बोनस शेयर वा यस्तै कुनै हित जारी गरी पुँजीकृत गरेको वा सो निकायको हितको चुक्ता रकममा वृद्धि गरेको वा निकायको प्रिमियम तथा पुँजी खातामा नाफालाई आम्दानी बाँधेको समेतलाई जनाउँछ ।~~
दफा ५४ को उपदफा ६	नभएको ।	बासिन्दा निकायले मुनाफाको पुँजीकरण गरेमा पुँजीकरण गरेको अवस्थामा सो हित बापत हिताधिकारीले कुनै रकम प्राप्त गरेको मानिने छैन । स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "मुनाफाको पुँजीकरण " भन्नाले बोनस शेयर वा यस्तै कुनै हित जारी गरी पुँजीकृत गरेको वा सो निकायको हितको चुक्ता रकममा वृद्धि गरेको वा निकायको प्रिमियम तथा पुँजी खातामा नाफालाई आम्दानी बाँधेको समेतलाई जनाउँछ ।

५. **दफा ५६ (३) को व्याख्या : पुँजीमा आयकर**

नेपाल सरकारले आर्थिक ऐन, २०८० को दफा २६ मा फर्दर पब्लिक अफरिङ (एफपिओ) जारी गरी प्राप्त रकमबाट लाभांश बापत वितरित बोनस शेयरको रकम आयमा समावेश नगरेका निकायलाई शुल्क र ब्याज मिनाहा सम्बन्धी निम्न बमोजिम विशेष व्यवस्था गरेको थियो :

कुनै निकायले फरदर पब्लिक अफरिङ (एफपिओ) बाट प्रिमियम मूल्यमा शेयर जारी गरी प्राप्त भएको रकममध्ये आर्थिक वर्ष २०७८/७९ सम्म हिताधिकारीलाई बोनस शेयरको रूपमा वितरण गरेको लाभांश रकमलाई आयकर ऐन, २०५८ को दफा ५६ को उपदफा (३) बमोजिम आयमा समावेश गरी कर दाखिला नगरेको भए उक्त रकममा लाग्ने कर संवत २०८० साल मंसिर मसान्तभित्र दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ ।

आर्थिक ऐन, २०८० ले आयकर ऐनको दफा ५६(३) बमोजिम फर्दर पब्लिक अफरिङबाट प्राप्त प्रिमियम रकमबाट बोनस शेयर वितरण गरेमा सो रकम आयमा समावेश गरी कर तिर्नुपर्ने र नतिरेको भए २०८० मंसिर मसान्तसम्म दाखिला गरेमा शुल्क तथा ब्याज मिनाहा हुने व्यवस्था उल्लेख गरेको थियो ।

आर्थिक ऐनको उक्त व्यवस्थाको कारण फरदर पब्लिक अफरिङ (एफपिओ) बाट प्रिमियम मूल्यमा शेयर जारी गर्ने तथा हकप्रद शेयरको लिलामीबाट विभिन्न निकायहरुले सङ्कलन गरेको प्रिमियम मूल्यमा आयकर लाग्ने अवस्था सिर्जना भएको छ। यसरी, यस दफाको कारण अन्तराष्ट्रिय रुपमा मानिएको आयकर कै सिद्धान्त विपरित हुने गरी कम्पनीहरुले विभिन्न शिर्षकमा (लेखामानको व्यवस्था अनुसार नामाकारण गरिएको) पुँजी सङ्कलन गर्दा आयकर लाग्ने अवस्था सिर्जना भएको छ।

आर्थिक ऐनमा फर्दर पब्लिक अफरिङ (एफपिओ) जारी गरी प्राप्त प्रिमियम रकमबाट वितरित बोनस शेयरको रकम आयमा समावेश गर्न **आयकर ऐन, २०५८ को दफा ५६ (३) मा निम्नानुसारको व्यवस्थालाई आधार लिइएको छ:**

*"कुनै निकायले कुनै हिताधिकारीलाई लाभांशको रुपमा मुनाफा बाहेकको **लाभांश** वितरण गरेमा त्यस्तो लाभांशको रकमलाई सो निकायको आय गणना गर्दा समावेश गर्नु पर्नेछ।*

तर तोकिएको कुनै अवस्थामा यो उपदफामा उल्लेख गरिएको कुरा लागू नहुने गरी व्यवस्था गर्न सकिनेछ। "

दफा ५६ (३) को व्यवस्था लागू नहुने अवस्था सम्बन्धमा सोही दफाको प्रतिबन्धात्मक वाक्यांश बमोजिम आयकर नियमावलीको नियम १८ मा देहायको व्यवस्था रहेको छ :

"(१) ऐनको दफा ५६को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि कुनै निकायले देहायको कार्यको लागि कुनै हिताधिकारीलाई सो निकायको व्यवसाय सञ्चालनको सिलसिलामा नभई अन्य कारणले मुनाफा बाहेकको लाभाँश वितरण गरेमा आय गणना गर्दा समावेश गर्नुपर्ने छैन :

(क) सो निकायबाट हिताधिकारीलाई उपलब्ध गराइएको सेवा, वा

(ख) हिताधिकारीको प्रयोगको लागि उपलब्ध गराइएको सो निकायको स्वामित्वमा रहेको सम्पत्ति।"

नियमावलीमा भएको व्यवस्थाले व्यवसाय सञ्चालनको सिलसिलामा नभई अन्य कारणले मुनाफा बाहेकको लाभांश वितरण गरेमा आय गणना गर्दा समावेश गर्नुपर्ने छैन भनी थप स्पष्ट गरेको छ।

आयकर ऐन, २०५८ मो दफा २ को उपदफा (कघ) अनुसार **लाभांश** भन्नाले **निकायबाट हुने वितरण** हो। सोही ऐन को दफा ५३ को उपदफा (१) बमोजिम **निकायबाट हुने वितरण**मा देहायका कुराहरु समावेश गर्नु पर्नेछ :

क) निकायबाट आफ्नो कुनै हिताधिकारीलाई कुनै पनि हैसियतले गरिएको भुक्तानी वा

ख) मुनाफाको पुँजीकरण।

त्यस्तै आयकर ऐन, २०५८ को दफा ५३ को उपदफा (३) को व्यवस्था अनुसार कुनै निकायको वितरणले सो निकायको सम्पत्ति र दायित्वको मूल्य घटाउने भएमा मात्र त्यस्तो वितरण मुनाफाको वितरण वा पुँजी फिर्ता मानिनेछ भनी उल्लेख गरेको छ।

यसरी दफा ५३ (१) र दफा ५३ (३) लाई अध्ययन गर्दा शेयर प्रिमियम रकमबाट बोनस शेयर जारी गर्दा निकायको सम्पति र दायित्वको मूल्य घट्ने नदेखिँदा शेयर प्रिमियमबाट बोनस शेयर जारी गरिएको रकम दफा ५३(१)(क) बमोजिम निकायको वितरण हुने आधार बलियो देखिदैन।

त्यसैगरी दफा ५३ मै ५३(१) (ख) को व्यवस्था सम्बन्धमा देहायको स्पष्टीकरण समेत रहेको छ :

यस दफाको प्रयोजनको लागि "मुनाफाको पूँजीकरण" भन्नाले बोनस शेयर वा यस्तै कुनै हित जारी गरी पुँजीकृत गरेको वा सो निकायको हितको चुक्ता रकममा वृद्धि गरेको वा निकायको प्रिमियम तथा पुँजी खातामा ***नाफालाई आम्दानी बाँधेको*** *समेतलाई जनाउँछ ।*

यस स्पष्टीकरण **मुनाफाको पुँजीकरणको** स्पष्टीकरण भएकोले यस स्पष्टीकरणमा उल्लेख भएको बोनस शेयर नाफाबाट वितरित बोनस शेयरमात्र हो भनेर व्याख्या गर्न सकिने भएको हुँदा यस स्पष्टीकरणले शेयर प्रिमियम रकमबाट जारी गरिएको बोनस शेयरलाई समेट्छ भनेर यकिन साथ भन्न सकिने अवस्था छैन । त्यसैगरी उपरोक्त स्पष्टीकरणको अन्तिम पदावलीले **नाफालाई आम्दानी बाँधेको** भनी किटान साथ लेखेको कारण नाफा बाहेकको रकम पुँजीकरण गरेको विषयलाई यस स्पष्टीकरणले समेटेको जस्तो देखिँदैन ।

कुनै कम्पनीले फर्दर पब्लिक अफरिङ (एफपिओ) जारी गरी प्राप्त प्रिमियम रकमबाट बोनस शेयर जारी गर्छ भने बोनस शेयर बराबरको रकम उक्त कम्पनीका शेयरधनीहरुको आय हुने हुँदा रकमको परिमाणीकरण दफा २७ बमोजिम गरी दफा ७ वा ९ बमोजिम आयमा समावेश हुने तर दफा ५४ बमोजिम लाभांश कर आर्कषित नहुने देखिन्छ ।

तसर्थ माथि गरिएको विश्लेषण अनुसार शेयर प्रिमियममा कर लगाउने सम्बन्धमा देहाय अनुसारको निष्कर्ष र सुझाव रहेको छ ।

- शेयर प्रिमियम पुँजी कै स्वरुप भएको र यसलाई निकायको आयको रुपमा गणना गर्न मिल्दैन । आयकर, आयमा मात्र लाग्ने र पुँजी योगदानमा नलाग्ने सर्वमान्य सिद्धान्त भएकोले शेयर प्रिमियम रकममा आयकर लाग्नु भनेको पुँजीमा कर लाग्नु सरह हो । पुँजीमा कर लाग्ने स्थिति भएमा पुँजी पलायन हुने वा लगानीको वातावरण बन्न नसक्ने स्थितिको सिर्जना हुन जाने हुँदा हुँदा शेयर प्रिमियम रकम उपर कर लाग्ने व्यवस्था गर्दा सो तर्फ ध्यान दिनु उचित हुने देखिन्छ ।
- शेयर प्रिमियम प्राप्त भएकै बखत आय नहुने तर त्यही प्रिमियम बोनस शेयर वितरण गर्दा आय हुने भन्ने व्यवस्थाको स्पष्ट सैद्धान्तिक आधार छैन । आय लेखाकंनको समयको अवधारणा अनुसार यसलाई आय मान्न मिल्दैन ।
- आयकर ऐनको दफा ७ अनुसार व्यवसाय सञ्चालनबाट भएको मुनाफा वा लाभलाई मात्र कर प्रयोजनको लागि व्यावसयिक आय मान्ने व्यवस्था भएकोमा शेयर प्रिमियम व्यवसाय सञ्चालनसँग सम्बन्धित मुनाफा मात्र नभई लाभ समेत नभएको देखिन्छ ।
- शेयर प्रिमियमबाट जारी भएको बोनस सेयर ऐनको दफा ५३(३)को शर्त पुरा नभएकोले ऐनको दफा ५३ (१) (क) अनुसारको वितरण भएको मान्न मिल्ने आधार देखिदैन ।
- शेयर प्रिमियमबाट जारी भएको बोनस शेयर मुनाफाको पुँजीकरण नभएकोले ऐनको दफा ५३ (१) (ख) अनुसारको वितरण भएको मान्न मिल्ने आधार देखिदैन ।

- आयकर प्रयोजनको लागि कम्पनी र शेयरधनीहरु छुट्टै किसिमले उत्तरदायी हुने हुँदा फर्दर पब्लिक अफरिङ (एफपिओ), वा अन्य कुनै माध्यमबाट प्राप्त प्रिमियम रकमबाट बोनस शेयर जारी गर्दा निकायलाई दफा ५६(३) आकर्षित नभई निकायका शेयरधनीलाई दफा ७ वा ९ बमोजिम कर लाग्ने देखिन्छ।
- तसर्थ पुँजीमा आयकर लगाएको कारण पुँजी पलायन हुन सक्ने तथा वैदेशिक लगानीमा पर्न सक्ने नकारात्मक असर र अन्तराष्ट्रिय अभ्यासलाई मनन गर्दै पुँजीमा आयकर नलाग्ने गरी आर्थिक ऐन मार्फत स्पष्ट पार्न आवश्यक देखिन्छ।

६. पर्यटन उद्योगलाई कर छुट

नेपाल प्राकृतिक र साँस्कृतिक दृष्टिकोणले पर्यटनको अत्याधिक सम्भावना भएको ठाँउ हो। तर नेपालको कुल ग्रार्हस्थ्य उत्पादनमा पर्यटनको हिस्सा ६/७ प्रतिशतको हाराहारीमा मात्र रहेको छ। तसर्थ नेपालको पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी आर्थिक विकास गर्न सक्ने प्रसस्त अवसर रहेको छ।

आयकर ऐन, २०५८ को दफा ११(३)(ग) मा एक अर्ब भन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सय भन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने पर्यटन उद्योगलाई कारोबार शुरु गरेको पाँच वर्ष सम्म पूर्णरुपमा आयकर छुट दिई त्यस पछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत कर लाग्ने व्यवस्था रहेको छ।

तर आयकर ऐनमा पर्यटन उद्योगको परिभाषा उल्लेख गरिएको छैन। जसले गर्दा उक्त छुट पाउने नपाउने सन्बन्धमा धेरै द्विविधाहरु रहेको छ। त्यसैगरी, यसरी एक अर्ब भन्दा बढी लगानी गर्ने पर्यटन उद्योगलाई आयकरमा छुट सम्बन्धी व्यवस्था रहेको तर उक्त छुट पाउने व्यवसाय नेपालमा हालको समयमा एकदम कम छन्। तसर्थ विभिन्न पर्यटकिय क्षेत्रहरुमा स-सानो लगानीमा पर्यटन व्यवसायमा आउन चाहने व्यवसायीलाई लगानी गर्न प्रोत्साहन गर्नको लागि साना लगानीकर्तालाई समेत आयकरमा छुट दिने व्यवस्था गर्न आवश्यक देखिन्छ।

आ.व. २०८०/८१ मा हवाई यातायतमा मू.अ.कर लाग्न शुरु भएसँगै पर्यटकहरुको खर्चमा वृद्धि भएको छ। एकातर्फ, पर्यटकीय क्षेत्रसम्म पुग्ने सडकको अवस्था बिग्रनु र हवाई शुल्क समेत वृद्धि हुँदा यसले पर्यटन क्षेत्रलाई ठूलो असर पारेको देखिन्छ। तसर्थ, यस कारणबाट अर्थतन्त्रमा पर्न सक्ने नकारात्मक असरको विश्लेषण गर्न आवश्यक देखिन्छ।

अन्तराष्ट्रिय अभ्यास हेर्ने हो भने भुटानले High Value Low Volume पर्यटन नीति अवलम्बन गरीरहेको देखिन्छ। भुटानले प्रति पर्यटक प्रति दिन अमेरिकी डलर २०० दिगो विकास शुल्क शिर्षकमा सङ्कलन गर्दै आएको छ। त्यसैगरी माल्दिभ्सले २०२५ को शुरु देखि पर्यटकहरुबाट हरित कर सङ्कलन गर्न शुरु गरेको छ। यस शिर्षकमा होटेल तथा रिसोर्टहरुले पर्यटकहरुबाट प्रति रात ६ देखि १२ अमेरिकी डलर रकम सङ्कलन गर्नुपर्ने हुन्छ।

कानूनी सुधारको लागि सुझाव

- हवाई यातायतमा मू.अ.कर नलाग्ने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।
- साहसिक पर्यटन, धार्मिक पर्यटन, स्वास्थ्य पर्यटन, मनोरन्जन, आदि क्षेत्रमा तोकिएको न्यूनतम रकम लगानी गर्ने व्यवसायले व्यवसायको लागि आयात गर्ने सबै वस्तुमा भन्सार महशुल सहुलियत दिन आवश्यक देखिन्छ।
- पर्यटन क्षेत्रको सबै भन्दा ठूलो लगानी स्थिर सम्पत्तिमा हुने भएकोले ती सम्पत्ति बापतका खर्चकट्टीलाई छिटो प्रदान गर्नको लागि Accelerated Depreciation कट्टी को सुविधा दिन आवश्यक देखिन्छ। त्यसैगरी पर्यटन उद्योगको सम्पत्ति करमा सहुलियत समेत दिन आवश्यक देखिन्छ।

- त्यस्तैगरी विभिन्न पर्यटकीय क्षेत्रहरुमा स-सानो लगानीमा पर्यटन व्यवसायमा आउन चाहने व्यवसायीलाई लगानी गर्न प्रोत्साहन गर्नको लागि साना लगानीकर्तालाई समेत आयकरमा छुट दिने व्यवस्था गर्न आवश्यक देखिन्छ ।

७. पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी

आयकर ऐनको दफा ११(३च) मा कुनै निकायले देहाय बमोजिमको कार्य गरी सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ भनी उल्लेख भएको छ ।

क) ट्राम वा ट्रलि बस सञ्चालन गरेमा चालीस प्रतिशत,

ख) रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन गरेमा चालीस प्रतिशत,

ग) सडक, पुल, शुरुङ्गमार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गरेमा पचास प्रतिशत ।

तर पछिल्ला वर्षहरुमा निजी क्षेत्रले केवलकार निर्माणमा केही लगानी गरे तापनि अन्य क्षेत्रमा भने उल्लेखनीय लगानी हुन सकेको छैन । यसबाट आयकर छुट मात्र दिँदैमा व्यवसायीहरुलाई व्यवसाय गर्न प्रोत्साहन मिल्दैन भन्ने देखिन्छ । तसर्थ यस्ता पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रोत्साहन गर्नको लागि ती व्यवसायहरुले उक्त प्रयोजनाबाट लगानी पूर्ण रुपमा उठ्ने सुनिश्चिता हुने वातावरण सरकारले सिर्जना गर्न आवश्यक छ ।

अन्तराष्ट्रिय अभ्यास हेर्दा भारतले BOOT परियोजनाहरुलाई प्रोत्साहन गर्नको लागि आयकर ऐनको दफा ८० मार्फत दश वर्षको लागि आयकर छुट प्रदान गरेको छ । त्यसैगरी, यस्ता परियोजनाहरुमा प्रयोग हुने वस्तुमा समेत भन्सार महशुल छुट तथा सहुलियत दिदै आएको छ । त्यसैगरी बंगलादेशमा यस्ता परियोजनाहरुलाई आयकरमा ९० प्रतिशत सम्म छुट दिइएको छ । साथै त्यस्ता परियोजनाहरुले आयात गर्ने मेशिनरी तथा उपकरणहरुमा समेत भन्सार महशुल छुट दिइएको छ ।

कानूनी सुधारको लागि सुझाव

- पूर्वाधार परियोजनामा लगानी गर्ने उद्देश्य राखी बढी खुद सम्पत्ति भएका प्राकृतिक व्यक्तिहरुलाई यस क्षेत्रमा लगानी गर्न आकर्षित गर्न आयकर नलाग्ने बचत ऋणपत्र जारी गर्ने र सो ऋणपत्र बेचेर उठेको रकम ती परियोजनामा मात्र लगानी गर्ने ।
- आयकर छुटलाई निरन्तरता दिने ।
- विदेशी लगानीलाई आकर्षित गर्नको लागि पुँजीगत लाभकर घटाउने ।
- खेलकुद विकासका लागि रंगशाला निमार्ण गरी सञ्चालन गरेमा आयकर छुट दिने व्यवस्था गर्ने । BOOT मोडेलमा निर्माण गरी सञ्चालन गरेमा भन्सार महशुलमा समेत छुट दिन सकिने ।
- BOOT अर्न्तगत निर्माण गर्न सकिने छनौट भएका परियोजनाहरुको रोयल्टी निर्धारण, परियोजना हस्तान्तरण अवधि निर्धारण आदि विषयमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सहयोग लिन सकिने ।

८. भेन्चर क्यापिटल र प्राइभेट इक्विटीको आयमा कर छुट

भेन्चर क्यापिटल तथा प्राइभेट इक्विटी फण्डहरुले विभिन्न व्यवसायहरुमा शुरुवाती अवस्थामा लगानी गरी ती व्यवसायहरुबाट निश्चित प्रतिफल लिई निश्चित समय पश्चात लगानी निःसर्ग गर्ने गर्दछन् । स्टार्ट अप व्यवसाय तथा शुरुवाती चरणमा

रहेको व्यवसायहरुको लागि यस्ता निकायहरु पुँजी सङ्कलनको महत्वपूर्ण श्रोतहरु हुन् । अन्य देशहरुमा धेरै अघि देखि यस्ता निकायहरुले विभिन्न व्यवसायहरुमा लगानी गर्दै आइरहेकोमा नेपालमा भने भर्खर मात्र यस्ता निकायहरुको स्थापना हुन थालेको छ । तर ती निकायहरुको वृद्धि र लगानी भने उत्साहजनक देखिदैन । यस्ता कोषहरुको सञ्चालनका लागि कोष प्रबन्धकले धितोपत्र बोर्डबाट छुट्टै अनुमति लिएको मात्र आधारमा यिनीहरुलाई निकाय मानी सोही सरह आयकर र लाभांश कर लाग्दै आइरहेको छ ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा भारतमा भेन्चर क्यापिटलको आम्दानीमा पूर्ण कर छुट गरिएको छ । ती निकायले पाउने लाभांश तथा पुँजीगत करमा समेत छुट दिइएको छ । श्रीलंकामा पनि भेन्चर क्यापिटलको आम्दानीमा कर छुट गरिएको छ ।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	**हालको कानूनी व्यवस्था**	**हुनुपर्ने कानूनी व्यवस्था**
आयकर ऐन २०५८ को दफा १० को खण्ड ङ	देहायका रकमहरुमा कर छुट हुनेछ : नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त लगानी कोष (म्यूचुअल फण्ड) ले आफ्नो उद्देश्य अनुसार आर्जन गरेको रकम	देहायका रकमहरुमा कर छुट हुनेछ : नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त लगानी कोष (म्यूचुअल फण्ड), विशिष्टीकृत लगानी कोष (भेन्चर क्यापिटल र प्राइभेट इक्विटी) ले आफ्नो उद्देश्य अनुसार आर्जन गरेको रकम
आयकर ऐन २०५८ को दफा ८८ (१)	तर देहायको भुक्तानीमा देहायको दरले कर कट्टी गर्नु पर्नेछ । ६) सामुहिक लगानी कोषबाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम भुक्तानीमा पाँच प्रतिशतको दरले ।	तर देहायको भुक्तानीमा देहायको दरले कर कट्टी गर्नु पर्नेछ । ६) सामुहिक लगानी कोष, विशिष्टीकृत लगानी कोष (भेन्चर क्यापिटल र प्राइभेट इक्विटी)बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम भुक्तानीमा पाँच प्रतिशतको दरले ।
आयकर ऐन २०५८ को दफा ९२ (१) ञ	देहायको भुक्तानीलाई अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिनेछ : ञ) सामुहिक लगानी कोषबाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम ।	देहायको भुक्तानीलाई अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिनेछ : ञ) सामुहिक लगानी कोष, विशिष्टीकृत लगानी कोष (भेन्चर क्यापिटल र प्राइभेट इक्विटी)ले प्राकृतिक व्यक्तिलाई वितरण गर्ने प्रतिफल रकम ।

९. स्वेट इक्विटीमा आयकर

सरकारले जारी गरेको आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न अध्यादेश संसदबाट प्रतिस्थापित भई ऐनको रुपमा लागू समेत भइसकेको छ जसले कम्पनी ऐन, २०६३ को दफा १८ मा संशोधन गर्दै कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरु कुनै किसिमबाट शेयर जारी गर्न सक्ने (स्वेट इक्विटी) प्रावधानको व्यवस्था गरेको छ । पछिल्लो समय विभिन्न स्टार्ट अप व्यवसायहरुको उदय नेपालमा पनि हुन थालेको छ । यस अवस्थामा कम्पनी ऐनमा समेत स्वेट इक्विटी सम्बन्धी व्यवस्था थप भएकोले आगामी दिनमा स्वेट इक्विटी शेयर जारी गर्ने प्रचलन बढ्न सक्ने अनुमान गर्न सकिन्छ । तसर्थ यस सम्बन्धमा स्वेट इक्विटी शेयर जारी गर्दा स्वेट इक्विटी शेयर प्राप्त गर्ने व्यक्तिलाई लाग्ने कर तथा जारी गर्ने निकायले सो बापत लेखाङ्कन गर्ने खर्च अथवा सम्पत्तिको कर कट्टीको सम्बन्धमा कानूनी व्यवस्था प्रस्ट पार्न आवश्यक देखिन्छ ।

आयकर ऐन, २०५८ मा स्वेट इक्विटी शेयर प्राप्त गर्ने व्यक्तिलाई कर लगाउन सक्ने आधार भए पनि कर कहिले लाग्ने, कहिले भुक्तानी गर्ने, भुक्तानी गर्ने दायित्व कसको हुने आदि विषयमा भने प्रष्ट व्यवस्था छैन । कुनै निकायले कुनै व्यक्तिलाई कुनै सेवा वा बौद्धिक सम्पत्ति वा अन्य कुनै कार्य बापत स्वेट इक्विटी शेयर जारी गरेमा यसरी हुने खर्च वा सिर्जना हुने सम्पत्ति बापत निकायले खर्च कट्टी गर्न पाउने व्यवस्था बारेमा ऐनमा प्रष्ट व्यवस्था रहेको छैन । आयकर ऐन, २०५८ को अनुसूची-०२ मा वर्ग ङ अर्न्तगतका अदृष्य सम्पत्तिहरुको ह्रासकट्टी पाउने भनेकोमा उक्त अदृष्य सम्पत्तिलाई परिभाषामा उल्लेख गर्न आवश्यक छ ।

अन्तराष्ट्रिय अभ्यास हेर्दा भारतमा यस किसिमको कारोबारमा प्रापकको सन्दर्भमा निजले प्राप्त गरेको स्वेट इक्विटी शेयर बापतको आम्दानीलाई पेशा/व्यवसायबाट प्राप्त आम्दानी मानी कर लगाइन्छ । त्यसैगरी, पेशा/व्यवसायसँग असम्बन्धित हुने गरी प्राप्त स्वेट इक्विटी शेयर बापतको आम्दानीलाई अन्य श्रोतबाट प्राप्त आम्दानी मानी कर लगाइन्छ । त्यसैगरी, स्वेट इक्विटी शेयर जारी गर्ने निकायले कुनै खर्चको बापत स्वेट इक्विटी शेयर जारी गर्दा खर्च कट्टी दावी पाउने र कुनै अमूर्त सम्पत्ति बापत स्वेट इक्विटी शेयर जारी गर्दा ह्रास कट्टी खर्च दावी गर्न पाउने कानूनी व्यवस्था रहेको छ ।

कानूनी सुधारको लागि सुझाव

स्वेट इक्विटी प्राप्त गर्ने व्यक्तिलाई उक्त स्वेट इक्विटी शेयर प्राप्त गर्दाको अवस्थामा भन्दा उक्त स्वेट इक्विटी शेयरको निःसर्ग गर्दाको अवस्थामा लाभ भएको अवस्थामा कर लगाउन उचित हुने भएकोले आयकर ऐनको दफा २७ मा निम्न बमोजिम संशोधन गर्न आवश्यक देखिन्छ ।

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
दफा २७ को उपदफा (१) को खण्ड (क)	कुनै भुक्तानीलाई देहायको रकम बराबरमा परिमाणीकरण गर्नुपर्नेछ । क) कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी गरिएको	कुनै भुक्तानीलाई देहायको रकम बराबरमा परिमाणीकरण गर्नुपर्नेछ । क) कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी गरिएको

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
	भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम ।	भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम तर, कुनै व्यक्तिले कुनै निकायलाई सेवा प्रदान गरेबापत सो निकायले भुक्तानीको रुपमा सो निकायको हित (स्वेट इक्विटी शेयर) हस्तान्तरण गर्छ भने त्यस्तो धितोपत्र प्राप्त गरेको बखत कुनै रकम परिमाणीकरण गर्नु पर्ने छैन ।
दफा २४ को उपदफा (२) मा खण्ड (ग) थप गर्ने	व्यवस्था नभएको	यस उपदफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायले कुनै व्यक्तिलाई रोजगारी तथा सेवा बापत भुक्तानीको रुपमा सो निकायको हित (स्वेट इक्विटी शेयर) हस्तान्तरण गर्छ भने त्यस्तो हित हस्तान्तरण गरी गरेको भुक्तानी बापतको खर्च प्रचलित लेखामान अनुसार खर्च व्यहोरेको मानिनेछ ।

१०. दोहोरो कर उन्मुक्ति सम्झौता सम्बन्धी व्यवस्था

आयकर ऐन, २०५८ को दफा ७३ मा दोहोरो कर उन्मुक्ति सम्झौता सम्बन्धी व्यवस्था गरिएको छ । सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपालको कानूनभन्दा अन्य देशहरूसँग गरिएका सन्धिहरूको प्रावधान प्रभावकारी हुन्छ । नेपालले कुल ११ वटा देशसँग यस्ता दोहोरो करन्मुक्ति सम्झौता गरेको छ । नेपालले विदेशी लगानी आकर्षित गर्न अझै धेरै देशहरूसँग दोहोरो कर उन्मुक्ति सम्झौता गर्नुपर्ने हुन्छ । नेपालका छिमेकीहरु चीन, भारत र बंगलादेशले क्रमशः ११०, ९४ र ३४ देशहरुसँग यस्ता सम्झौता गरेका छन् ।

आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा (५) मा सुविधामा सिमितता सम्बन्धी कानूनी व्यवस्था रहेको छ । तर नेपालले भारतबाहेकका अन्य देशहरुसँग गरेका दोहोरो कर उन्मुक्ति सम्झौताहरुमा यस्तो सुविधामा सिमितता सम्बन्धी कुनै धारा रहेको छैन । सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपालको कानून र सन्धिमा रहेको व्यवस्था बाझिएमा सन्धिको व्यवस्था लागू हुने उल्लेख भएकाले आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा (५) को व्यवस्था अन्यको हकमा लागू हुनसक्ने देखिँदैन । त्यसैले नेपालले १० वटा दोहोरो कर उन्मुक्ति सम्झौतालाई दफा ७३ को मर्म अनुरूप संशोधन गर्नुपर्ने देखिन्छ र उप्रान्त दोहोरो उन्मुक्ति सम्झौता गर्दा सो मर्मसमेतलाई ख्याल गरी दोहोरो कर उन्मुक्ति सम्झौताहरु गर्नुपर्ने देखिन्छ ।

११. डिजिटल कारोबारमा कर लाग्ने अवस्था

डिजिटल कारोबारको हकमा सम्बन्धित वेबसाइटको दर्ता ठेगाना नेपाल नभए पनि कारोबारहरु नेपालमा हुने अवस्था छ । यस्तो अवस्थामा दफा ६७ मा रहेको नेपालमा श्रोत भएको व्यवसाय, रोजगारी, लगानी, आकस्मिक लाभ, सम्पत्ति, दायित्व र भुक्तानीको प्रचलित व्यवस्थाले नेपालभित्रको आइपी ठेगानाबाट कारोबार भएको विषयलाई यथेष्ट सम्बोधन नगर्ने हुँदा आवश्यक अध्ययन गरी डिजिटल कारोबारमा कर लगाउने सम्बन्धमा आयकर ऐनका विभिन्न दफाहरुमा आवश्यक संशोधन गर्नु पर्ने देखिन्छ ।

१२. हस्तान्तरण मूल्य सम्बन्धी कानूनी प्रबन्ध

आयकर ऐन, २०५८ को दफा ३३ को अधिनमा रही आन्तरिक राजश्व विभागले २०८१ असोजमा हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका, २०८१ जारी गरेको छ । उक्त निर्देशिकामा हस्तान्तरण मूल्य निर्धारणका विधि तथा प्रक्रियाहरु तेकिएको छ । ढिलै भएपनि मूल्य हस्तान्तरण सम्बन्धी कानूनी व्यवस्था कार्यान्यवनको तहमा आएको छ । तर ऐनमा नै समेटिनु पर्ने हस्तान्तरण मूल्य नर्धारण सम्बन्धी सारभुत कुराहरु निर्देशिका मार्फत लागु गर्न खोजिएको छ । यसले भविष्यमा कानूनी रुपमा केही समस्या आउन सक्ने तर्फ सोच्न आवश्यक देखिन्छ । तसर्थ सम्बद्ध व्यक्तिको परिभाषा, सम्बद्ध व्यक्तिहरु बिच हुने नियन्त्रित कारोबार, मूल्य हस्तान्तरणको गणना विधि, लेखाङ्कन, आय विवरण पेश गर्ने दायित्व, आय विवरण तथा आयकर नबुझाएमा तिनुपर्ने जरिवाना, लेखापरीक्षकले गर्नुपर्ने प्रमाणीकरण आदि सम्बन्धी व्यवस्था आयकर ऐन, २०५८ को दफा ३३ मा नै वा नयाँ दफाहरु थप गरी उल्लेख गर्न आवश्यक देखिन्छ ।

हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका, २०८१ ले द्रुत गतिमा विकास हुँदै गरेको अर्थतन्त्रका धेरै मूल्य हस्तान्त्रण सम्बन्धी कारोबारहरुलाई समेट्न सकेको छैन । तसर्थ निर्देशिकामा उल्लिखित सम्बद्ध व्यक्तिको परिभाषालाई समेत वृहत गर्नुपर्ने देखिन्छ ।

आन्तरिक राजश्व विभागले मूल्य हस्तान्तरण सम्बन्धी निर्देशिका आय वर्ष २०८१/८२ देखि अनिवार्य रुपमा लागु गरेकोमा उक्त निर्देशिकाको कार्यान्वयन गर्नको लागि तुलनायोग्य स्वतन्त्र कारोबार पहिचान गर्न पर्याप्त श्रोत उपलब्ध नभएकोले तुलनायोग्य स्वतन्त्र कारोबार पहिचानको सम्बन्धमा विभागले आफूसँग उपलब्ध भएका तथ्याङ्कहरु सार्वजनिक रुपमा वेभसाइटमा राख्ने व्यवस्था गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग आदिसँगको सहकार्यमा तथ्याङ्क उपलब्ध गराउने, तथ्याङ्क सम्बन्धमा काम गर्ने कम्पनीहरुको स्थापनामा प्रोत्साहन गर्ने आदि कार्य गर्न आवश्यक देखिन्छ ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा भारतले आयकर ऐन, १९६१ को परिच्छेद दशमा मूल्य हस्तान्तरण सम्बन्धी विस्तृत कानूनी व्यवस्था गरेको छ । अन्य देशहरुले पनि सम्बन्धित आयकर ऐनमा नै मूल्य हस्तान्तरण सम्बन्धी आवश्यक कानूनी व्यवस्था गरेको पाइन्छ ।

कानूनी सुधारको लागि सुझाव

आयकर ऐन, २०५८ को दफा ३३ को उपदफा ३ पश्चात निम्न विषयहरु समेट्ने गरी उपदफाहरु थप गर्न आवश्यक देखिन्छ ।

४) सम्बद्ध व्यक्तिहरु बीच हुने नियन्त्रित सिमापार कारोबरसँग सम्बन्धित आम्दानी तथा खर्चको गणना

५) स्वतन्त्र कारोबार (आर्म्स लेन्थ) मूल्यको गणना विधि

६) स्वतन्त्र कारोबार (आर्म्स लेन्थ) मूल्यको आधारमा समायोजन

७) विभागले सेफ हार्वर (Safe Harbour) सम्बन्धी नियम बनाउन सक्ने

८) द्वितिय समायोजन

९) करदाताले राख्नु पर्ने कागजात ताथ विवरणहरु

१०) लेखापरीक्षकबाट प्रमाणित गर्नु पर्ने विवरण

११) कर अधिकृतबाट हुने संशोधित कर निर्धारण

१२) कागजात नराखेमा, उपयुक्त विधिमा मूल्य गणना गरी आय लेखाङ्कन नगरेमा, लेखापरीक्षकबाट प्रमाणित नगरेमा हुने दण्ड जरिवाना आदि ।

१३. मर्जर तथा प्राप्ति भएको अवस्थामा आयकर

निकायहरू गाभ्ने वा गाभिने निर्णय आयकरको कारणले प्रभावित हुनु हुँदैन अर्थात् यस्तो प्रक्रिया कर तटस्थ हुनुपर्दछ । आयकर ऐन, २०५८ मा कुनै निकायले अर्को निकाय प्राप्ति गर्दा अस्तित्वमा नरहने निकायको सम्पत्ति र दायित्वको मूल्याङ्कन गर्ने तरीका वा अस्तित्वमा नरही खारेजीमा जाने निकायको सम्पत्ति र दायित्वको निःसर्ग बापत प्राप्त हुने रकमका सम्बन्धमा कुनै कुरा उल्लेख छैन । बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीहरूको हकमा दफा ४७क मा उल्लेख भएको भए तापनि सो दफा हाल प्रभावकारी छैन । तसर्थ निकायहरू गाभ्ने वा गाभिने प्रक्रियाबाट व्यवसायको पुनरसंरचना गर्न करका कारण कुनै पनि प्रभाव नपर्ने गरी आयकर कानूनमा पर्याप्त व्यवस्था गर्नुपर्ने देखिन्छ ।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
दफा ४७क को उपदफा (१)	बैङ्किङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) तथा सोही दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन ।	एकै प्रकृतिका निकायहरु वा सम्बद्ध निकायहरु आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) तथा सोही दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन ।
उपदफा ६, ७ र ९	६) उपदफा (१) अनुसार गाभिई निःसर्ग हुन चाहने एकै वर्गका निकायले संवत् २०७९ साल असार मसान्तभित्र गाभिने आशयपत्र विभागमा दिनु पर्नेछ ।	~~६) उपदफा (१) अनुसार गाभिई निःसर्ग हुन चाहने एकै वर्गका निकायले संवत् २०७९ साल असार मसान्तभित्र गाभिने आशयपत्र विभागमा दिनु पर्नेछ ।~~

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
	७) उपदफा (१) बमोजिम गाभिनको लागि उपदफा (६) बमोजिम आशयपत्र दिने निकायहरुले गाभिने प्रक्रिया संवत् २०८० साल असार मसान्तभित्र पूरा गर्नु पर्नेछ । ९) उपदफा (६) मा तोकिएको अवधिभित्र आशयपत्र नदिने निकाय तथा उपदफा (७) मा उल्लेख भएको मितिसम्म गाभिने प्रक्रियमा पूरा नगरेको निकायको हकमा यो दफाको व्यवस्था लगाु भएको मानिने छैन ।	~~७) उपदफा (१) बमोजिम गाभिनको लागि उपदफा (६) बमोजिम आशयपत्र दिने निकायहरुले गाभिने प्रक्रिया संवत् २०८० साल असार मसान्तभित्र पूरा गर्नु पर्नेछ ।~~ ~~९) उपदफा (६) मा तोकिएको अवधिभित्र आशयपत्र नदिने निकाय तथा उपदफा (७) मा उल्लेख भएको मितिसम्म गाभिने प्रक्रियमा पूरा नगरेको निकायको हकमा यो दफाको व्यवस्था लगाु भएको मानिने छैन ।~~
दफा ७ को उपदफा (३)	उपदफा (२) मा जुनससुकै कुरा लेखिएको भए तापनि दफा १०, ५४ र ६९ बमोजिम छुट पाउने रकम र अन्तिम रुपमा कर कट्टी हुने भुक्तानीहरु व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नुपर्ने छैन ।	उपदफा (२) मा जुनससुकै कुरा लेखिएको भए तापनि दफा १०, ५४ र ६९ बमोजिम छुट पाउने रकम, प्रचलित लेखामान अनुसार गणना हुने बार्गेन पर्चेज गेन र अन्तिम रुपमा कर कट्टी हुने भुक्तानीहरु व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नुपर्ने छैन ।

१४. प्रचलित कर ऐनमा रहेको तर पर्याप्त नभएका व्यवस्थाहरु

१४.१. कर सम्बन्धी विवाद समाधान गर्ने संयन्त्र

देहायका कारणले अहिलेको संयन्त्रलाई परिवर्तन गर्न जरुरी देखिन्छ :

(क) आन्तरिक राजश्व सम्बन्धी विवाद निरुपण गर्ने विभागीय पुनरावलोकनको कार्य छिटो छरितो नभएको,

(ख) विभाग (अर्थात् महानिर्देशक)ले जारी गरेको सूचना, परिपत्र र निर्देशनहरुको अधीनमा रही निजले प्रत्यायोजन गरेको अधिकारभित्र रहेर कर निर्धारण गर्ने र सोही सूचना परिपत्र वा निर्देशनका कारणले समेत विवाद सिर्जना हुने अवस्था रहेको र सोको विरुद्धमा करदाता मुद्दामा जानु पर्दा महानिर्देशक आफैंले गरेको निर्णय , जस्तैः जारी गरेको सूचना, परिपत्र र निर्देशनको जाँच आफैंले गर्दा निश्पक्ष तथा स्वतन्त्र नतिजा प्राप्त हुन नसक्ने अवस्था रहेको ।

तसर्थ आन्तरिक राजस्व विभागका महानिर्देशकले गर्ने प्रशासकीय पुनरावलोकनको सट्टा राजस्व प्रशासन तथा कानूनको विज्ञता भएको तर राजस्व प्रशासनमा संलग्न नरहेको राजपत्राकिंत प्रथम श्रेणीको अधिकृतको नेतृत्वमा कर कानूनमा दक्ष चार्टर्ड एकाउन्टेन्ट तथा कानूनी विज्ञ रहने गरी एक पुनरावलोकन समिति गठन गर्नु पर्ने देखिन्छ

। यस्तो समितिलाई कर विवाद निरुपण गर्न जिल्ला अदालत सरहको अधिकार प्रत्यायोजन गर्नु पर्ने देखिन्छ। यस्तो समिति आन्तरिक राजस्व विभागभन्दा स्वतन्त्र र अर्थ सचिवको मातहत रहने व्यवस्था गर्नुपर्ने देखिन्छ।

१४.२. विद्यमान राजस्व न्यायाधिकरणको संरचनामा परिवर्तन

विद्यमान राजस्व न्यायाधिकरणको संरचनामा लेखासम्बन्धी सात वर्षको अनुभव भएको र राजस्व सदस्य हुनको लागि राजस्व सम्बन्धी सात वर्षको अनुभव भएको भए पुग्ने व्यवस्था छ। कर कानूनको जटिलता, अन्तराष्ट्रिय स्तरको लेखामानलाई नेपालको कर कानूनमा समाहित गरिएको अवस्था र विशिष्टीकृत व्याख्या गर्नुपर्ने बाध्यतालाई हेर्दा लेखामा आधारित कर कानूनको व्याख्या गर्न सात वर्षको अनुभवमात्रले पुग्ने देखिँदैन। तसर्थ विद्यमान राजस्व न्यायाधिकरणमा सदस्य संख्या थप गरी कम्तीमा एक जना सदस्य अन्तराष्ट्रिय वा नेपाल लेखा वा वित्तीय प्रतिवेदनमानमा विज्ञता हासिल गरेको व्यक्ति र अर्को एक जना भन्सारसम्बन्धी हार्मोनिक कोड प्रणाली र त्यसको व्याख्या र अन्तराष्ट्रिय व्यापारमा विज्ञता हासिल गरेको व्यक्ति राख्ने र विषय विज्ञको रायलाई अनिवार्य रुपमा फैसलामा स्थान दिने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

साथै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरु अन्तराष्ट्रिय तथा नेपाल वित्तीय प्रतिवेदनमानको क्षेत्र तथा कर कानूनको परिपालनको क्षेत्रमा विज्ञको रुपमा कार्य गर्दै आइरहेकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुलाई राजस्व न्यायाधिकरणमा बहस गर्ने व्यवस्था गर्न दिने व्यवस्था गर्न उपयुक्त हुन्छ।

१४.३. कर विवाद निरुपणका लागि धरौटीको व्यवस्था

न्याय खोज्नु अगाडि नगद रकम दाखिला गर्नु पर्ने वा धरौटी राख्नुपर्ने अवस्था न्यायिक आँखाबाट हेर्दा उपयुक्त होइन। कर विवादका सम्बन्धमा करदाता अन्यायमा पर्ने अवस्थालाई नजरअन्दाज गर्न सकिँदैन भने कर कानूनको अनुपालना नगरी कर नतिर्ने अटेरी करदाता हुँदैनन् भन्ने पूर्वानुमान पनि तथ्यसम्मत हुँदैन। अन्यायमा परेका करदातालाई न्याय दिलाउन र अनुपालना नगर्ने करदाताको हकमा भागी जाने जोखिम समेतलाई मध्यनजर गरी कर उठ्ने अवस्थालाई बचाइ राख्न मुद्दा सुन्ने निकायले पहिलो पेसीमा नगद धरौटी वा बैंक जमानत सम्बन्धी निर्णय गर्नु र सो निर्णय कार्यान्वयन भए पछि मुद्दा अघि बढाउनु उपयुक्त हुन्छ।

अन्तराष्ट्रिय अभ्यास हेर्दा भारतमा रु. २५० देखि रु. १०,००० सम्म मात्र, बंगलादेशमा रु. १०,००० वा विवादित रकमको १० प्रतिशत, पाकिस्तानका १० प्रतिशत तथा भियतनाममा शुल्क जम्मा नै नगरी न्यायिक प्रक्रिया अघि बढाउन सक्ने देखियो।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
दफा ११५ को उपदफा ६	उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित कर रकममध्ये विवादरहित करको सम्पूर्ण रकम र विवादित करको एक चौथाइ रकम बुझाउनु पर्नेछ।	उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित कर रकममध्ये विवादरहित करको सम्पूर्ण रकम र विवादित करको पाँच प्रतिशत रकम वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
दफा ११६ को उपदफा (५)	उपदफा (१) बमोजिम राजस्व न्यायाधिकरणमा पूनरावेदन दिँदा निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम, शुल्क र जरिवानाको पचास प्रतिशत रकम धरौटी वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ ।	उपदफा (१) बमोजिम राजस्व न्यायाधिकरणमा पूनरावेदन दिँदा निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम, शुल्क र जरिवानाको दश प्रतिशत रकम धरौटी वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ ।

१४.४. पूर्वादेश सम्बन्धमाः

करदाताले आयकर ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभाग समक्ष पूर्वादेशको निमित्त लिखित रूपमा निवेदन दिएको अवस्थामा विभागले दर्ता भएको निवेदनमा कुनै पनि प्रतिक्रिया नजनाउने अवस्था समेत रहेको तोकिएको समयभित्र पूर्वादेश जारी नभएमा निवेदकको माग दावी नै पूर्वादेश सरह लागू हुने कानूनी व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

आयकर ऐनको कुनै प्रबन्धको सम्बन्धमा कुनै द्विविधा भई कुनै व्यक्तिले दफा ७६ बमोमिज पूर्वादेश माग गरेमा विभागले सो व्यक्तिलाई पूर्वादेश जारी गर्न सक्ने व्यवस्था रहेकोमा उक्त अवस्थामा सिर्जना हुन सक्ने स्वार्थको द्वन्द्वलाई निराकरण गर्नको लागि पूर्वादेश जारी गर्ने निकायको रुपमा माथि प्रशासकीय पुनरावलोकनको सट्टामा प्रस्ताव गरिएको पुनरावलोकन समितिलाई दिनु उपयुक्त हुने देखिन्छ ।

१५. कर लेखापरीक्षणको व्यवस्था

आयकर ऐन, २०५८ को दफा ९६ मा आय विवरण प्रमाणीकरणको सम्बन्धमा निम्न बमोजिमको व्यवस्था रहेको :

दफा ९६(३): कुनै व्यक्तिले कर्मचारीको हैसियतले बाहेक कुनै भुक्तानी लिएर कुनै अर्को व्यक्तिको आय विवरण वा आय विवरणसाथ संलग्न हुनु पर्ने कागजात वा विवरण तयार पारेमा वा तयार पार्न सहयोग गरेमा त्यस्तो व्यक्तिले देहायको कुरा प्रमाणित गर्नु पर्नेछ :

क) अर्को व्यक्तिले दफा ८१ बमोजिम राखेको कागजातहरु जाँच गरेको र

ख) विवरण वा जानकारीले सम्बन्धित परिस्थितिलाई वास्तविक रुपमा प्रतिविम्बित गरेको ।

आन्तरिक राजस्व विभागले जारी गरेको आयकर निर्देशिका २०६६ को परिच्छेद २५(२५.२.२) मा आय विवरण प्रमाणित गर्ने सम्बन्धमा निम्न बमोजिम व्यवस्था रहेको छ :

पूर्वानुमानित कर तिर्ने व्यक्ति वा रोजगारी र व्यवसायबाट रु. २० लाखभन्दा कम कारोबार भएको पेशाकर्मी, प्राकृतिक व्यक्ति वा व्यवसाय र रोजगारीबाट रु १ करोडभन्दा कम वार्षिक कारोबार भएको व्यक्ति बाहेक अन्य व्यक्तिले पेश गर्ने आय विवरण नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट लेखापरीक्षण गर्ने अनुमति प्राप्त लेखापरीक्षकबाट प्रमाणित भएको हुनु पर्दछ ।

आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ ले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुले कर लेखापरीक्षण गर्नुपर्ने कुनै पनि व्यवस्था गरेको छैन । आयकर निर्देशिका, २०६६ ले भने *नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट लेखापरीक्षण गर्न अनुमति प्राप्त लेखापरीक्षकले आय विवरण प्रमाणित गर्नुपर्ने व्यवस्था गरेको छ ।*

आयकर ऐन, २०५८ मा कर लेखापरीक्षण तथा आय विवरण प्रमाणीकरणको सम्बन्धमा प्रष्ट कानूनी व्यवस्था नभएतापनि आन्तरिक राजश्व विभागले आयकर निर्देशिकामा *"पूर्वानुमानित कर तिर्ने व्यक्ति वा रोजगारी र व्यवसायबाट रु. २० लाखभन्दा कम कारोबार भएको पेशाकर्मी, प्राकृतिक व्यक्ति वा व्यवसाय र रोजगारीबाट रु १ करोडभन्दा कम वार्षिक कारोबार भएको व्यक्ति बाहेक अन्य व्यक्तिले पेश गर्ने आय विवरण नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट लेखापरीक्षण गर्ने अनुमति प्राप्त लेखापरीक्षकबाट प्रमाणित भएको हुनु पर्दछ"* भन्ने व्यवस्था गरी आय विवरणको साथमा लेखापरीक्षण प्रतिवेदन पेश गर्न अनिवार्य गरेको छ । यसरी ऐनमा कर लेखापरीक्षण सम्बन्धि व्यवस्था नभएको कारण अधिकांस निकायहरुले वित्तीय लेखापरीक्षण प्रतिवेदनलाई नै आय विवरण साथ पेश गर्दौ आइरहेका छन् । जसले गर्दा उक्त वित्तीय लेखापरीक्षण प्रतिवेदनबाट आन्तरिक राजश्व विभागले करदाताको आय विवरणको सम्बन्धमा पर्याप्त आश्वस्तता प्राप्त गर्न सकेको देखिदैन । तसर्थ आयकर ऐन, २०५८ मा संशोधन गरी निश्चित रकमभन्दा बढी वार्षिक आय भएका करदाताले कर लेखापरीक्षण गरी आय विवरण पेश गर्दा कर लेखापरीक्षण प्रतिवेदन पेश गर्न अनिवार्य गर्नुपर्ने आवश्यक देखिन्छ ।

आन्तरिक राजस्व विभागले आय विवरण पेश गर्नको आय विरणको साथमा लेखापरीक्षण भएको वित्तीय विवरण पेश गर्न अनिवार्य गरेतापनि लेखापरीक्षकले आय विवरणको प्रमाणीकरण गर्दा जारी गर्ने प्रतिवेदनको कुनै निश्चित ढाँचा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, आन्तरिक राजस्व विभाग, लेखापरीक्षणमान बोर्ड लगायत कुनै पनि निकायबाट हालसम्म जारी गरिएको छैन । निश्चित ढाँचाको अभावमा विभिन्न लेखापरीक्षकहरुबाट विभिन्न किसिमका प्रतिवेदनहरु जारी हुने गरेको छ । जसले गर्दा आन्तरिक राजश्व विभागले करदाताको आय विवरणको सम्बन्धमा आवश्यक पूर्ण जानकारी तथा विवरण प्राप्त गर्न सकिरहेको छैन ।

तसर्थ आन्तरिक राजश्व विभागले तोकेको आय विवरण सम्बन्धी अनुसूचीहरुको ढाँचामा व्यवस्थापनबाट टिप्पणी तयार गर्ने र सोही आय विवरण तथा टिप्पणी उपर लेखापरीक्षकले आफ्नो प्रतिवदेन पेश गर्ने व्यवस्था मिलाई आयकर गणनाको सन्दर्भमा व्यवस्थापनलाई थप जिम्मेवार बनाउने, लेखापरीक्षकलाई आय विवरण प्रमाणीकरण गर्दा देखिएका कैफियतहरुलाई आफ्नो प्रतिवेदन मार्फत पेश गर्ने व्यवस्था मिलाउने र आन्तरिक राजश्व विभागबाट हुने कर परीक्षणको लागि आवश्यक अधिकतम जानकारीहरु आय विवरण पेश गर्दा नै सङ्कलन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।

(यस संस्थाले आय विवरण प्रमाणीकरणको ढाँचा तयार गरी मिति २०८१/०६/१० मा आन्तरिक राजश्व विभाग समक्ष पेश गरिसकेको छ ।)

१६. मतियारलाई हुने सँजाय सम्बन्धी व्यवस्थामा संशोधन

लेखापरीक्षकहरुले नेपाल लेखापरीक्षणमान बोर्डले जारी गरेका लेखापरीक्षणमान, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लागु गरेका आचार संहिता र लेखापरीक्षणको क्रममा परिपालना गर्नुपर्ने ऐन, नियम, निर्देशिका र परिपत्रहरु समेतको परिपालना गर्दै लेखापरीक्षण कार्य गरिरहेको सर्वविदितै छ ।

आयकर ऐन, २०५८ को दफा १२७ मा झुट्टा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने_कार्यलाई मतियार मानिने व्यवस्था गरी आ.व. २०७३/०७४ को आर्थिक ऐनमा संशोधन भएको छ । कस्तो विवरण झुटा मान्ने वा के प्रमाणित गरेमा झुटा कर लेखा प्रमाणित गरेको मानिने भन्ने प्रष्ट व्यवस्था नभएको र लेखापरीक्षकहरुले नेपाल लेखापरीक्षणमान बोर्डले जारी गरेका लेखापरीक्षणमान, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लागु गरेका आचार सहिता र लेखापरीक्षणको क्रममा परिपालना गर्नु पर्ने ऐन, नियम, निर्देशिका र परिपत्रहरु समेतको परिपालना गर्दै तत् तत् ऐन तथा मानहरुमा भएको व्यवस्थाअनुसार नै लेखापरीक्षण कार्य गर्नुपर्ने हुँदा यस दफामा रहेका झुटा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने भन्ने विषय यस दफाबाट हटाउनको लागि सुझाव रहेको छ ।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
दफा १२१	यस ऐनमा उल्लिखित कुनै कसूर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई त्यस्ता व्यक्तिले कम तिरेको करको शतप्रतिशत रकम शुल्क लाग्नेछ ।	यस ऐनमा उल्लिखित कुनै कसूर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा दुरुत्साहन गर्ने ~~वा सल्लाह दिने~~ मतियारलाई त्यस्ता व्यक्तिले कम तिरेको करको शतप्रतिशत रकम शुल्क लाग्नेछ ।
दफा १२७	यस ऐन बमोजिम कुनै कसुर गर्न कुनै व्यक्तिलाई जानीजानी मद्दत गर्ने वा त्यस्तो कसूर गर्न सल्लाह दिने वा दुरुत्साहन गर्ने वा झुट्टा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने व्यक्तिलाई कसुरदारलाई हुने सजायको आधा सजाय हनेछ ।	यस ऐन बमोजिम कुनै कसुर गर्न कुनै व्यक्तिलाई जानीजानी मद्दत गर्ने वा त्यस्तो कसूर गर्न सल्लाह दिने वा दुरुत्साहन गर्ने ~~वा झुट्टा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने~~ व्यक्तिलाई कसुरदारलाई हुने सजायको आधा सजाय हनेछ ।

१७. थप ह्रास कट्टीको सुविधा सम्बन्धी

आयकर ऐन, २०५८ को अनुसूची २ को दफा ३ को उपदफा २ मा, दफा १९ को उपदफा २ र दफा ११ को उपदफा २ख, ३च, ३थ लगायतका निकायहरुलाई थप एक तिहाई ह्रास कट्टी गर्न पाउने व्यवस्था रहेको छ । यद्यपि चलन चल्तीमा यो व्यवस्था ऐच्छिक वा अनिवार्य रहेको भन्ने सम्बन्धमा दुविधा रहेको पाईन्छ । यो प्रावधान करदातालाई सहुलियत प्रदान गर्ने हेतुले व्यवस्था गरिएको हुँदा यस व्यवस्थालाई ऐच्छिक गर्नु पर्ने देखिन्छ ।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
आयकर ऐन अनुसूची २ को दफा ३ को उपदफा (२)	यस ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरुले र ऐनको दफा ११(२ख), दफा ३(३च), दफा २(३ठ), अनुसूची १(२)(३) मा उल्लेख भएका निकायले अनुसूची १ को दफा २ को उपदफा (३) मा उल्लिखित ह्रासकट्टी दरमा एक तिहाईले थप पाउने छन् ।	यस ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरुले र ऐनको दफा ११(२ख), दफा ३(३च), दफा २(३ठ), अनुसूची १(२)(३) मा उल्लेख भएका निकाय तथा प्राकृतिक व्यक्तिले अनुसूची १ को दफा २ को उपदफा (३) मा उल्लिखित ह्रासकट्टी दरमा एक तिहाईले थप पाउने सुविधा रोज्न सक्नेछन् ।

१८. लगानी बीमा व्यवसायको खर्च कट्टी सम्बन्धी व्यवस्था

आयकर ऐन,२०५८ को दफा ६१ को २(ख) को व्यवस्था अनुसार लगानी बीमा व्यवसायको हकमा प्रिमियम लगायतका आम्दानीलाई कर योग्य आम्दानीमा जोड्नु नपर्ने र लगानीबाट आएको प्रतिफललाई करयोग्य आम्दानीमा जोड्नु पर्दछ । तर बीमितलाई भुक्तानी गरिने बोनस र दावी भुक्तानी लगायतका खर्च करयोग्य आम्दानीबाट घटाउन नमिल्ने व्यवस्थाको कारण लगानी बीमा कम्पनीहरुलाई अन्यायपूर्ण स्थितिको सिर्जना भएको छ । यस परिस्थितिलाई सहज गर्नको लागि आयकर ऐन, २०५८ मा देहाय बमोजिम संशोधन गर्न आवश्यक देखिन्छ ।

कानूनी सुधारको लागि सुझाव

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
दफा ६१ को उपदफा २ को खण्ड ख को बुदाँ १	(ख) देहायका रकमहरू बाहेक यस ऐन बमोजिम कट्टी गर्न सकिने अन्य रकमहरू कट्टी गर्ने:- (१) कुनै व्यक्तिले बीमकको हैसियतमा उक्त व्यवसाय सञ्चालन गर्दा गरेको भुक्तानीहरू, र (२) बीमितलाई फिर्ता भएको खण्ड (क) को उपखण्ड (१) मा उल्लिखित प्रिमियम ।	~~(ख) देहायका रकमहरू बाहेक यस ऐन बमोजिम कट्टी गर्न सकिने अन्य रकमहरू कट्टी गर्ने:-~~ ~~(१) कुनै व्यक्तिले बीमकको हैसियतमा उक्त व्यवसाय सञ्चालन गर्दा गरेको भुक्तानीहरू, र~~ ~~(२) बीमितलाई फिर्ता भएको खण्ड (क) को उपखण्ड (१) मा उल्लिखित प्रिमियम ।~~
दफा ६१ को उपदफा ३	(३) उपदफा (२) को खण्ड (क) को उपखण्ड (१) र (२) तथा खण्ड (ख) को उपखण्ड (१) र (२) मा उल्लिखित रकमहरू सो व्यक्तिको	(३) कुनै आर्थिक वर्षमा समयावधि समाप्त भएको, समर्पण तथा मृत्यु दावी बापत भुक्तानी भएका बीमालेखहरुको

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
	सम्पत्ति वा दायित्व बापतका आम्दानी र खर्च मानिने छैन ।	हकमा प्राप्त भएको प्रिमियम आम्दानी र भुक्तानी भएको रकमको फरकलाई आय वा खर्च मानिनेछ ।

१९. अनुसन्धान र विकास खर्च

आयकर ऐन, २०५८ मा व्यवसायको विस्तारसँग सम्बन्धित अनुसन्धान र विकास खर्च मात्र कट्टी गर्न पाउने अवस्था छ । नवप्रवर्तनलाई बढावा दिन र अमूर्त सम्पत्तिको सिर्जनाबाट नेपालीले रोयल्टी पाउने अवस्था सिर्जना गर्न त्यस्ता कार्यमा भएका खर्चलाई कट्टी गर्न दिनु समेत नेपालको अर्थतन्त्रको लागि दीर्घकालीन रुपमा फाइदाजनक हुन्छ ।

त्यसैले कुनै व्यक्तिले नवप्रवर्तनका लागि अनुसन्धान गर्न आफैंले वा विश्वविद्यालयलाई रकम दिई खर्च गरेमा सो रकम सोझै खर्च पाउने गरी आयकर ऐनको दफा १२घ कायम गरी व्यवस्था गर्नुपर्ने देखिन्छ, जसको व्यवस्था निम्न बमोजिम प्रस्ताव गरिएको छ ।

(१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै नयाँ वस्तु आविष्कार गर्न वा रिभर्स इन्जिनियरिङको माध्यमले भइरहेको वस्तु नवप्रवर्तन गर्न अनुसन्धानमा खर्च गरेको रकम कट्टी गर्न पाउनेछ ।

(२) कुनै व्यक्तिले कुनै आयवर्षमा कुनै नयाँ वस्तु आविष्कार गर्न वा रिभर्स इन्जिनियरिङको माध्यमले भइरहेको वस्तु नवप्रवर्तन गर्न अनुसन्धान तथा विकासका लागि नेपालको कानून बमोजिम स्थापित विश्वविद्यालयलाई कुनै रकम दिएमा सो रकम कट्टी गर्न पाउनेछ ।

त्यस्तै आयकर ऐन, २०५८ को दफा २ मा "नवप्रवर्तन" को परिभाषा थप गर्नु उपयुक्त हुन्छ ।

२०. आयकरमा आधारभूत छुट प्रणालीको पुनर्संरचना

हाल प्रचलित आयकर व्यवस्थामा एकल र दम्पत्ती प्राकृतिक व्यक्तिबीच आधारभूत छुटको सीमामा अत्यन्त न्यून अन्तर रहेको छ । साथै करदाताको वैवाहिक अवस्थालाई स्पष्ट रूपमा छुट्याउने प्रभावकारी संयन्त्रको अभावका कारण विवाहित व्यक्तिका लागि निर्धारित उच्च आधारभूत छुटको दुरुपयोग हुने सम्भावना बढेको देखिन्छ ।

यस परिस्थितिले कर प्रणालीको समानतामा असर पुऱ्याउनुका साथै अविवाहित करदाताहरूलाई तुलनात्मक रूपमा कम सुविधा प्राप्त हुने अवस्था सिर्जना गरेको छ ।

त्यसैले, अविवाहित र विवाहित करदाताबीचको भिन्नता हटाई एकरूप आधारभूत छुट कायम गर्न तथा रोजगारीबाट प्राप्त आम्दानीमा लागू हुने आधारभूत छुटको सीमा वृद्धि गरी सबै करदातालाई समान र न्यायोचित सुविधा प्रदान गर्न सकिन्छ ।

प्राकृतिक व्यक्तिको आयकर दर तथा कटौती प्रणाली सुधार सम्बन्धमा

हालको आयकर संरचनाअनुसार प्राकृतिक व्यक्तिहरूको कर दर १% देखि ३९% सम्म रहेको देखिन्छ जुन तुलनात्मक रूपमा उच्च रहेको छ । विशेषगरी यो अधिकतम दर उच्चतम संस्थागत आयकर दर (३०%) भन्दा बढी हुनु कर प्रणालीको सन्तुलनका दृष्टिले उपयुक्त देखिँदैन । साथै रोजगारी आम्दानीमा पर्याप्त कर छुटको अभाव रहेको छ ।

बालबालिकाको विद्यालय शुल्क, पहिलो आवास कर्जाको ब्याज भुक्तानी जस्ता अत्यावश्यक व्यक्तिगत खर्चहरूमा कर कटौतीको व्यवस्था नभएकोले मध्यम आय भएका पेशाकर्मीहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

यस सन्दर्भमा कर प्रणालीलाई थप न्यायोचित र प्रतिस्पर्धात्मक बनाउन निम्नमध्ये कुनै एक वा संयोजनमा सुधार आवश्यक देखिन्छ:

- व्यक्तिगत कर प्रणालीमा आवश्यक कर कटौती (जस्तै: शिक्षा खर्च, आवास कर्जा ब्याज) समावेश गर्ने

  वा

- प्राकृतिक व्यक्तिको अधिकतम कर दर कम्पनी कर दर (३०%) भन्दा माथि नहुने गरी सीमित गर्ने

आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ र २ मा प्राकृतिक व्यक्तिको करयोग्य आयको निश्चित सिमा सम्म १ प्रतिशत (एकलौटी फर्म र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा सो कर नलाग्ने) कर लाग्ने व्यवस्था गरेकोमा उपरोक्त सिमा केही वर्षको अन्तरालमा परिवर्तन हुँदै आइरहेको छ । हरेक आर्थिक वर्षको लागि बजेट तयार गर्नु पूर्व उक्त सिमालाई वृद्धि गर्नको लागि नेपाल सरकारलाई सुझाव प्राप्त हुने गर्दछ र उक्त सिमा परिवर्तन भए वा नभएको सन्दर्भमा धेरै जनताको चासो हुने गर्दछ । उक्त सिमा पुनरावलोकन गर्ने विधिका सन्दर्भमा हाल सम्म कुनै निश्चित विधि तयार भएको छैन । तसर्थ उक्त सिमाहरुलाई हरेक तीन वर्षमा मुद्रास्फितिको आधारमा परिवर्तन गर्ने नीति अवलम्बन गर्न सुझाव रहेको छ ।

२१. प्रशासनिक सुधार सम्बन्धी विषय

क) करदाताले विभिन्न कर अवधिको लागि पेश गरेको मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क विवरणको वार्षिक विवरण आफ्नो लग इनमा हेर्न मिल्ने व्यवस्था आन्तरिक राजश्व विभागको सफ्टवेयरमा गर्ने ।

ख) करदाताले विभिन्न शिर्षकमा तिर्न बाँकि बक्यौताको विवरण आफ्नो लग इनमा हेर्न मिल्ने व्यवस्था आन्तरिक राजश्व विभागको सफ्टवेयरमा गर्ने ।

ग) कुनै प्राकृतिक व्यक्तिले आय विवरण पेश गर्ने प्रयोजनको लागि दफा ५० बमोजिम दम्पत्ती छनौट गरेको अवस्थामा पति/पत्नी/आश्रितको स्थायी लेखा नम्बर प्रविष्ट गर्न अनिवार्य गर्ने ।

२२. थप स्पष्ट गर्नु पर्ने विषयहरु तथा अन्य सुझावहरु

(क) आयकर ऐन, २०५८ को दफा २१ (१) मा प्रयुक्त "पटके" भन्ने शब्दको परिभाषा गर्नु पर्दछ ।

(ख) आयकर ऐन, २०५८ को दफा ११ मा अत्यधिक छुट सुविधाहरु रहेकाले निश्चित सुविधाहरु मात्र दिने गरी प्रयोगमा नआएका छुटका संख्या घटाउनु पर्दछ ।

(ग) घर बहाल करका सम्बन्धमा कराधिकारमा थप स्पष्ट नहुंदासम्म स्थानीय तहहरुले असुल गर्ने त्यस्तो करलाई आयकरमा मिलान गर्न पाउने गरी व्यवस्था गर्नुपर्दछ ।

(घ) हाल प्रचलनमा रहेको कर चुक्ता प्रमाणपत्रले आय विवरण पेश गरेको र सो विवरण अनुसार गणना हुने कर चुक्ता भएको प्रमाणको रुपमा मात्र काम गर्ने भएकाले आय विवरणको कर गणना गर्ने अनुसूची र कर तिरेको विवरण राख्ने अनुसूची स्वचालित रुपमा भिडाई सो भिडेपछि मात्र आय विवरण रुजु हुने कानूनी तथा प्राविधिक व्यवस्था गरी आय विवरण पेश गरेको प्रमाणलाई कर चुक्ता प्रमाणपत्र सरह मान्यता दिइनु पर्दछ ।

(ङ) आयकर ऐन, २०५८ को दफा ९३ को व्यवस्था विपरित हुने गरी आय विवरणको अनुसूची १० स्वचालित गरिएकोमा अनुसूची १० मा अग्रिम करकट्टी गर्ने व्यक्तिले अग्रिम करकट्टी गरेको तर सो व्यक्तिले दाखिला नगरिदिएको वा इ-टिडिएस नगरिदिएको रकम सोही आर्थिक वर्ष वा पछिल्ला आर्थिक वर्षहरुमा म्यान्युअल्ली दाबी गर्न मिल्ने व्यवस्था गरिनु पर्दछ ।

(च) दफा २५ को उपदफा २ को खण्ड ख मा संशोधन गर्ने :

खण्ड (क) मा उल्लिखित अवस्था बाहेकको अन्य अवस्थामा सो अधिकार वा ऋण दावी सिर्जना भएको तीन वर्ष भित्र असुल उपर नभएमा ।

दफा ४० को उपदफा (३) को खण्ड (ग) को उपखण्ड (२) मा संशोधन गर्ने :

अन्य कुनै अवस्थामा सो व्यक्तिले तीन वर्ष भित्र ऋण दावी असुल उपर गर्न नसकेमा ।

झ) कुनै व्यक्तिको कर छुट भएका र अन्तिम रुपमा कर कट्टी हुने रकमहरु मात्र आय भएकोमा सो रकमहरु मात्र समावेश गरी कर चुक्ता प्रमाणपत्र लिन मिल्ने गरी आन्तरिक राजस्व विभागको प्रणालीमा व्यवस्था गर्नु पर्ने ।

ञ) दफा ११(३क) मा प्रयोग भएको "पुँजी" भन्ने शब्दलाई केवल चुक्ता पुँजी का रूपमा व्याख्या भइरहेको छ । तर लगानी चुक्ता पुँजी, ऋण वा सञ्चित नाफाबाट पनि हुन सक्छ । उद्योग (जस्तै होटल) मा ५०० करोड रुपैयाँभन्दा बढी लगानी भएको अवस्थामा कर छुट लागू हुनु पर्दछ । यस सन्दर्भमा, पुँजीलाई औद्योगिक व्यवसाय ऐन अनुसार उद्योग विभागबाट स्वीकृत स्थिर पुँजीको रूपमा बुझिनु पर्दछ ।

ट) आयकर प्रयोजनको लागि प्रविधी हस्तान्तरण बापत तिरेको रोयल्टीको रकमलाई खर्च कट्टी नदिनेः बहुराष्ट्रिय कम्पनीहरुले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावलीमा तोकिएको ५ प्रतिशतको सिमाभित्रै र उद्योग विभागको पूर्व स्वीकृति लिएर भुक्तानी गरिने Product know how र अन्य प्रविधि हस्तान्तरण सेवा बापतको रोयल्टी रकमलाई हाल आयकर प्रयोजनको लागि खर्च कट्टी अमान्य गरिँदै आएको भन्ने गुनासो रहेको छ । होल्डिङ वा समूह कम्पनीबाट प्रविधि सेवा लिने अभ्यास अन्तराष्ट्रिय रूपमा स्थापित छ । त्यसैले आन्तरिक राजस्व विभागले प्रविधि हस्तान्तरण तथा रोयल्टी खर्चलाई आयकर गणनाका लागि खर्चकट्टी लिन मिल्ने गरी परिपत्र जारी गर्नुपर्ने ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गर्नुपर्ने संशोधन तथा सुधारहरु

२३. मूल्य अभिवृद्धि कर दर्ता सीमाको पुनरावलोकन तथा एकीकरण

नेपालमा हाल मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता सीमा सेवा कारोबारका लागि रु. ३० लाख र वस्तु वा वस्तु तथा सेवा मिश्रित कारोबारका लागि रु. ५० लाख कायम गरिएको छ । तर व्यवहारमा वस्तु र सेवा छुट्याएर कारोबार पहिचान गर्न कठिन हुने अवस्थाहरू व्यापक रूपमा देखिएका छन् ।

साथै, हालको दर्ता सीमा मुद्रास्फीति अनुसार समायोजन नगरिएको हुँदा यसको वास्तविक मूल्य घटिसकेको छ । परिणामस्वरूप साना तथा मध्यम व्यवसायहरू समेत मूल्य अभिवृद्धि करको दायरामा अनावश्यकरूपमा समेटिएका छन् ।

सिफारिस

१. कारोबार सीमामा एकरूपता

वस्तु र सेवा छुट्टाछुट्टै कारोबार रकमको सीमा राख्ने व्यवस्था हटाई एकीकृत सीमा लागू गरिनुपर्ने ।

२. मूल्य अभिवृद्धि कर दर्ता सीमा वृद्धि

हालका कारोबार रकमको सीमालाई परिमार्जन गरी मूल्य अभिवृद्धि कर दर्ता सीमा कम्तीमा रु. १ करोड कायम गरिनु उपयुक्त हुने ।

२४. मूल्य अभिवृद्धि कर अन्तर्गत छुट, सुविधा र फिर्ता प्रणालीको कार्यान्वयन सुधार

हाल मूल्य अभिवृद्धि कर प्रणालीअन्तर्गत विभिन्न प्रकारका छुट, सुविधा तथा कर फिर्ताको व्यवस्था भए पनि सोको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पूर्वाधार तथा प्रणाली पूर्ण रूपमा विकास हुन सकेको छैन ।

यस सन्दर्भमा कर प्रणालीलाई प्रभावकारी, पारदर्शी र करदातामैत्री बनाउन निम्न सुधार आवश्यक देखिन्छ:

- मूल्य अभिवृद्धि कर फिर्ता लगायतका सबै कर फिर्ता प्रक्रियालाई पूर्णरूपमा अनलाइन प्रणालीमा रूपान्तरण गर्ने,
- आन्तरिक राजस्व विभागको डिजिटल प्लेटफर्मलाई सुदृढ गरी End-to-end इलेक्ट्रोनिक फाइलिङ प्रणाली विकास गर्ने
- सबै प्रकारका कर विवरणहरूको अनलाइन फाइलिङ अनिवार्य तथा सहज बनाउने,
- कर फिर्ता प्रक्रियालाई समयबद्ध, पारदर्शी र पहिचान गर्न सकिने बनाउने ।

२५. मूल्य अभिवृद्धि कर राजस्वको वितरण

हाल मूल्य अभिवृद्धि कर राजस्वको वितरण संरचना निम्नानुसार तय गरिएको छ ।

- संघीय सरकार - ७०%
- प्रदेश सरकार - १५%
- स्थानीय सरकार - १५%

मूल्य अभिवृद्धि कर फिर्ता गर्दा हाल संघीय सरकारले मात्र प्रक्रिया सञ्चालन गर्नु पर्ने व्यवस्था भएकाले, यसले एकीकृत कोष स्थापना गर्नु पर्ने आवश्यकता उत्पन्न गरेको छ ।

२६. मूल्य अभिवृद्धि कर ऐनको अनुसूची १ मा रहेका वस्तु तथा सेवाहरु मध्ये मूल्य अभिवृद्धि गणना गर्न नमिल्ने तथा प्राकृतिक व्यक्तिको आधारभूत आवश्यकतासँग सम्बन्धित बाहेक अन्य वस्तु तथा सेवाहरुलाई हटाउन आवश्यक देखिन्छ ।

२७. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची २ लगायतमा भएका सबै व्यवस्थाहरुको दुईअर्थी व्याख्या हुनसक्ने प्रावधानहरुलाई सरल बनाउन आवश्यक देखिन्छ । उदाहरणको लागि नेपालबाट बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा सम्बन्धी व्यवस्था ।

२८. नउठेको आसामीमा तिरिएको मूल्य अभिवृद्धि कर मिलान गर्न मिल्ने गरी आवश्यक कानूनी व्यवस्था थप गर्नु पर्ने देखिन्छ ।

२९. म्याद गुज्रेका सामानहरुमा दावी गरिएको मूल्य अभिवृद्धि कर क्रेडिटलाई स्वःघोषणाको आधारमा दावी गर्न दिने गरी मूल्य अभिवृद्धि कर कानूनमा आवश्यक संशोधन गर्नु पर्ने देखिन्छ ।

३०. हालको मूल्य अभिवृद्धि कर फिर्ता फाइलिङ प्रणाली मासिक स्वरूपमा मात्र उपलब्ध भएकाले करदाताले आफ्नो कर विवरण वर्षभरिको सारांश सजिलै हेर्न सक्दैनन् । मूल्य अभिवृद्धि कर फिर्ता फाइलिङ प्रणाली वार्षिक सारांश हेर्न मिल्ने गरी प्रणालीको विकास गर्न आवश्यक रहेको छ ।

अन्तः शुल्क ऐन, २०५८ मा गर्नुपर्ने संशोधन तथा सुधारहरु

३१. विलासिताका वस्तु तथा सेवा र जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने वस्तु तथा सेवामा बाहेक अन्यमा अन्तःशुल्क लाग्ने गरी भएका व्यवस्थाहरु संशोधन गर्नुपर्ने देखिन्छ ।

३२. बिक्री भएका सामानहरु फिर्ता भए पछि सो सामान बिक्री गर्दाको बखत तिरिएको अन्तःशुल्कको आवश्यक समायोजन गर्न दिने व्यवस्था गर्न आवश्यक देखिन्छ ।

३३. अन्तः शुल्क विवरण करदाताले स्व-प्रमाणीकरण गर्न मिल्ने व्यवस्था गर्ने ।

भन्सार महसुल दरसम्बन्धी सम्बन्धमा गर्नुपर्ने सुधारहरु

३४. कुनै पनि उद्योगले उत्पादन गर्ने वस्तुका लागि आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ सामग्रीको आयातमा लाग्ने भन्सार महसुल, त्यस्ता सामग्रीबाट उत्पादन हुने अन्तिम वस्तुको आयातमा लाग्ने भन्सार महसुलभन्दा एक तह कम हुनुपर्ने व्यवस्था गर्ने ।

अनुसूची

१. भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन

कृषि फर्मलाई व्यवसायी कृषि गर्न आवश्यक जग्गा उपलब्ध गराउनका लागि हदबन्दी नलाग्ने व्यवस्था गर्न भूमि सम्बन्धी ऐन, २०२१ मा निम्न बमोजिम संशोधन गर्नुपर्ने देखिन्छ ।

हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था	संशोधनको कारण
भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ : अधिकतम हदबन्दीमा छुट पाउने	दफा १२ मा देहायको खण्ड (झ) थप गर्ने: झ) कृषि तथा उद्योग गर्ने उद्देश्य सहित स्थापना भएको निकाय वा व्यक्तिले खरिद गर्ने कृषियोग्य जग्गा ।	कृषिको व्यवसायीकरणको लागि विद्यमान व्यवस्थाले बाधा पुऱ्याएको कारण संशोधन गर्न आवश्यक रहेको ।

२. व्यवसायिक कृषिमा कर छुटको लागि आयकर ऐन, २०५८ मा संशोधन

२.१.आयकर कानूनमा सुधार

कृषि आयमा संघीय सरकारले आयकर ऐन, २०५८ को दफा ११ (१) बमोजिम कर लाग्ने व्यवस्था गरेको र सोही आय प्रदेश सरकारको एकल क्षेत्राधिकारको विषय भएकोमा "आयकर" को एकल अधिकारको रुपमा संघीय सरकारले कर लिने र "कृषि आयमा कर" को एकल अधिकारको रुपमा प्रदेश सरकारले कर लिने विषयले करदातालाई करको दोहोरो भार परेको छ । यस्तो विषयमा करदातालाई दोहोरो भार नपर्ने गरी संघीय कानूनले कृषि आयमा आयकर छुट दिने वा प्रदेश तहमा तिरेको करलाई कर मिलान सुविधा दिने व्यवस्था गर्न आवश्यक देखिन्छ । आयकर ऐन, २०५८ को दफा १० मा वा अन्यत्र कतै आवश्यक व्यवस्था गरी सो आयमा कर नलाग्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । संघीय सरकारले कृषि आयमा आयकर ऐन, २०५८ बमोजिम कर लगाउने भएमा व्यवसायिक कृषि व्यवसायलाई आयकर छुट दिनको लागि आयकर ऐन, २०५८ मा निम्न बमोजिम संशोधन गर्नुपर्ने देखिन्छ:

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
आयकर ऐन २०५८ को दफा ११ को स्पष्टीकरण	(क) "कृषि व्यवसाय" भन्नाले सार्वजनिक वा निजी जमिनवाट बालीनाली उत्पादन गर्ने वा जमिन प्रयोग गर्ने मोहीवाट कूत वा बाली प्राप्त गर्ने व्यवसाय सम्झनुपर्छ ।	(क) "कृषि व्यवसाय" भन्नाले सार्वजनिक वा निजी जमिनवाट बालीनाली उत्पादन गर्ने वा जमिन प्रयोग गर्ने मोहीवाट कूत वा बाली प्राप्त गर्ने व्यवसाय सम्झनुपर्छ र शो शब्दले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (ग) बमोजिम वर्गीकरण गरिएका

हालको दफा	हालको कानूनी व्यवस्था	हुनुपर्ने कानूनी व्यवस्था
		कृषिसँग सम्बन्धित व्यवसायहरुलाई समेत जनाउँदछ ।
आयकर ऐन २०५८ को दफा ११ को उपदफा १	कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता भई गरेको कृषि व्यवसाय, तरकारीलाई डिहाइड्रेड गर्ने व्यवसाय वा कोल्डस्टोर व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत कर छुट हुने ।	कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता भई गरेको कृषि व्यवसाय, तरकारीलाई डिहाइड्रेड गर्ने व्यवसाय वा कोल्डस्टोर व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा लाग्ने करमा **शत प्रतिशत** कर छुट हुने ।

२.२. भन्सारमा सुधार

नेपालले आफ्नो हितलाई मध्यनजर गरी अन्तरदेशीय र क्षेत्रीय व्यापार सम्झौताका प्रावधानहरु पुनरावलोकन गरी नेपाल आत्मनिर्भर र सामर्थ्य रहेका नेपाली कृषि उत्पादन तथा उद्योगहरुको संरक्षण र बजार सुनिश्चित हुने वातावरण निर्माणका लागि विभिन्न कृषि उत्पादनहरुको भन्सार महशुल पुनरावलोकन गरी त्यस्ता कृषि उत्पादनको आयातमा उच्चतम दरमा भन्सार महशुल कायम गर्नुपर्ने देखिन्छ ।

२.३.वित्तीय श्रोत सङ्कलनको दायरा विस्तार

व्यवसायिक कृषि फर्महरुले जारी गर्ने हरित बन्ड खरिद गर्ने व्यक्ति/निकायलाई उक्त बन्डबाट प्राप्त आयमा कर छुट प्रदान गर्नको लागि आयकर ऐन, २०५८ मा संशोधन गर्ने ।